ISSN 2631-2298

nepal.ekantipur.com आइतबार • १४ असोज २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

हात बाँधिएका मुख्यमन्त्री

प्रदेश सरकारलाई उच्च नेतृत्वको उपेक्षा र कर्मचारीतन्त्रको असहयोग

CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर

लखपति एक्सप्रेस

शुरू हुनेछ अब, लखपति बन्ने होड़बाजी !

बम्परमा
१२ लाख
१ जनालाई

हरेक महिना
१ लाख
१ जनालाई

हरेक हप्ता
१० हजार
३ जनालाई

हरेक दिन
रू. २०० को रिचार्ज
१२ जनालाई

शर्तहरु लागू हुनेछन् ।

यो योजना असोज १ देखि मंसिर २९ गते सम्म लागू हुनेछ ।

जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस !!!

CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर

City Express Complex
Kamaladi, Kathmandu, Nepal
Ph: +977 1 4431900
Email: info@ctxpress.com

Toll Free: 16600 11 12 13
facebook.com/ctxpressmt www.ctxpress.com

GHORAHI CEMENT INDUSTRY

ISO 9001:2015
ISO 14001:2015
Certified Company

नेपाल गुणस्तर प्रमाण चिन्ह

सगरमाथा सिमेन्ट

जुनी जुनीलाई...

www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
यो बिशाल फ्याक्ट्री,
राष्ट्रकै सबैभन्दा ठूलो स्टिल फ्याक्ट्री
भनेर होइन, बनेर No.1, यो हो जगदम्बा स्टील्स
Nepal's Largest and No. 1 Steel Company
RHINO 500D
NS: 191
Fe 500D REBAR
JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
NS: 191
Fe 500 REBAR
JAGDAMBA STRUCTURAL
IS:2062
CM/L-4100003146
JAGDAMBA WIRE
NS:161
IS:280
CM/L-4100004451
JAGDAMBA BILLET
IS:2830
CM/L-4100003045

भित्र

आइतबार, १४ असोज २०७५ (वर्ष १९, अंक ९)
Nepal National Weekly, 30 Sep 2018 (Vol. 19, No.9)

हात बाँधिएका मुख्यमन्त्री २२

१०
प्रदेश २
संशोधनको च्याँखे

१२
सुप्पत बात
सुरेन्द्र लाभ

१३
प्रदेश ३
नाजुक नाका

१४
प्रहरी
अप्ठेरोमा अनुसन्धान

१८
संवाद
झलनाथ खनाल

२८
सरकार
हताश !

३२
अर्थ
सुस्त रफ्तार

३६
सम्पदा
सिमेन्ट नै किन ?

३८
समाज
रंगीन दुनियाँ, अँध्यारो जिन्दगी

४०
खेलकुद
झारा टार्ने लिग

- ४ चिठ्ठी
- ५ स्मरण
- ६ प्रवेश
- ८ परिहास
- २० टिप्पणी : सुदर्शन आचार्य
- ३० दृष्टिकोण : नन्दकुमार साह
- ३५ बजारमा
- ४३ रङ
- ४४ तीन किताब
- ४५ समीक्षा
- ४६ साहित्य
- ४८ प्रविधि
- ५० चित्रपट
- ५२ झल्याकझुलुक
- ५४ फिल्म
- ५५ अचानक
- ५६ नोटबुक

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **नारायण वाग्ले**, सहायक सम्पादक : **बसन्त बस्नेत** समाचार संयोजक : **सन्तोष आचार्य**, साहित्य/कला : **रमण घिमिरे**, वरिष्ठ संवाददाता : **राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा, जनक नेपाल, माधव बस्नेत** संवाददाता : **मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल**, अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त**, तस्बिर : **रवि मानन्धर** (संयोजन), **भास्वर ओझा**, सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी**, कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर**, मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ७ असोज २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

जनप्रतिनिधि नै दोषी

निवर्तमान प्रधानसेनापति राजेन्द्र क्षत्रीको कार्यकालमा नेपाली सेनाको दोहन भएको रहेछ *(बर्दीको बदनामी, ७ असोज)* । भनिन्छ- अहिले जनताको शासन छ । जनताको मतबाट चुनिएर आएका असली जनप्रतिनिधिले पनि निम्छरो कानुन बनाएर सेनाभित्रको भ्रष्टाचारलाई पूरै ढाकछोप बनाउने वातावरण बनाएका रहेछन् । देशको अन्तिम सुरक्षा कवच सेनाभित्र हुने भ्रष्टाचार र बदमासी रोक्न नियम कानुन बनाउने जिम्मा उनै जनप्रतिनिधिको होइन र ?

न्यायालय र सेनालाई बाहिरै राखेर अख्तियारको दुरूपयोग रोक्ने कानुनसम्म बनाउन नसक्ने जनप्रतिनिधिले गणतन्त्रको बखान गर्न सुहाउँछ ? लोकतन्त्र, गणतन्त्र जे-जे नाम दिए पनि सेनाभित्रको अनियमितता र भ्रष्टाचार खोतल्न संवैधानिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पहुँच रहेनछ । भूकम्पका कारण भीमकाय बजेट पाउँदै आएको जंगी अड्डाको सबै रकमको डाडुपन्यू निवर्तमान महारथीकै हातबाट चल्ने भइहाल्यो । अझ सरकारले सेनालाई व्यापारी, ठेकेदार, हातहतियार खरिदलगायतमा अर्बौं रकम दिइरहेको हुन्छ । त्यसबाट आउने मोटो कमिसनको हकदार पनि उनै क्षत्री भइहाले । जनप्रतिनिधिले नै कानुन बनाएर सेनालाई पारदर्शी बनाउनुपर्नेमा खुला छाडिदिएको परिणाम हो, महारथी क्षत्रीको आर्थिक अनियमितता ।

■ **अच्युत अमात्य**
कीर्तिपुर नगरपालिका, काठमाडौं

- निवर्तमान महारथी राजेन्द्र क्षत्रीको ४० वर्षको सैन्य जीवनमा एकपटक संयुक्त राष्ट्रसंघीय मिसन (यूएन) को मुख्यालय न्युयोर्कमा छँदाबाहेक अन्त कतै पनि आम्दानीको दर्बिलो स्रोत देखिँदैन *(अर्बपति महारथी, ७ असोज)* । २४ भदौ ०७२ देखि २३ भदौ ७५ सम्म प्रधानसेनापति भएपछि मात्र क्षत्रीले सम्पत्ति जोड्न थालेको प्रस्टै छ । ३ वर्षमै गरिब देशका महारथीको देखिने अचल सम्पत्ति अर्बौं पुगेको रहेछ भने चलसम्पत्ति कति होला ? सेवानिवृत्तअघि भएभरको श्रीसम्पत्ति जोडेर परिवार, आफ्नो र साझेदारका नाममा व्यवसाय चलाइरहेका क्षत्रीको शंकास्पद सम्पत्ति छानबिन गर्ने आँट गणतन्त्रकालमा हुँदैन भने यस्तो पनि जनताको शासन हो ?

■ **कृष्णप्रसाद खरेल**
धुलिखेल नगरपालिका, काभ्रे

निषेधको अन्तर्य

नेपाल भर्खरै संघीय शासन सञ्चालनको अभ्यासमा लागेको भए पनि यसका सञ्चालनकर्ताबीचको बुझाइमा मत मिलेजस्तो देखिएन *(मुख्यमन्त्रीलाई बालुवाटार निषेध !, ७ असोज)* । सिंहदरबारको शक्ति गाउँघरमा पुर्‍याउन संघीय शासन व्यवस्था लागू गरिएको हो । तर, सिंहदरबारको मुख्य शासकजस्तै गरी मिनी सिंहदरबार बनाउन चाहने प्रदेश सरकारका मुख्यमन्त्रीको शासकीय शैलीले अप्ठेरो स्थिति देखापरेजस्तो लाग्छ ।

प्रधानमन्त्री केपी ओलीले नै डाकेको अन्तरप्रदेश समन्वय परिषद्को बैठक आवश्यक तयारी नपुगेकाले स्थगित गरिएको भने पनि केन्द्र सरकार र प्रदेश सरकारबीचको 'सिंहदरबार' ले यसमा भूमिका खेलेको प्रस्टै छ । केन्द्रले अधिकार सुम्पिन आनाकानी गर्ने र प्रदेशले अधिकार माग्ने शृंखला चलिरहेपछि आफ्नै पार्टीका मुख्यमन्त्रीहरूलाई बालुवाटार प्रवेश निषेध गरिएजस्तो लाग्यो ।

■ **रामध्यान महतो**
लालबन्दी नगरपालिका, सर्लाही

पप्पु कन्सट्रक्सनको बदमासी

'क' वर्गको भए पनि गुणस्तरहीन र आंशिक निर्माणका लागि आलोचित बनेको पप्पु कन्सट्रक्सनले नेपालभर जिम्मा लिएका विभिन्न पुलपुलेसा निर्माण कार्यमा ढिलाइ र लापरवाही गरेको प्रस्टै देखियो *(टेन्डरकै हतारो, ३१ भदौ)* । निर्माण कम्पनीका मालिक तथा संघीय समाजवादी फोरमका सांसद हरिनारायण रौनियारले राजनीतिक आडमा मनपरी गर्दै आएको कहींकतैबाट छिपेको विषय रहेन ।

तराईमा मात्र नभई राजधानीका पनि ठूला आकारका निर्माणकार्यको ठेक्का लिएर समयमा पूरा नगर्ने प्रवृत्ति पप्पु कन्ट्रक्सनको रहेको देखियो । राजनीतिक आडभरोसाका कारण तीनकुनेस्थित बाग्मती नदीमाथिको पुल असारमै बनिसक्नुपर्ने भए पनि अहिलेसम्म २० प्रतिशत काम मात्र पूरा हुनुले लापरवाहीको संकेत हो । अहिले पप्पुले देशभर ३१ ठेक्का पाइरहेकामा कुनैमा पनि देख्ने गरी प्रगति छैन । निर्माण जिम्मा लिने तर समय अवधि सकिएसम्म पनि सिन्को नभाँच्ने प्रवृत्ति हटाउन सरकारले यस्ता कम्पनीमाथि डन्डा चलाउनैपर्छ ।

■ **ऋतिक यादव**
सिम्रौनगढ-१०,बारा

पाठक प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

पुष्पप्रेमी इन्द्रबहादुर राई

मैले इलाम हाइस्कुलमा कक्षा ७ को विद्यार्थी छँदा आईबी दाइलाई देखेको चर्चा गरिसकें । त्यही वर्ष आइतबारे र फिक्कलको बीचमा पर्ने करफोक विद्यामन्दिरमा प्रधानाध्यापक भएर दार्जिलिङबाट ल्याइएका थिए उनी । उतिबेला दार्जिलिङ मात्र नभएर आसामतिरबाट पनि ल्याइन्थे शिक्षक । इलाम हाइस्कुलमा आसामबाट ल्याइएका केशवलाल जोशी त्यसबेला प्रधानाध्यापक थिए ।

बैरागी काइँला

आईबीको भाषा-वैज्ञानिक अध्ययन र लेखनमा रूचि र ज्ञान दुवै थियो । महानन्द सापकोटासँगको संगतले त्यसो भयो होला भन्ठान्छु । उनले करफोकमा सन् १९५५ को आधाउधिसम्म काम गरेछन् । उसबेला नाम चलेका हास्यव्यंग्यकार अच्छा राई 'रसिक' र ऋषिहरूका देखासिकीमा मैले पनि हास्यव्यंग्यप्रधान कविता र लेख लेख्न कोसिस गरें । इलामबाट दार्जिलिङ पढ्न जानेहरूमा अग्निराज श्रेष्ठले *अञ्जली* पत्रिका निकाल्थे सन् १९५८ तिर । त्यही पत्रिकामा *आज रमिता छ* उपन्यास धारावाहिक रूपमा प्रकाशित हुन थालेको थियो ।

उनले विद्यार्थी काल (सन् १९४३-४४) देखि नै लेख्न थालेका रहेछन्, उपन्यास र नाटक । उनका रचना सन् १९५१ देखि नै *हाम्रो कथा*, *भारती*, *प्रभात*जस्ता पत्रिकाहरूमा छापिन थालेका रहेछन् ।

एउटै व्यक्तिभित्र सिर्जनशील लेखक, समालोचक र चिन्तक पाउनु कठिन हुन्छ । आईबी राई भने यी तीनै विधामा सशक्त कलम चलाउँथे । सधैं नयाँ कुरा सोचिरहने, साहित्यमा केही थोक दिन खोज्ने उनी महान् आख्यानकारका साथै समालोचक र उपल्लो तहका चिन्तक पनि थिए । ईश्वरवल्लभ र मैले दार्जिलिङे साहित्यमा नौलोपन ल्याउन जमर्को गर्‍यौं । मेरो कोठामा साहित्यिक कोठेगोष्ठी आयोजना गर्न थाल्यौं । तर, म र बल्लभ भने सधैंको आयोजक । यसै संस्थालाई 'कोठेगोष्ठी साहित्य प्रतिष्ठान' अनौपचारिक नाम दिएर नै चलायौं निकै वर्ष ।

फूलप्रेमी इन्द्रबहादुर राईसँग यसैको कार्यक्रमको निम्तोपत्र छाप्ने सिलसिलामा आशालच्छी प्रेसमा फेरि मेरो झल्याक्क भेट भयो । निकै पछि गणेशबहादुर प्रसाईले उहाँको तुङसुङ बस्तीको घरमा लगेर चिनाएका थिए । त्यसपछि भने उहाँसँग भेटघाटको क्रम बाक्लियो ।

तुङसुङ बस्तीको उहाँको घरका भित्तामा, भुइँमा, डिलमाथि र मुनि फूलका गमला देखिन्थे । उनी आँगनमा दरी बिछ्याएर त्यसमाथि किताब थुपारेर पढिरहेको भेटिन्थे कि फूलहरू स्याहारसुसार गरिरहेका हुन्थे । दाजुभाउजू दुवै फूलको पारखी र सोखिन । कुन फूलको नाम के हो ? जात के हो ? वर्ग के हो ? हामीलाई विस्तृत जानकारी दिनुहुन्थ्यो । दाइले एक दिन भन्नुभयो, "काइँला फूल भनेका नानीहरूजस्तै हुन् । नानीहरूलाई बरू स्याहार्नु सजिलो छ, फूललाई स्याहार्नु त्योभन्दा गाह्रो । तर, नानीलाई जस्तै मायाले र कोमलताले स्याहार्नुपर्छ है !"

कालेबुङका युसी प्रधानले धेरै वर्षको अध्ययन र अनुसन्धानपछि सुनाखरीको नयाँ प्रजाति फेला पारे । यसलाई आईबी राईले नयाँ नाम दिए । र, बेलायती 'द रोयल बोटानिकल हर्टिकल्चरल सोसाइटी' ले आईबीले गरेको आविष्कारलाई फालाएनोप्सिस इन्द्रबहादुर राई भनेर प्रमाणपत्रसहित मान्यता दिलाएर फूलप्रेमीका रूपमा सम्मान गरेको थियो । फूलप्रेमी आईबीका नाममा सुनाखरीको एउटा नयाँ प्रजातिले मान्यता पाएकामा समग्र नेपालीले गर्व र खुसी अनुभव गर्नु स्वाभाविक नै हो ।

कालान्तरमा उहाँको र मेरो सम्बन्ध भने साहित्यिकभन्दा पारिवारिक धेरै भयो । एकाघर-परिवारका दाजुभाइजस्ता पो बन्यौं । सर्जकको नाता होइन, हाम्रो त पारिवारिक नाता थियो ।

भाउजू मायादेवी राई क्षत्रीको देहावसानपछि अशान्त र विदग्ध मन भएका दाजु आईबी राईले घरको बरन्डामा भाउजूले स्याहारेका फूलका गमला हेर्दै लेखेको कविता, जहाँ इम्प्यासेन्स नामक फूल पनि थियो :

इम्प्यासेन्स बन्यो
सामान्य, तर असामान्य सुन्दर
मायाले जुन अतीव माया गर्थिन् ।
. . . .
जाँदा बेला पनि
इम्प्यासेन्स
तीन गमला
फुलाइराखिन्
आफ्नो घरमा ...

भाउजूको निधनपछि परिवारबीचमा पनि नितान्त एक्ला बनेका दाइले बरन्डामा भएका गमलामा फुलाइराखेको फूल बिजी लिज्जी अर्थात् इम्प्यासेन्सलाई स्याहार्दै भाउजूलाई सम्झिरहे । फूलसँग उनैलाई हामी एक्लै हुँदैनौं है, छिट्टै आउँछु भनिरहे, भनिरहे । र, उनी भाउजूसँगै गए ।

■ **प्रस्तुति : रमण घिमिरे**

प्रवेश

विदेशबाट

तस्करका सिकार नेपाली महिला



भारतको नयाँ दिल्ली केही वर्षयता मानव तस्करका लागि केन्द्रीय थलो बन्दै आएको छ । यौन व्यवसायका लागि सन् २०१५ देखि त्यहाँ पुर्‍याइएका महिलामध्ये ६० प्रतिशत नेपाली रहेको तथ्यांक बाहिर आएको छ । बाँकीमा ओमान, इरान, इराक, साउदी अरेबियालगायतका खाडी मुलुकका महिला रहेको देखिएको छ ।

०७२ को भूकम्पपछि घरबारविहीन बनेका महिला अचेल तस्करको निशानामा पर्ने गरेका छन् । राम्रो जागिर र सुखसयलपूर्ण जिन्दगीको प्रलोभन देखाई तिनलाई यौन व्यवसायमा लगाउनेको संख्या ठूलै छ ।

*इन्डिया टुडे*का लागि अजय कुमारले लेखेका छन्, 'यो समस्याको मुख्य कारण अशिक्षा र जनचेतनाको कमी हो । अधिकांश महिला आफूलाई कहाँ लगिँदैछ भन्ने थाहा नपाई तस्करका पछि लागेर आउँछन् । र, आइसकेपछि यही नै यिनको जीवनशैली बन्छ । यस जीवनशैलीबाट बाहिर निस्कन यिनलाई निकै गाह्रो पर्छ ।'

तस्बिरमा इतिहास

खर्पनमा बच्चा... ३ दशकअघि भक्तपुरमा खर्पनमा बच्चा बोकेर खेततिर जाँदै एक स्थानीय

साताका चर्चित



किशोर राना
फिल्म निर्देशक

फिल्म उद्योगमा योगदान पुर्‍याएबापत एलजी सिने सर्कल लाइफटाइम अचिभमेन्ट अवार्ड पाएकाले ।

सुरेन्द्र अधिकारी
नेपाली वैज्ञानिक

अमेरिकी अन्तरिक्ष संस्था (नासा) ले पृथ्वीमा रहेको हिउँको अवस्थाबारे अध्ययन गर्न प्रक्षेपण गरेको भूउपग्रह निरीक्षण गरेर फर्किएकाले ।

शिवम अधिकारी
फिल्म निर्देशक

उनको चलचित्र *पञ्चायत* नेपालका तर्फबाट ओस्कार विदेशी भाषा फिल्म क्याटेगोरीमा पठाइएकाले ।

प्रकाशराज पाण्डे
पर्वतारोही

नेपाल पर्यटन वर्ष-२०२० को प्रवर्द्धनका निम्ति सगरमाथा आरोहण गरेकाले ।

सोझै | रवीन्द्र मानन्धर

तथ्यचित्र | संगठित अपराधमा कुन देश कतिऔँ स्थानमा ?

स्रोत : वर्ल्ड इकोनोमिक फोरम

सुर बेसुर

यो संविधान मान्य छैन भनेर केही मधेसकेन्द्रित दलहरूले जनतामा भ्रम छरिरहेका छन् । मधेसी जनताको भावना विपरीत उनीहरूले दोहोरो चरित्र देखाइरहेका छन् । यही संविधान अनुसार चुनावमा भाग लिने, सबै लाभका पद लिने, स्थानीय र प्रदेश सरकार बनाउने अनि कालो दिवस भन्ने ?

विमलेन्द्र निधि
उपसभापति, नेपाली कांग्रेस
अनलाइनखबर

सुरेश किरण

प्रधानमन्त्रीको पनि उही दु:ख

निर्मला हत्याकाण्ड अब प्रहरी वृत्तमा मात्र सीमित रहेन । गृह मन्त्रालयमा मात्र पनि सीमित रहेन । अब यो प्रधानमन्त्री कार्यालय र राष्ट्रपति कार्यालयमा समेत पुगिसकेको छ । अब प्रश्न प्रहरी प्रमुखमाथि मात्र केन्द्रित छैन । प्रश्न सरकार प्रमुखमाथि पनि केन्द्रित हुन पुगेको छ ।

अस्ति निर्मलाका मातापिता काठमाडौं आए र बालुवाटार गएर प्रधानमन्त्रीलाई सोधे, "हाम्री छोरीको हत्यारालाई कहिले समाउने प्रधानमन्त्रीज्यू ?"

अब विचरा प्रधानमन्त्रीले के जवाफ दिने ? प्रधानमन्त्री हुंदैमा हत्यारा समाउन सकिने त होइन नि ! कुनै बेला उहांको आफ्नै पार्टीका महासचिवको पनि हत्या भएको थियो । त्यो बेला आन्दोलन योभन्दा पनि चर्को थियो । हत्यारालाई बाहिर ल्या भनेर कति जुलुस गरियो कति । तर, खोइ ! आज आफैं प्रधानमन्त्री हुंदा पनि हत्यारा पत्ता लगाउन सकिएको छैन ।

राष्ट्रपतिको पनि त्यही अवस्था हो । प्रधानमन्त्रीका कुनै बेलाका महासचिव राष्ट्रपतिका पति हुन् । खोइ ! आज उहां आफैं राष्ट्रपति हुंदा पनि हत्यारा पत्ता लगाउन सकिएको छैन ।

जसले आजसम्म आफ्नै पार्टीको नेता मार्ने हत्यारा त समाउन सकेको छैन, उसले जनताका छोरी मार्ने हत्यारालाई कहिले समाउने हुन् खोइ ! हामी ठान्छौं, प्रधानमन्त्रीलाई भनेपछि हत्यारा पत्ता लागिहाल्छ । तर, प्रधानमन्त्रीले आजसम्म आफ्नै नेताको हत्यारा पत्ता लगाउन नसकेको दु:ख कसलाई थाहा !

बालुवाटार खोज्दै अरिंगालहरू

मेरो घरको सामुन्नेमै छ एउटा ठूलो भोगटेको रूख । र, त्यही रूखको करिब बीचमै छ एउटा अरिंगालको गोलो । पहिले त त्यो गोलोतिर मेरो त्यति ध्यान पनि गएको थिएन । तर, जसै प्रधानमन्त्री केपी शर्मा ओलीको अरिंगालवाला अभिव्यक्ति आयो, त्यसपछि भने मैले पनि सरकारको आलोचना गर्न छाडें । कसरी आलोचना गर्नु, अरिंगालको गोलो जो घरसँगै छ !

तर, हिजोचाहिं फेरि अचम्मै भयो । म बिहान उठ्नै पाएको थिइनँ, ढोकामा कसैले ढकढक्याएजस्तो लाग्यो । सुरुमा त ध्यान दिइनँ । तर, धेरै बेर नै ढकढक्याएपछि मैले सोधें, "को हो ?"



बाहिरबाट जवाफ आयो, "अरिंगाल ।"

हं ! म झस्कें । प्रधानमन्त्रीको आलोचना गर्न त छाडी नै सकेको थिएँ । तैपनि, अरिंगाल किन आएछ मेरो घरमा ! म प्रश्नको उत्तर खोज्दै थिएँ । अरिंगालकै तर्फबाट कुरा आयो, "हामी तपाईंसंग एउटा कुराको सल्लाह गर्न आएको । अन्यथा नलिनुहोला ।"

मसँग अरिंगालले के सल्लाह लिनु ? बिस्तारै ढोका खोलें, बाहिर अरिंगालै अरिंगाल थियो । भुनभुन आवाज आएको आयै । "के सल्लाह ?" मैले भित्रैबाट सोधें ।

कालो खाले एउटा अरिंगाल सामु आयो । र, भन्यो, "यो बालुवाटार कहां छ ?"

"बालुवाटार ? किन ?"

अरिंगालले भन्यो, "हामीले सुन्यौं कि बालुवाटारमा बस्नुभएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई अहिले केही अरिंगालको खाँचो परेको रहेछ । हामी सहयोग गर्न चाहन्छौं ।"

सहयोग ? त्यो पनि अरिंगालबाट ? अब एउटा प्रधानमन्त्रीजस्तो मान्छेलाई अरिंगालले के सहयोग गर्ने ?

सायद मेरो मनमा उठेको प्रश्न थाहा पाएर होला, अरिंगालले भन्यो, "हामीले बुझे अनुसार यतिबेला उहां अरूको होइन, हामी अरिंगालको सहयोग चाहिरहनुभएको छ । हाम्रो सहयोग मिल्यो भने सायद उहाँले देख्नुभएको समृद्धिको सपना पनि पूरा हुन्छ होला । मुलुकको समृद्धिका लागि पूर्ण रूपमा सहयोग गर्न हामी अरिंगालहरू तयार छौं ।"

अरिंगालको सहयोगी भावना देखेर उनीहरूलाई बालुवाटारतिरको बाटो नदेखाई म बस्न सकिनं । अरिंगाललाई बालुवाटार देखाएर मचाहिं पुनः ओछ्यानतिरै लागें ।

अब चिनियाँ बन्दरगाह पनि

अब हामीले चीनको बन्दरगाह पनि प्रयोग गर्न पाइने भएपछि बहुत खुसी छाएको छ । कारण के भने आजसम्म हामी भारतको बन्दरगाह मात्रै प्रयोग गर्दै आइरहेका थियौं । अब चीनको बन्दरगाह पनि प्रयोग गर्न पाइने भएपछि संसारको कुनै पनि देशबाट सामान ल्याउन पाइने भयो ।

वास्तवमा अब भारतको बन्दरगाहमाथि मात्र भर परेर नहुने अवस्था पनि हामीसामु आइसकेको छ । समय जो बदलिसक्यो नि । सबैलाई थाहा भएकै कुरा हो, नेपालका लाखौं युवाहरू वैदेशिक रोजगारीका क्रममा विदेशमा छन् । युवाहरू विदेश गएपछि उनीहरूले रेमिटेन्स पठाउँछन् । अहिले देशमा रेमिटेन्स आउने क्रम बढेको बढ्यै छ । कहिलेकाहीं यस्सो घटेको जस्तो देखिन्छ । तर, पछि फेरि बढिहाल्छ । रेमिटेन्स बढेपछि विदेशी सामानहरू किन्ने क्षमता पनि बढ्ने नै भयो । अहिले हामीसँग विदेशी सामान किन्ने क्षमता ह्वात्तै बढेको छ । यति बढेको छ कि अब विदेशी सामान भारतबाट मात्र झिकाएर त पुग्दै पुग्दैन । चिनियाँ बन्दरगाहबाट पनि झिकाउनुपर्ने अवस्था छ । यदि चिनियाँ बन्दरगाहबाट समेत सामान नझिकाउने हो भने विदेशी सामान किन्ने हाम्रो क्षमता धान्नै नसकिने हुन सक्छ । हाम्रो त्यही क्षमतालाई बुझेर चिनियाँ बन्दरगाहबाट पनि सामान झिकाउन पाउने जो व्यवस्था हालै भयो, त्यो साह्रै सराहनीय, सान्दर्भिक र समयसापेक्ष छ । यदि अहिले नै त्यसो गरिएन भने हाम्रो त्यो क्षमतामा ह्रास पनि आउन सक्छ । ह्रास आयो भने समृद्धि कसरी हुन्छ ?

मौलिकतावाद जिन्दावाद !

[झटारो]

लक्ष्मण गाम्नागे

हाम्रो काठमाडौँ सहरको मौलिकता अलग्गै छ । अनौठो छ । विकासका नाममा यसको मौलिकता नष्ट गर्न केही तत्वहरू जगमगाएका छन् । सावधान ! हामी सबै मिलौं र यस प्राचीन सहरको मौलिकतालाई जोगाऊँ । मौलिकता मास्न खोज्नेहरूलाई रोकौं । हामी आफ्ना छोराछोरीहरूलाई युरोप, अमेरिकातिर पठाएर फुर्सद निकालौं । र, सबै जुटेर हाम्रो सहरको मौलिकता र सम्पदा जोगाउन ठूलाठूला पाँचतारे होटलहरूमा यसरी नै निरन्तर अंग्रेजी गोष्ठीहरू गरौं ।

उपत्यकाका भित्री सहरका पुराना घरहरू पहिल्यैदेखि लड्न तयार थिए । गएको महाभूकम्पले तिनीहरूलाई हल्लाएर धराप बनाएको हुँदा टेको लगाएर अड्याइएका छन् । टेको परम्परालाई टिकाइराखौं, ती घरहरूलाई भत्काउन नदिऊँ । यी घरहरू देउताका पालामा बनेका हुन्, नगरपालिकाले लडाउन पाउँदैन भनौं । काष्ठमण्डप र धरहराहरू लडाएजस्तै ती घर लडाउने अधिकार भगवान्लाई मात्र छ भनौं ।

देउताका पालामा बनेका प्राचीन बस्तीहरूमा हाउस पुलिङ गरेर, हाम्रा प्रिय अँध्यारा गल्लीहरूलाई फराक बनाउन खोज्नु ध्वंसात्मक कार्य हो । ती गल्ली र चोकहरूमा एम्बुलेन्स र दमकलहरू छिराउन खोज्नेलाई त्यहां छिर्न निषेध गरौं । त्यहांका ओस्सिएका छिंडीमा हावा हुल्न खोज्नेहरूको सातो उडाऊँ । त्यस्ता घरहरूभित्र बस्ने नागरिकलाई आधुनिक र सुविधासम्पन्न घरमा बसेर लामो सास फेर्ने इच्छै छैन भन्ने प्रमाणित गर्न अर्को पनि सर्वेक्षणको नतिजा प्रकाशन गरौं । हाम्रा लागि सांघुरा गल्ली र टेकोका धरापहरू प्रिय छन् भनौं । सहरका माझमा किन चाहियो खुला ठाउँ ? किन चाहियो रूख-बिरुवा ? किन चाहियो ताल-पोखरी ? फेरि भूकम्पहरू आए कुद्छन् नि जनता टुँडिखेलतिर । नब्बे सालमा पनि कुदेकै हुन्, त्योभन्दा पहिला-पहिला पनि कुदेकै हुन् ।

रानीपोखरीलाई हामी सबैले मिलेर नर्कटपोखरी बनाइसकेका छौं । अब प्रताप मल्लले बनाएको जस्तो मात्र हैन, उनले पोखरी बनाउनुभन्दा अगाडि त्यो ठाउं कस्तो थियो, त्यस्तै बनाउनुपर्छ भनेर अड्डी कसौं । धरहराको विषयमा त्यो कसले, कसरी बनाउने भन्ने टुंगो लागेको छैन । टुंगो लागेपछि त्यसलाई पनि रानीपोखरीकै गतिमा पुऱ्याउनुपर्छ । कंक्रिटमा केही करोड रकम सत्यानाश भएपछि चुन, सुर्की र चाकुको कुरा चर्काउनुपर्छ । भीमसेन थापासँग अनुमति लिएर बनाउने भए बनाऊ नत्र बनाउन पाइँदैन भन्नुपर्छ ।

पशुपति क्षेत्रमा पनि गडबडी सुरु भएको छ । त्यहाँको मौलिकता कायम राख्न पनि हामीले कुनै कसर बाँकी राख्नुहुँदैन । बाँदर, गाईवस्तु र कुकुरका दिसापिसाब कुल्चिंदै नाक थुनेर हिंड्नु त्यहांको मौलिकता हो । त्यसलाई कायम राख्नुपर्छ । त्यहां सरसफाइ गर्न, बाटाहरू राम्रा र आकर्षक बनाउन दिनुहुँदैन । मन्दिर र मन्दिर परिसरहरूलाई पनि धेरै सफा गर्न, घोट्न, पखाल्न वा टल्काउन दिनुहुँदैन । मौलिकता नाश हुन्छ । त्यहां बगैंचा बनाउने कुरा पनि हुँदैछ, बगैंचाको के काम त्यहां ! त्यहां त गाई, गोरू, साँढे र कुकुरका हूलहरू जतातते फैलाएर पशुपति क्षेत्रलाई पशुहरूकै बासस्थान बनाउनुपर्छ । अझ परम्परादेखि केही वर्ष अघिसम्म निर्बाध रूपमा चलिआएको खुला दिसापिसाबको परम्परालाई ब्यूंताउन सके भनै यसको मौलिकता फर्किनेछ ।

जेहोस्, जसरी पनि सहरको मौलिकता कायम राख्नैपर्छ । यसको मौलिकता कायम राख्दै हामी मौलिकतावादीहरू भने अलि परपर खुला ठाउँतिर बसाइं सर्दै जानुपर्छ । मौलिकतावाद जिन्दावाद !

अजित

संशोधनको च्याँखे

सत्तासीन भएर पनि संविधानको विरोध गर्ने मधेस केन्द्रित दलहरूको दोहोरो चरित्र

अजित तिवारी/जनकपुर

संविधान दिवसको विरोध गर्ने कि समर्थन ? मधेसवादी दल संघीय समाजवादी फोरममा दुई धार देखिएपछि १ असोजमा पार्टीले विज्ञप्ति नै निकाल्नुपर्‍यो । 'संविधान संशोधनबाट कमी-कमजोरी सच्याइने र सरकार संविधान संशोधन गर्न सहमत भएकाले कालो दिवस मनाउने र त्यसमा सहभागी हुने कुनै निर्णय नभएको' भन्दै फोरमका उप-महासचिव प्रकाश अधिकारीले विज्ञप्ति नै निकाले ।

फोरमको प्रदेश २ की इन्चार्ज रेणु यादवले संविधान दिवसलाई कालो दिन भनेर मनाउने अर्को विज्ञप्ति निकालेपछि त्यसलाई थामथुम पार्न पार्टी अध्यक्ष एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादव आफैं मधेस झर्नुपर्‍यो । विराटनगर विमानस्थलमा यादवलाई सञ्चारकर्मीले पहिलो प्रश्न पनि यही तेर्साए, "संविधान दिवस मनाउने कि विरोध गर्ने ?"

यादवले स्पष्टीकरण दिने प्रयास गरे, "संविधान निर्माणको समयमा गुनासा र फरक मत यथावतै रहे पनि अब संवैधानिक प्रक्रियाबाट समाधान हुनेछ । संविधान दिवसमा विरोध गर्दैनौं ।" यादवलाई प्रेससँग बोलेर मात्र पुगेन, सप्तरी पुगेर रेणु यादवकै उपस्थितिमा 'फोरमले न संविधान दिवस मनाउँछ, न त विरोध गर्छ' भन्नुपर्‍यो ।

प्रदेश २ को सत्ता साझेदार राष्ट्रिय जनता पार्टी (राजपा) ले ३ असोजलाई विरोध दिवस मनाउने निर्णय गरेपछि फोरमलाई दबाब परेको थियो । तर, सत्तामा पनि रहने र संविधानको विरोध पनि गर्ने दोधारे चरित्रबाट बच्न फोरमले संविधान दिवसमा तटस्थ रहने रणनीति तय गर्‍यो । संघीय (केन्द्रीय) सरकारलाई समर्थन र प्रदेश २ मा आफ्नै सरकार हाँकिरहेको राजपाले भने प्रदेशका मन्त्री र शीर्ष नेतालाई मधेसमै खटायो, संविधानको विरोध गर्न ।

मधेसको असन्तुष्टि र माग नसमेटिएको भन्दै राजपाले संविधानको पुनर्लेखनसम्मको माग गर्दै पछिल्लो दुई वर्ष ३ असोजलाई 'कालो दिवस' कै रूपमा मनायो । सत्तामा रहेकाले कालो दिवसलाई विरोध दिवसको आकार दियो । अहिलेको संविधानलाई टेकेर तीन तहको निर्वाचनमा सहभागी राजपालाई

पनि संविधानको विरोध गर्नु फलामको चिउराजस्तै बनेको छ ।

मधेस मामिलाका जानकार विजयप्रसाद मिश्र सत्तामा पनि बस्ने र संविधानको पनि विरोध गर्न नसुहाउने बताउँछन् । भन्छन्, "राजपा संविधानमा टेकेरै सत्तामा पुगेको हो," मिश्र थप्छन्, "पूरै संविधानको विरोध गर्नुभन्दा कुन-कुन बुँदामा चित्त बुझेको छैन, त्यो भन्नुपर्छ।" उनले ०४७ मा जारी गरिएको संविधानको उदाहरण पनि दिए । त्यतिबेला पनि नेपाल सद्भावना पार्टीले संविधानको आलोचनात्मक समर्थन गरेको थियो । नेकपा एमालेले पनि पूर्ण समर्थ गरेको थिएन । मिश्र भन्छन्, "संविधान आफैँमा परिवर्तनशील हुन्छ । कालो दिवस मनाउनुभन्दा यो-यो धारामा संशोधन गर्नुपर्छ भनेर अडान राख्नुपर्छ ।"

राजपाले ३ असोजमा विरोध प्रदर्शन र विरोधसभा, त्यही साँझ ब्ल्याकआउट र विरोधका अन्य कार्यक्रम गऱ्यो । राजपाका केन्द्रीय प्रवक्ता कृष्णा सिंह भन्छन्, "३ असोज मधेसका लागि कालो दिन नै हो । संविधानप्रति असन्तुष्टि जनाउँदै सडकमै उत्रिएर विरोध गर्दा पनि हाम्रो सुनुवाइ भएन । मधेसीको टाउको र छातीमा गोली हान्दै संविधान जारी गरियो । त्यसैले त्यो दिन हाम्रो लागि कालो दिन नै हो ।"

असहमतिको स्वर

१८ जेठमा संविधान संशोधनसँग सम्बन्धित बुँदामा हस्ताक्षर गर्दै फोरम संघीय सरकारका साझेदार बन्यो । मुख्य एजेन्डा संविधान संशोधनको प्रक्रिया लम्बिँदा मधेसमा असन्तुष्टि र आक्रोश दुवै छ । संशोधनका लागि दुई तिहाइ पुगोस् भनेर दुवै मधेसवादी दल फोरम र राजपा केन्द्रीय सरकारलाई समर्थन गरेको दाबी गर्छन् । तर, मधेसमा संविधान संशोधनको मुद्दालाई अलगाववादी सीके राउतले पनि मलजल गरिरहेका छन् ।

विश्लेषक मिश्रले भनेझैँ संविधानमा कुन-कुन बुँदामा असहमति छ ? राजपाका प्रवक्ता सिंहले प्रस्ट्याए । पहिलो, नागरिकता समस्यामा संविधान प्रस्ट बोलेको छैन । दोस्रो, प्रदेशको सीमांकन चित्तबुझ्दो छैन । तेस्रो, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तोकिएन । चौथो, देशको हरेक अंगमा समानुपातिक-समावेशी प्रतिनिधित्व अझै भएन । पाँचौं, नेपाली सेनामा मधेसीको समूहगत प्रवेश छैन । राजपा प्रवक्ता सिंह यही कारण संविधानलाई मधेसले नस्वीकारेको दाबी गर्छन् ।

जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता पाउनुलाई मधेसमा ठूलो मुद्दा बनाइएको छ । २ भदौमा प्रदेशसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले 'नागरिकताको विषयमा मधेस अलि बढी सेन्टिमेन्टल' बनेको बताउँदै हरेक नेपाली नागरिकले नागरिकता पाउने बताएका थिए । संविधानलाई धर्मशास्त्र नबनाइएको भन्दै संशोधनका लागि तयार रहेको उनको भनाइ थियो । संघीय सरकारले नागरिकताको जटिलताको गाँठो फुकाइसकेको छ । यद्यपि, मधेसमा असन्तुष्टि कायमै छ ।

मधेसको असन्तुष्टि मधेसकै प्रदेशसभामा आएर थामथुम पार्ने प्रयास गरेका थिए, प्रधानमन्त्री ओलीले । मधेससँग मिलेर आफू विकासपथमा अगाडि बढ्न तयार रहेको संकेत पनि गरेका थिए । मधेसको राजनीतिक मुद्दाभन्दा विकासलाई प्राथमिकतामा राखेका ओलीले मधेसी फकाउन विकास निर्माणमै जोड दिए । ०७२ मा संविधान जारी गर्ने बेलामा आन्दोलन चलिरहेका बेला ओलीलाई मधेस प्रवेशमै रोक लगाएका फोरम र राजपाको प्रदेश सरकारले नै उनलाई आमन्त्रित गरेको थियो ।

एजेन्डाविहीन राजनीति

२८ वैशाखमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरमा गरिएको अभिनन्दन समारोहमा प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले नेपालको संविधान विभेदकारी रहेको बताउँदा राजनीतिक वृत्तमा तरंग छायो । विदेशी राष्ट्रप्रमुखअगाडि घरको समस्या राखेको भन्दै मुख्यमन्त्री राउतको आलोचना पनि भयो ।

हिन्दी भाषामा लिखित भाषण पढेका मुख्यमन्त्री राउतले संविधान संशोधनप्रति सरकार अझै गम्भीर नरहेको र मधेसको समस्या नसुल्झिएको सन्देश भारतका प्रधानमन्त्री मोदीको कानसम्म पुऱ्याउन खोजे । संविधान जारी हुने बेलामा भारतको नाकाबन्दीसम्मको सहयोग पाएका मधेसवादी दल मोदीको सीधै जनकपुर भ्रमणले आफ्नो मुद्दा अन्तर्राष्ट्रियकरण गर्ने दाउमा थिए । तर, मोदीले आफ्नो मन्तव्यमा राजनीतिलाई घुसाएनन् ।

बरु त्यसको २० दिनपछि १८ जेठमा मुख्यमन्त्री राउतकै दल फोरम संघीय सरकारको अंग बन्यो । पार्टी अध्यक्ष उपेन्द्र यादव उप-प्रधानमन्त्रीसहित स्वास्थ्यमन्त्री बने । सरकारमा सहभागी हुने सर्त उही राखियो, संविधान संशोधन ।

मधेसवादी दलसँग संविधान संशोधन बाहेकका राजनीतिक एजेन्डा छैनन् । यही एजेन्डामा उनीहरू आफ्नो सत्ता र मतदाता दुवैतिर नजर लगाएका छन् । प्रदेश २ मा आफ्नै सरकार रहे पनि मधेसवादी नेताहरूले हरेकजसो भाषणमा विभेद कायमै रहेको बताउँछन् । ०६४ को अन्त्यतिर सुरु भएको मधेस आन्दोलनले राजनीतिक उपलब्धि दिए पनि मधेसको विकास सूचकांक कर्णालीभन्दा पछाडि छ । ने

नेताजीको मनोवृत्ति

[सुप्पत बात]

सुरेन्द्र लाभ

एयरपोर्टको भीआईपी कोठामा एक नेता भित्र छिर्न खोज्दा सुरक्षाकर्मीले सोधे, "हजुर को ?"

"थाहा छैन ? म पूर्वसांसद ।" रिसाएर जवाफ दिँदै उनी भित्र छिरिहाले । विचरा, सुरक्षाकर्मी लाचार । न केही गर्न सके, न त केही भन्न सके । उनी भीआईपीभित्र पर्छन्-पर्दैन भन्ने प्रश्न यहाँ महत्त्वपूर्ण होइन । सुरक्षाकर्मीले रोक्न सक्थ्यो अथवा भित्र छिरेर कोठाबाहिर निकाल्न सक्थ्यो, नेताजीलाई त्यो प्रश्न पनि उल्लेखनीय होइन । प्रश्न नेताजीको मनोवृत्तिको हो । उनी त पूर्वसांसद । झन् वर्तमान सांसद अथवा मन्त्रीको स्थिति कस्तो होला ! भन्नै पर्दैन, सबैको मनोवृत्ति उस्तै छ यहाँ ।

स्थिति अर्को । कुनै पनि कार्यक्रममा थुप्रै मन्त्रीहरूलाई बोलाइएको हुन्छ । यस्ता कार्यक्रममा एउटा दृश्य आम छ । मन्त्रीज्यू अथवा कुनै ठूलै नेताजी हलभित्र प्रवेश गर्नुहुन्छ । उहाँ न दायाँ हेर्नुहुन्छ, न त बायाँ । र, सीधा गएर स्वयंलाई मञ्चमा विराजमान गराउनुहुन्छ । कार्यक्रम सञ्चालकलाई कहिलेकाहीँ हम्मेहम्मे भइहाल्छ, व्यवस्था मिलाउन । प्रधानमन्त्री पनि आउने त्यो कार्यक्रममा मन्त्रीको स्थान मञ्च तल नै निर्धारित थियो । तर, मन्त्रीजी माथि नै आइहाल्नुभयो, अब के गर्ने ? आसन ग्रहणका लागि आग्रहपछि मात्रै मन्त्रीजी मञ्चमा आउने आशय राखेका सञ्चालकलाई टाउको दुख्न थाल्छ, अब के भन्ने ?

यस्ता अनेक दृश्यहरूमा गजबको एकरूपता छ । काठमाडौंबाट यस्ता दृश्यहरूको प्रारम्भ भयो । तर, आजभोलि विराटनगर, जनकपुरधाम, हेटौंडा, बुटवल, पोखरा, सुर्खेत, धनगढी सबैतिर यस्तै देखिन्छ । यस्ता दृश्यको सन्दर्भमा पहाड र मधेसमा भिन्नता छुट्याउन मिल्दैन । राजनीतिक दलहरूमा पनि कुनै भिन्नता छैन । नेकपा, नेपाली कांग्रेस, मधेसकेन्द्रित दल, राप्रपा सबै बराबर । कालको आधारमा पनि स्थिति उस्तै देखिन्छ । राणाकाल, पञ्चायतकाल, कांग्रेसीकाल, कम्युनिस्टकाल सबैमा यस्तै दृश्य देखिए । यो सर्वकालिक, सर्वदलीय, सर्वप्रदेशीय शाश्वत दृश्य हो ।

किन एक जना जनप्रतिनिधि अथवा नेता आफूलाई भीआईपी ठान्छन् ? आम जनता बस्ने ठाउँमा किन उनी बस्न चाहँदैनन् ? जनताकै माझबाट बनेका नेता किन जनताबाट टाढा बस्न चाहन्छन् ? के आमजनबीच बस्दा उनलाई कुनै सुरक्षा चुनौती हुन्छ ? अथवा, भीआईपी स्थानमा बस्दा आम जनताको नजरमा विशिष्ट हुन्छन् ? के जनताको मनोविज्ञान यस्तै हो ? नेताकै मनोविज्ञान आफूलाई फरक र महत्त्वपूर्ण देखाउने खालको हुन्छ ? यस्ता अनेक प्रश्न छन् ।

यस्तै मनोभाव एक जना मन्त्रीसँग राख्दा उनले आफ्नो विचार पोखे, "होइन, यो जनता पनि गजबको हुँदो रहेछ । म आफ्नो जिल्ला जाँदा सबैसँग हात मिलाउने गर्छु । कम्युनिस्ट भएको हुनाले हाम्रो सुरुदेखिको प्रशिक्षण यस्तै छ । तर, मेरा प्रतिद्वन्द्वी कांग्रेसी नेता त्यहाँ जाँदा कसैसँग मित्रवत व्यवहार गर्दैनन् । सामन्तजस्तो व्यवहार गर्छन् । टाढैबाट सबैलाई 'के छ भाइ ?' भन्छन् । अनि, सबैले उनलाई टाढैबाट 'नमस्कार हजुर, नमस्कार हजुर' भन्दा रहेछन् । र, ठूलै नेता मानेर उनका पछि लाग्छन् । हात मिलायो कि 'भ्यालु' खत्तम ।' जीवनको अन्तिम चरणमा आइपुगेका नेताजीको अनुभव त गजबको थियो । के नेताजीहरू यस्तै मनोभावका कारण जनतासँग घुलमिल गर्न चाहँदैनन् ?

यहाँ चेतना र संस्कार दुइटा कुरा देखिन्छन् । चेतनाको स्तर माथि भएको जनताको चाहना 'जनता र नेताबीचको अन्तराल हटाउने' खालको छ । यो स्वाभाविकै हो । जतिजति चेतना बढ्दै जान्छ, यस्तो भावको विकास हुँदै जान्छ । अर्को, नेताजीको संस्कारको विषय छ । राणाकालदेखि नै नेपालमा मन्त्री भनेको ठूलो हो । सेवक होइन, शासक हो भन्ने बुझाइको विकास भयो । पञ्चायतकालमा राजाको हालीमुहालीमा पल्लवित-पुष्पित नेताहरू झन् ठूला भइदिए । जनता एकातिर, नेता अर्कोतिर । राणाकालमा पनि राजा थिए र पञ्चायतकालमा पनि । त्यसैले राणाकालीन संस्कारबाट सबैजसो नेता ग्रसित भए । नेपाली कांग्रेस ठूलै संघर्ष गरेर सत्तामा पुगेको थियो । तर, नेताहरूले उही राणाकालीन पञ्चायती संस्कार जानी-नजानी अवलम्बन गरे । त्यस्तै, एमाले जनतालाई संगठित गर्दै सत्तामा पुग्यो । तर, नेताहरूमा राणा-पञ्चायत-कांग्रेस सबैको संस्कार प्रवेश गऱ्यो । माओवादीहरू दसवर्षे जनयुद्ध लडे र जनताकै घरदैलोमा बसेर जनताकै जनजीविका तथा अधिकारको कुरो उठाएर सत्तामा पुगे । तर, आश्चर्यको कुरो के भयो भने उनीहरू पनि सत्तामा पुग्नासाथ राणाकालीन-पञ्चायती-कांग्रेसी संस्कार देखाइदिए । क्रमभंग भएन ।

आम जनतामा गणतन्त्र र संघीय नेपालको अनुभूति न संविधानबाट हुन्छ, न त ठूलाठूला दर्शनबाट । नेताजीहरूको विनम्र व्यवहार र जनतासँग घुलमिल गरेर बस्ने बानीबाट धेरै हदसम्म जनताको मन जित्न सकिन्छ । मन जित्नलाई ठूला गाडी, सुरक्षाकर्मीको लस्कर, कार्यकर्ताको हूल, खास ड्रेस, दम्भी स्वभाव, सर्वज्ञानी चरित्र केही चाहिँदैन । बस्, 'मोहिनी एक मन्त्र है, तजिदे हृदय कठोर ।' ने

नाजुक नाका

अन्तर्राष्ट्रिय नाकामा पूर्वाधार अभाव

बलराम

^ रसुवागढी नाका

बलराम घिमिरे/रसुवागढी (रसुवा)

पारिपट्टि चिनियाँ भूभागमा आधुनिक भवन, दुई लेनको कालोपत्रे सडक छन्, अध्यागमन र भन्सारका भवनमा आधुनिक उपकरण जडान भएका छन् । वारि नेपाली भूभागमा उताको ठीकविपरीत । पानी पर्दा पहिरो, घाम लाग्दा धूलो उड्छ । हावा चल्दा माथिबाट ढुंगा खस्छ ।

नाकामा प्रहरीले टहराबाट सुरक्षा जाँच गर्छन् । भन्सार कर्मचारी सीमाभन्दा डेढ किमि टाढा टिमुरेको सडकमा उभिएर काम गर्छन् । सबैलाई बस्ने ठाउँ पनि पुग्दैन । राजधानीबाट रसुवागढी पुग्ने जीर्ण सडक माथिबाट पहिरो झर्दा बन्द हुने र खुल्ने निश्चित हुँदैन ।

दैनिक २ सय ५० भन्दा बढी कन्टेनर आउजाउ गर्छन्, केरुङ (रसुवागढी) नाकाबाट । चीनसँग सीमा जोडिएको अन्तर्राष्ट्रिय व्यापारिक नाका भए पनि रसुवागढीको नेपालपट्टि सुविधा कम छ । ०७२ को भूकम्पका कारण उत्तरी चीन जोड्ने नाका तातोपानीसँगै केरुङ (रसुवागढी) पनि बन्द भएको थियो ।

तातोपानी खुल्ने अझै निश्चित नभए पनि ०७२ मंसिरयता चीनबाट हुने धेरैजसो आयात रसुवागढीबाट हुँदै आएको छ । यही नाकालाई १४ भदौ ०७४ मा चीनले अन्तर्राष्ट्रिय नाका घोषणा गरेपछि व्यापारी, व्यवसायी र सवारीको चाप बढ्दै गए पनि भौतिक अवस्था अस्तव्यस्त छ ।

त्यसो त, चीनतर्फको केरुङ क्षेत्रमा पनि भूकम्पले क्षति पुर्‍याएको थियो । तर, चीनले ०२० सम्म केरुङसम्म रेल ल्याउने रणनीति अनुसार तीव्र गतिमा भौतिक संरचना निर्माण गरिरहेको छ । "उता भूकम्पको क्षति बिर्साउने संरचना बनिसकेका छन्, यता त हामी सुरक्षित छैनौं, सर्वसाधारणको के कुरा ?" एक सुरक्षाकर्मी भन्छन् ।

तत्कालका लागि चीनसँगको प्रमुख व्यापारिक नाका यही नै हो । सडक र पर्याप्त पूर्वाधार नहुँदा व्यापारिक कारोबार सहज होइन, व्यवसायी हतोत्साही हुने अवस्था छ । अन्तर्राष्ट्रिय मान्यता अनुसार सीमामा अध्यागमन, भन्सार, क्वारेन्टाइन, बैंकलगायतका कार्यालय एकै थलोमा हुनु अनिवार्य छ । तर, सीमामा ती कार्यालय छरिएर रहेकाले व्यापारीलाई जाँचपास गर्नै हम्मे पर्छ । अध्यागमन र भन्सार कार्यालय डेढ किमि टाढा (राजधानीतर्फ) टिमुरेमा छ ।

१५ मंसिर ०७१ मा विधिवत रूपमा नाका सञ्चालनमा आएसँगै रसुवा भन्सार कार्यालयले दैनिक करोडौं राजस्व संकलन गर्छ । तर, भन्सारमा पर्याप्त कन्टेनर पार्किङ गर्ने यार्ड छैन । भएका यार्डको क्षमता पनि निकै कम छ । एकैचोटि धेरै कन्टेनर आउँदा भन्सार कर्मचारीहरूले सडकमै उभिएर चेकजाँच गर्नुपर्ने बाध्यता छ । भएका यार्ड पनि खुला ठाउँमा रहेकाले पानी पर्दा काम गर्न नसकिने रसुवा भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत गोपाल कोइराला बताउँछन् । भन्छन्, "खोलाको छेउमा अस्थायी भन्सार यार्ड रहेकाले अहिलेसम्म बिजुलीको व्यवस्था हुन सकेको छैन । बिजुली नहुँदा बेलुकासम्म चेकजाँच गर्न सकिँदैन ।"

रसुवागढी नाकामा अझै पनि भौतिक पूर्वाधारको विकास नभएको व्यापारी बताउँछन् । सडकको ठाउँठाउँमा पहिरो गएकाले यातायातको समस्या पनि उत्तिकै छ । जिल्लाबाहिरका व्यापारी तथा गाडी चालकसित वान डे पास नहुने, सवारी साधन बिग्रिँदा बनाउन जान नपाउने तथा भन्सार यार्ड व्यवस्थित नहुँदा सामान चोरी हुने र खुला ठाउँमा भएकाले पानी पर्दा समस्या रहेको व्यापारी धर्म पौडेलको गुनासो छ ।

सीमा क्षेत्रमा सुरक्षा र सामान जाँचको कुनै पनि उपकरण छैनन् । सवारी जाँच्ने 'भेहिकल एक्सरे', 'मेटल डिटेक्टर' लगायत आधुनिक मेसिन नहुँदा तस्कर उम्कने गरेको रसुवाका प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेलको कथन छ । भन्छन्, "नाकामा खटिएका सुरक्षाकर्मीले टहरा र टेन्टमुनि बसेर यात्रुहरूको झोला नांगो आँखाले हेर्ने र हातले छामछुम गरेर जाँच्नुपर्ने अवस्था छ ।" ने

अप्ठेरोमा अनुसन्धान

घटनाको गहिराइ भेट्याउन ढिला गर्ने प्रहरी र छिट्टै परिणाम चाहने सर्वसाधारणको दबाबले नतिजा प्रभावित

मनबहादुर बस्नेत

दुई दशकअगाडि सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश भैरव लम्सालको घरमा काम गर्ने युवती मृत भेटिइन् । प्रहरी अनुसन्धानले उक्त मृत्युलाई आत्महत्या ठह¥यायो । तर, पीडित पक्ष यसमा राजी भएन ।

लम्सालका छोराले बलात्कारपछि हत्या गरेको उनीहरूको आरोप थियो । पीडितले विरोध गरेपछि प्रहरी लम्सालका छोरालाई पक्राउ गर्न बाध्य भयो । मृतक युवतीको डीएनए परीक्षण गर्न नमुना बेलायत पुग्यो । लन्डनको फरेन्सिक ल्याब परीक्षणबाट बलात्कार नभएको रिपोर्ट आएपछि लम्सालका छोरा छुटे । युवतीले आत्महत्या गरेकै सदर भयो ।

लुभु हत्या	कीर्तिपुर हत्या	महाँकाल हत्या	कोटेश्वर हत्या	नेपालगन्ज हत्या	गोठाटार हत्या
८ असोज ०५७	१ साउन ०६०	१ जेठ ०६१	३१ भदौ ०६२	२३ चैत ०६२	२० मंसिर ०६३
स्थान ललितपुर	**स्थान** काठमाडौं	**स्थान** काठमाडौं	**स्थान** काठमाडौं	**स्थान** बाँके	**स्थान** काठमाडौं
हत्या चक्रबहादुर थापा	**हत्या** अमर लामा	**हत्या** अर्जुन अधिकारी	**हत्या** अमर बुढाथोकी	**हत्या** गुलामदेवी हेमकार, जगदेव हेमकार, सीतादेवी हेमकार दीपक हेमकार, रामसनिच्चर चौधरी	**हत्या** कुवेर कार्की (खुमबहादुर खड्काका अंगरक्षक)
अवस्था नसुल्झिएको	**अवस्था** नसुल्झिएको	**अवस्था** नसुल्झिएको	**अवस्था** नसुल्झिएको	**अवस्था** नसुल्झिएको	**अवस्था** नसुल्झिएको
अवधि १८ वर्ष	**अवधि** १५ वर्ष	**अवधि** १४ वर्ष	**अवधि** १३ वर्ष	**अवधि** १३ वर्ष	**अवधि** १२ वर्ष

सर्वकालीन रहस्य घटना

गत १० साउनमा कञ्चनपुरमा किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भयो । उक्त घटनामा दिलीपसिंह विष्टलाई प्रहरीले अभियुक्त बनायो । तर, स्थानीय 'डमी' अभियुक्त खडा गरेको भन्दै प्रहरीप्रति नै खनिए । डीएनए जाँचको नतिजा विष्टसँग मेल नखाएपछि प्रहरी अनुसन्धान झनै जेलिन पुग्यो । दोषी कहिले समातिने भन्ने पत्तो छैन ।

झन्डै दुई दशकको अन्तरालमा घटित यी दुई प्रकरणको अन्तर्य एउटै हो, लामो कालखण्डदेखि प्रहरी अनुसन्धानप्रति प्रश्न उब्जिरहेको छ । तर, विज्ञहरू अनुसन्धान आफैँमा जटिल काम भएकाले रातारात नतिजा ननिस्कने बताउँछन् । न यसको समयसीमै हुन्छ । तर, पीडित र स्थानीयको अपेक्षा भने रातारात दोषी कारबाहीको दायरामा आऊन् भन्ने हुन्छ ।

तर, बिर्सन नमिल्ने पक्ष के हो भने अनुसन्धान आफैँमा समय लिने प्रक्रिया हो । प्रहरीले पाँच वर्षभन्दा लामो समय लगाएर अनुसन्धानलाई निचोडमा पुर्‍याएका दर्जनौं उदाहरण पाइन्छन् । ललितपुरस्थित जाउलाखेलको सेन्ट जेभियर्स स्कुलका प्रिन्सिपल फादर ग्याफ्नेका हत्यारालाई प्रहरीले १८ वर्षपछि पक्राउ गरेको थियो, वैशाख ०७२ मा । वर्षौंसम्म यस्ता जघन्य हत्या उधिन्न नसकेका घटनासमेत उत्तिकै छन् । "यसमा निरन्तर लागिरहनुपर्छ" केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का अवकाशप्राप्त पूर्वप्रमुख प्रहरी नायव महानिरीक्षक हेमन्त मल्ल भन्छन्, "अनावश्यक दबाब रत्तिभर हुनुहुन्न । अनि मात्र सफलता पाइन्छ ।"

तर, चाँडो नतिजा चाहिने प्रवृत्तिले एकातिर अनुसन्धानले सही मार्ग पक्रनेमा अलमल बनाउँछ भने अर्कोतिर निरपराध व्यक्ति उभ्याउनुपर्ने खतरा हुन्छ । दबाब नदिई काम नगर्ने प्रहरी प्रवृत्तिका कारणसमेत अनुसन्धान चाँडो गर्न सर्वसाधारण प्रदर्शनमै उत्रनुपर्ने अवस्था छ ।

कारण प्रहरी स्वयं

निर्मला बेपत्ताबारे खबर दिन पीडित पक्ष सहारा खोज्दै १० साउन बेलुका नै प्रहरी कार्यालय पुग्यो । तर, २४ घन्टे सेवा दिनुपर्ने प्रहरीले कार्यालय समय सकिएको बहानामा भोलिपल्ट आउन भन्दै पीडितलाई फर्काइदियो । पीडितमैत्री व्यवहार दर्शाउन नसकेको प्रहरीले भोलिपल्ट निर्मलाको शव भेटिएपछि अर्को हेलचेक्र्याइँ दोहोर्‍यायो, अपराधका सबुत प्रमाण नजोगाएर ।

घटनास्थललाई जोगाएर सबुत प्रमाण जुटाउनु फिल्डमा खटिने प्रहरीको मूलभूत कर्तव्य

स्थान
काठमाडौं
हत्या
भरतराज शाक्य
अवस्था
नसुल्झिएको
अवधि
११ वर्ष

१३ पुस ०६४

जैसीदेवल हत्या

स्थान
काठमाडौं
हत्या
प्रेम गुरूङ
अवस्था
नसुल्झिएको
अवधि
११ वर्ष

५ चैत ०६४

बालाजु हत्या

स्थान
ललितपुर
हत्या
दिवाकर चन्द (राजा महेन्द्रका पनातिनी ज्वाइँ)
अवस्था
नसुल्झिएको
अवधि
६ वर्ष

१७ असोज ०६९

धोबीघाट हत्या

काठमाडौँको बबरमहलस्थित निवासमा हत्या गरिएका पूर्वराजदूत केशवराज झाको शव एम्बुलेन्समा, ४ भदौ

अनिश रेग्मी

दबाबको परिणाम

१६ फागुन ०६८ मा बेपत्ता भइन्, काठमाडौँकी छोरीमैया महर्जन । लगत्तै उनका आफन्त महानगरीय प्रहरी परिसर काठमाडौँमा निक्की भनिने सुरक्षा सिंहविरुद्ध किटानी जाहेरी दिन पुगे । तर, प्रहरीले उजुरी लिन मानेन । निरन्तर सडक आन्दोलनपछि प्रहरीले जाहेरी लियो र सिंहलाई पक्राउ गर्‍यो । पक्राउपछि अपहरण तथा शरीर बन्धक उद्योगमा मुद्दा चल्यो । तर, जिल्ला अदालत काठमाडौँले १ लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दियो । ०७० मा बालकृष्ण उप्रेतीको एकल इजलासले महर्जन बेपत्ता भए पनि शंकाको भरमा सिंहलाई कारबाही गर्न नमिल्ने फैसला सुनायो । त्यसपछि महर्जनकी छोरी सुधा पुनरावेदन अदालत (हाल उच्च अदालत) गइन् । पुनरावेदनले समेत जिल्लाकै फैसला सदर गरिदिएपछि यो घटना झनै रहस्यमय बन्यो । अहिले प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको जिम्मा छ, घटना । "हेरिरहेका छौँ मात्रै भन्छ, प्रहरीले," महर्जनले भनिन्, "कहिले पत्तो लाग्छ टुंगो छैन । साह्रै पीडा भयो ।" अनुसन्धानमा संलग्न प्रहरीका अनुसार दसी प्रमाण संकलनबिनै पक्राउको दबाब भएपछि अनुसन्धान स्वत: फितलो भयो । "अनुसन्धानले स्थापित गरेपछि पक्राउ गर्नुपर्नेमा पक्राउपछि अनुसन्धान भयो," मुद्दा कमजोर हुनुको कारण बताउँदै एक प्रहरी अधिकारी भन्छन् ।

हो । तर, फिल्डमा तैनाथ प्रहरीले घटनास्थलमा भेटिएको कपडा पखालेको भिडियो सार्वजनिक भयो । जबकि, घटनास्थलका कपाल, रौँदेखि माटोसम्म सबुतका आधार हुन्छन् । फिंगर प्रिन्ट, रगत, नङ र शरीरबाट झिक्न मिल्ने वस्तु घटनास्थलबाट सबैभन्दा पहिले भेला पारिन्छ र ल्याबमा पठाइन्छ । तर, प्रहरीले भेजाइनल स्वाब (योनीभित्रको तरल वस्तु) सुरक्षित राखेर अन्य कुरालाई बेवास्ता गरिदियो । यसले समेत प्रहरीप्रतिको आशंकालाई टेवा दियो । "पीडितको कुरा राम्रोसँग सुनिदिँदा मात्रै पनि उसले आधा बोझ हल्का भएको महसुस गर्छ," नेपाल प्रहरीका पूर्वएआईजी नवराज ढकाल भन्छन्, "पीडितलाई पहिलो रेस्पोन्स नै नराम्रो भएको देखिन्छ । फेरि, सिन अफ क्राइम सकेजति जोगाउन नखोज्दा थप चिसो पस्यो । अनुसन्धानमा खटिनेको ढंग नपुगेको हो कि नियत नै त्यस्तो अलग कुरा हो । तर, गल्तीचाहिँ भएको देखिन्छ ।"

सिन अफ क्राइम अनुसन्धानको धमनी मानिन्छ । यसकै आधारमा दोषी पत्ता लगाउन अनुसन्धानको सुई घुम्ने हो । सिन अफ क्राइम जोगाउन सकिएन वा धमिलियो भने सिंगो अनुसन्धान नै अलमलमा पर्ने जोखिम उच्च रहन्छ ।

उल्टो बाटो

चौतर्फी दबाब बढ्दै गएपछि कञ्चनपुर घटनाको अनुसन्धान गर्न एकपछि अर्को समिति थपिन थाले । सुरुमा स्थानीय प्रहरीले हेरेको यो मुद्दामा एक सातापछि प्रहरीकै केन्द्रीय अनुसन्धान ब्यूरो जोडियो । ब्यूरोले डीएसपी अंगुर जिसीको नेतृत्वमा अनुसन्धान टोली पठायो । आन्दोलन चर्केपछि पूर्ण अनुसन्धान गर्न नपाउँदै जिसीको टोलीलाई ब्यूरोले फर्कायो । र, एसएसपी ठाकुरप्रसाद ज्ञवालीलाई पठायो । लगत्तै ७ भदौमा गृह मन्त्रालयले सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वमा समिति बनायो । अनुसन्धान गर्ने निकायबाट खोसेर गृह पुऱ्याएपछि त ब्यूरोका अनुसन्धान अधिकृत जिसीसहितको टोली नै निलम्बनमा पऱ्यो ।

६ महिने अवधिमा अपराध अनुसन्धानमा खटिने टोली नै निलम्बनमा परेको यो दोस्रो खेप हो । यसअघि ३३ किलो सुन तस्करी काण्डमा तीन प्रहरी अधिकारी जेल पुगेका थिए । अनुसन्धानमा खटिएका एसएसपी दिवेश लोहनी, डीएसपी प्रजित केसी, सई बालकृष्ण सञ्जेल नै अनुसन्धानमा तानिएका थिए । सुन तस्करी काण्डमा सनम शाक्यको हत्या भएपछि लोहनी नेतृत्वको महानगरीय प्रहरी अपराध महाशाखाले अनुसन्धान गरेको थियो, जसलाई अन्डरकभर अपरेसन (भेष बदलेर वा देखावटी प्लट सिर्जना गरेर गरिने अनुसन्धान) नाम दिइएको थियो ।

तर, तस्करी र हत्याका आरोपी चुडामणि उप्रेती 'गोरे' लाई उम्काएको, क्षेत्राधिकार मिचेको भन्दै गृह नेतृत्वको समितिले अनुसन्धान टोलीलाई नै अभियोगी बनाएको थियो । उच्च अदालत विराटनगरले लोहनी र केसीलाई साधारण तारेखमा छाडेको छ । यसबाट अनुसन्धान टोलीमाथि लगाइएको आरोप कमजोर रहेको देखाउँछ । अन्तिम फैसलाबाट यसको निर्क्योल लाग्ने नै छ । तर, अनुसन्धान अधिकृतमाथि नै आरोप लाग्दा अहिले भने अपराध अनुसन्धानमा नकारात्मक असर देखिन थालेको छ । निजामती कर्मचारीको नेतृत्वमा गृहद्वारा गठित समितिले लगालग प्रहरी अनुसन्धान अधिकृतमाथि कारबाही गर्दा उनीहरूको मनोबल र जाँगर दुवै मरेको छ ।

अनुसन्धानको एम्बुस

लामो समय खटिइरहनुपर्ने हुँदा अपराध अनुसन्धानमा रुचि राख्ने जनशक्ति एकदमै थोरै हुने प्रहरी अधिकारीहरू नै बताउँछन् । जति लाग्दा पनि नतिजा आउने यकिन नहुँदा कहिलेकाहीँ अनुसन्धान पट्यारलाग्दो पनि बन्न सक्छ । त्यसै त अनुसन्धानप्रति मर्दो जाँगर, त्यसमाथि उक्त कामप्रति खटिएकाहरू नै कारबाहीको भागीदार हुन सक्ने भएपछि यस्तो जोखिम लिन कसैले नचाहेको प्रहरी अधिकारीहरू बताउँछन् ।

यसलाई तथ्यले नै पुष्टि गर्छ । अपराध महाशाखाका अनुसार सबैभन्दा बढी अपराध हुने काठमाडौं उपत्यकामा मात्रै असारयता करिब आधा दर्जन हत्याका घटना भएका छन्, जसमध्ये एउटै अनुसन्धान पनि सल्टिएको छैन । हाइप्रोफाइल भएकाले पूर्वराजदूत केशवराज झा हत्याको चर्चा भए पनि अन्य गुमनामै छन् । १३ असारमा ललितपुर सानेपास्थित बागमती किनारमा पूजा गुरुङको शव भेटियो । टाउकोमा दुई-तीन ठाउँ चोट लागेकाले यो हत्या हो भन्ने निर्क्योल महाशाखाले निकाले पनि कारण र कर्ता खुट्याउन सकेको छैन । काठमाडौंकै टोखामा बंगुरपालन गर्ने सोलुखुम्बुका चक्रबहादुर कुलुङ राईको ३ भदौमा हत्या भयो । उनको टाउको र शरीरका विभिन्न ठाउँमा चोट थिए । "काम गर्ने व्यक्ति नै कारबाहीमा पर्ने भएपछि कसले जोखिम लिने ?" महाशाखाका एक अधिकारी भन्छन्, "बरु काम हुँदैछ भन्यो बस्यो । काम गर्नेलाई प्रोत्साहन त पहिले पनि थिएन । अब त सजाय नै हुन थाल्यो ।"

हुन पनि, गृहले एकातिर धमाधम छानबिन र अनुसन्धान समिति बनाएर अनुसन्धान पहिल्याउने प्रहरीमाथि नै कारबाही चलाउन थालेको छ भने अर्कोतिर छिटो नतिजा निकाल्न भीडको दबाब पनि उत्तिकै छ । यसले प्रहरीको मूलभूत काम अपराध अनुसन्धानमा भने प्रतिकूल प्रभाव पारिरहेको छ । अनुसन्धान प्रहरीको स्नायु प्रणाली हो । तर, अहिले शान्ति-सुरक्षाको दायित्व बोकेको प्रहरी यति महत्त्वपूर्ण अंग चुँडिएको हालतमा पुगेको छ । ने

लामो समयान्तरमा सफल अनुसन्धान

झम्सिखेल हत्या

घटना : २८ मंसिर ०५४
हत्या : फादर ग्याफ्ने
स्थान : ललितपुर
बयान : २ सय ४० भन्दा बढी
सुल्झिएको : ८ वैशाख ०७२
अवधि : १८ वर्ष

रानीबारी हत्याकाण्ड

घटना : ३१ असार ०५९
स्थान : काठमाडौं
हत्या : हेमन्त श्रेष्ठ र अञ्जली श्रेष्ठ
अनुसन्धान समिति : १८
बयान : १७० जना
सुल्झिएको मिति : २९ फागुन ०७१
अवधि : १२ वर्ष

बडीखेल हत्या

घटना : १६ असोज ०६१
स्थान : ललितपुर
हत्या : भानु नगरकोटी, पत्नी धनकुमारी, छोरीद्वय ८ वर्षीया भगवति, १० वर्षीया सरस्वती र छोरा १३ वर्षीय रवीन्द्र
बयान : सिंगो बडीखेल गाउँबासी र ८८ जनालाई थुनेर बयान ।
सुल्झिएको : ३ भदौ ०७२
अवधि : ११ वर्ष

गोंगबु हत्या

घटना : ३ पुस ०६२
स्थान : काठमाडौं
हत्या : हेम लामा
सुल्झिएको : १३ मंसिर ०७१
अवधि : ९ वर्ष

बम हत्या

घटना : १८ जेठ ०६९
हत्या : रणबहादुर बम (सर्वोच्च अदालतका न्यायाधीश)
स्थान : ललितपुर
सुल्झिएको : १८ पुस ०७१
अवधि : साढे २ वर्ष

KMG
KANTIPUR MEDIA GROUP
व्यक्तिदेखि व्यक्तित्व सम्मको यात्रा
एउटा सुन्नै पर्ने रेडियो कार्यक्रम
सफर
राजेश पाण्डेको साथमा
प्रत्येक सोमबार बिहान ९:१५ देखि १० बजेसम्म
Radio Kantipur
रेडियो राष्ट्रको
96.1 MHz
Kathmandu, Bhedetar, Birgunj
Bharatpur, Bhairahawa
101.8 MHz
Nepalgunj, Pokhara
Dhangadi

संवाद

‘शिरबिन्दुबाटै अन्याय’

रवि मानन्धर

पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता **झलनाथ खनाल** पार्टी एकता र सरकार सञ्चालनप्रति सन्तुष्ट छैनन् । आफ्नो अनुपस्थितिमा वरीयताक्रममा आफूलाई चौथोमा झारेकामा उनले अहिलेसम्म चित्त दुखाएका छन् । सरकारको पक्षमा ०५२ मा जस्तो कुनै लोकप्रिय लहर नआएको र चार महिनासम्म पार्टीका तल्ला कमिटी एकीकरण हुन नसकेकामा पनि उनी चिन्तित छन् । खनालसँग **जनक नेपाल**को प्रश्न :

पार्टी एकता कहाँ पुग्यो ?

पार्टी एकता घोषणा गरेको ३ असोजमा चार महिना पुग्यो । पार्टीका सबै तल्ला अंगहरू विघटित छन् । अहिलेसम्म एकीकरण हुन सकेको छैन । कार्यदलहरू बनाएर जुन हिसाबकिताबले एकता गर्न खोजियो, त्यसबाट सम्भवै थिएन । जथाभावी ढंगले आ-आफ्ना मान्छेलाई माथि ल्याउने प्रयत्न गरियो । हामीले सचिवालय बैठक बसेर मापदण्ड बनाएरै एकता गर्न भनेका छौँ ।

पार्टी एकतामा तपाईं सुरुदेखि नै असन्तुष्ट देखिनुको कारण ?

पार्टी एकता नेपालको कम्युनिस्ट आन्दोलनको ऐतिहासिक घटना हो । म चीन भ्रमणमा रहेका बेला पार्टी एकीकरण भयो । त्यसैले घोषणामा सहभागी हुन पाइनँ । म नभएका बेला पार्टीको वरीयता तोडेर तल र माथि बनाउने काम भयो, त्यो नेकपाभित्रको सबैभन्दा ठूलो अन्याय हो । नेतृत्वको शिरबिन्दुबाट अन्यायको थालनी भएको छ । न्याय र समानताका निम्ति कम्युनिस्ट पार्टीमा लाग्ने हो । तर, त्यहीँभित्र अन्याय भयो भने कसरी सहन सकिन्छ ?

कसैको वरीयता नतोडेरै दुई पार्टीको एकीकरण सम्भव होला त ?

निश्चित मापदण्ड र आधार पहिल्याएर वरीयता निर्धारण गरे कसैले विवाद गर्दैन । मेरो वरीयता सम्बन्धमा पार्टीको कुनै पनि कमिटीले अहिलेसम्म निर्णय गरेको छैन । त्यसैले सचिवालयमा मैले मापदण्ड बनाएर सबै नेताको वरीयता तोक्न माग गरेको छु । त्यसरी निर्धारण गर्दा जेएन खनाल उन्नाइसौँ नम्बरमा परे पनि मलाई आपत्ति छैन । तर, यो

टीका लगाएर वा क्रेन लगाएर तल र माथि पारिने कुरा ठीक होइन ।

पार्टीमा दुई अध्यक्षको मात्र सक्रियता देखिन्छ । केन्द्रीय कमिटी र स्थायी कमिटी सक्रिय नहुनुको कारण के हो ?

हामीसँग केन्द्रीय कमिटी, स्थायी कमिटी र सचिवालय छ । सचिवालय भनेको पार्टीका निर्णयहरूलाई कार्यान्वयन गर्ने संस्था हो । तर, अहिले निर्णय गर्ने संस्थाका रूपमा हामीले सचिवालयलाई विकास गर्न खोजिरहेका छौं । स्थायी कमिटीलाई निर्णायक संस्था बनाउनुपर्ने हो। स्थायी कमिटीले निर्णय गर्ने र सचिवालयले कार्यान्वयन गर्नासाथ पार्टी सुल्टिएर सही दिशामा अगाडि बढ्न थालिहाल्छ ।

पार्टी उल्टो ढंगले चलिरहेको हो ?

कुनै व्यक्तिविशेषलाई आरोपित गर्नुभन्दा पनि पार्टीमा सामूहिक नेतृत्वको प्रणाली हुनुपर्छ । कमिटी र सामूहिक नेतृत्वको प्रणाली भएन भने कम्युनिस्ट पार्टीको ज्यान जान्छ । कमिटी प्रणालीलाई पार्टीको ज्यान मानिन्छ । यी कुरालाई अभ्यासमा ल्याउन छाडिए पार्टी संकटमा पर्छ । अहिले नेकपाभित्र भएको त्यही हो । जस्तै, यत्रो मन्त्रिपरिषद् बन्यो, पार्टीको कुनै कमिटीले निर्णय गरेको छैन । योजना आयोग बन्दा कुनै कमिटीको निर्णय चाहिएन ।

पार्टीभित्र गुटबन्दी कस्तो छ ?

एकताअघि पूर्वएमाले र माओवादीमा विभिन्न गुटहरू थिए होलान् । अहिले पनि गुट छन् । तर, त्यही रूप र भूमिकामा छैनन्, ब्लकहरू हुन सक्छन् । यो नेता मिलेर बनेको पार्टी हो । तर, पार्टी चल्ने भनेको विधि र नीतिले हो । जब विधि र नीति मिच्न थालिन्छ नि, त्यो पनि माथिबाट मिच्न थालेपछि तल विभिन्न गुट र समूह जन्मिन थाल्छ । 'नम्बर वान' नेताले गुटबन्दीबाट मुक्त हुनुपर्छ । 'एस म्यान' बनाउने, आफ्ना मान्छेलाई संरक्षण गर्नेभन्दा पार्टीका निम्ति काम गर्ने मान्छेलाई अगाडि बढाउन सक्नुपर्छ । यो सिंगो पार्टीले नम्बर वान नेताबाट जुन खालको भूमिकाको अपेक्षा गरेको थियो, त्यस्तो भइरहेको छैन ।

तपाईंको वरीयता घट्नुमा स्वास्थ्य र बिजनेसलाई कारण भनिँदो रहेछ । त्यस्तो हो ?

मैले के बिजनेस गरेको छु ? तपाईंले केही देख्नुभएको छ ? म कुनै बिजनेसमा छैन, गर्दा पनि गर्दिनँ । तर, केही दुष्ट र तुच्छ तत्त्वले मेराविरुद्ध यस्ता तथानाम प्रचार गरेर अनावश्यक रूपमा बदनाम गर्ने कोसिस जुन ढंगले भइरहेको छ, यसको कारण पार्टीभित्रको अस्वस्थता पनि हो । मेरो स्वास्थ्य ठीकै छ ।

> “
> यो सरकार असफल भयो भने हाम्रो सिंगो पार्टी पनि डुब्छ । कम्युनिस्ट आन्दोलन पनि डुब्छ ।

दुई अध्यक्षका गुट बनिसके भनिन्छ । तपाईं कुन गुटमा हुनुहुन्छ ?

म कुनै गुटमा लाग्दिनँ । मलाई गुट बनाउनुपर्ने कुनै आवश्यकता छैन । मेरो गुट या पार्टी भनेकै यही नेकपा हो । गुट बनाउने भए हिजै बनाइसक्थेँ । अहिले पनि बनाउनैपर्‍यो भने म सबैभन्दा ठूलो गुट बनाउन सक्छु ।

एकताअघि नै नेकपामा महाधिवेशनको नेतृत्वको दौड देखिन्छ । त्यो दौडमा तपाईं हुनुहुन्छ ?

दुई वर्षपछि हुने महाधिवेशनमा मेरो के भूमिका हुने भन्नेबारे अहिले साथीहरूसँग सरसल्लाह गर्दैछु । नेता, कार्यकर्ताले दिएका सल्लाह अनुसार अगाडि बढ्छु । नेता, कार्यकर्ताले दिएको जुनसुकै जिम्मेवारी लिन तयार छु ।

सरकारले सात महिना पूरा गरेको छ । तपाईं कसरी मूल्यांकन गर्नुहुन्छ ?

स्वाभाविक रूपमा अब सरकारको मूल्यांकन गर्ने बेला हुन थाल्यो । म ०५२ को घटना सम्झिन्छु । कमरेड मनमोहन अधिकारी नेतृत्वको सरकार बन्दा तीन महिना पुग्दा-नपुग्दै मुलुकव्यापी समर्थनको एउटा लहर आएको थियो । त्यो लहरको तुलनामा यो सरकारले ७ महिनामा त्यस्तो कुनै लहर ल्याएको छैन । जुन ढंगको गति लिनुपर्ने थियो, त्यो अझै लिन सकेको छैन ।

पार्टी शीर्ष नेताहरूसँग परामर्श हुँदैन ?

सामूहिक नेतृत्वको आधारमा निर्णय गर्ने प्रक्रिया अगाडि बढेको भए यो सरकारको संरचना अलि भिन्नै हुन्थ्यो । प्रतिबद्धता पनि भिन्न हुन्थे । कम्तीमा अहिलेभन्दा बढी लोकप्रिय हुन्थ्यो । तर, यी सबैमा प्रधानमन्त्री एक्लैले निर्णय गर्नुभयो, एक्लै सक्रिय हुनुभयो ।

प्रधानमन्त्रीसँग तपाईंको छलफल हुन्छ ?

उहाँले बोलाए पो हामीले छलफल गर्ने हो । उहाँले बोलाउनुभएको छैन । नबोलाएपछि हाम्रो भेटघाट र कुराकानी पनि खासै हुँदैन ।

अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को चीन र भारत भ्रमणपछि सरकारको नेतृत्व आलोपालोको प्रसंग पुनः चर्चामा आएको छ । के यो प्रधानमन्त्री फेरिने संकेत हो ?

दुई अध्यक्षबीच के सरसल्लाह भएको छ, के-के सहमति भएका छन्, उहाँहरूले खोल्न बाँकी छ भने हामीलाई थाहा छैन । होइन भने अब पार्टी एकीकृत भइसक्यो । एकीकृत पार्टीले आवश्यक परे सरकार पुनः गठन, मन्त्री हेरफेर गर्नु सामान्य हो । ५ वर्षका निम्ति नेकपाको सरकार रहनेमा कुनै शंका छैन । स्थिर रूपमा नेकपाको सरकार रहन्छ । व्यक्ति फेरिने कुरा सामान्य हो । कार्यकाल आधा-आधा गर्ने अध्यक्ष प्रचण्डको कुरा आएको छ । यसको सत्यता के हो, हामी पनि बुझ्छौं ।

पार्टीभित्र सरकारको समीक्षा हुँदैन ?

अहिलेसम्म खासै समीक्षा भएको छैन । सरकारबारे स्थायी कमिटी बैठक बोलाएर निर्मम समीक्षा हुन आवश्यक छ । किनभने, यो सरकार असफल भयो भने त हाम्रो सिंगो पार्टी पनि डुब्छ । कम्युनिस्ट आन्दोलन पनि डुब्छ । त्यसैले सरकारलाई डुब्न नदिन, गल्ती-कमजोरीबाट बचाउन र राम्रा कामका निम्ति सरकारको समीक्षा हुन आवश्यक छ ।

तपाईंहरूसँग लामो समय प्रमुख प्रतिपक्ष रहेको अनुभव छ । अहिले सत्तापक्षको कुर्सीबाट हेर्दा कांग्रेसको प्रतिपक्षी भूमिका कस्तो देख्नुहुन्छ ?

कांग्रेसको प्रतिपक्षी भूमिका प्रभावकारी र रचनात्मक देखिएन । जति उच्च र स्तरीय हुनुपर्ने हो, त्यो छैन । सरकारले प्रतिपक्षका व्यवहारलाई जवाफ दिने मुखले होइन, व्यवहार र कामले हो । असल काममार्फत जवाफ दिइयो भने त्यो सबैभन्दा राम्रो हुन्छ । दन्तबझानमा लागियो भने त्यसले सत्तापक्ष मात्र होइन, प्रतिपक्षलाई पनि फाइदा गर्दैन । ने

संविधानको स्थायित्वमै संशय

[टिप्पणी]

सुदर्शन आचार्य

३ असोज ०७२ मा संविधान जारी हुँदै गर्दा मधेसवादी दलबाहेक मुख्य राजनीतिक दल एकै ठाउँ उभिए। तर, मधेस भने जारी संविधानप्रति सन्तुष्ट रहन सकेन नै, शान्तसमेत रहेन । राजधानीलगायत मुलुकका अन्य भागमा जारी संविधानको खुसीयालीमा दीपावली हुँदै गर्दा प्रदेश २ मा 'ब्ल्याकआउट' गरियो । तर, संविधान जारीपछिका तीन वर्षयता राजनीतिक समीकरणमा उलटफेर भएको छ ।

संविधानविरुद्धमा रहेका मधेसवादी दलको आडमा नेकपाले सरकार निर्माण गरेको छ भने संविधान जारीमा अग्रणी भूमिका खेल्ने नेपाली कांग्रेस शालीन प्रतिपक्षमा खुम्चिन पुगेको छ । संसद्, सडक र सञ्चारमाध्यमबाट सरकारको खबरदारी गर्ने दायित्व जनताले दिँदासमेत कांग्रेस चुकेको देखिन्छ। सरकारले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र प्रेसमाथि लिएको अनुदार नीतिका कारण कानुनको खिल्ली उडाउने त काम भयो नै, संविधानको कार्यान्वयनमा समेत संशय पैदा भएको छ।

कार्यपालिका : कार्यपालिकामा सन्तोषजनक रूपमा सरकारले काम गरेको देखिँदैन । 'ल एन्ड अर्डर' जुन रूपमा हुनुपर्थ्यो, त्यो हुन नसक्दा जनतामा व्यापक निराशा पैदा भएको छ । आपराधिक घटनामा बढोत्तरी भएको छ। यसको अनुसन्धान निष्पक्ष र प्रभावकारी हुन सकेन । सत्ता पक्षले नै यस्ता घटनालाई ढाकछोप गर्न खोजेको देखिन्छ। विषयवस्तुको यथार्थ जानकारीबिनै हतारमै बोलिहाल्ने प्रधानमन्त्रीको स्वभाव आलोचनाभन्दा बाहिर रहन सकेन ।

पछिल्ला घटनाक्रमले सरकारमाथिको विश्वसनीयता गुम्दै गयो । निर्वाचनपछि बनेको दुई तिहाइको स्थिर सरकारले जनतालाई राहत र सुशासन दिएर पुरस्कृत गर्नुपर्ने हो। चालू बजेटमा कुनै राहतको छनक नपाउँदा शान्ति-सुरक्षा र महँगीका कारण जनताले उल्टै दण्डित भएको महसुस गर्नुपर्‍यो । तीनै तहका सरकारले लगाएको करका कारण जनतामा आक्रोश र गणतन्त्रप्रति निराशा थप्ने काम भयो । कर्मचारी सरुवा, बढुवा, जिम्मेवारी फेरबदलजस्ता काममा सत्तारुढ दलको सदस्यता खोज्न थालियो ।

व्यवस्थापिका : हतारहतारमा संसद्बाट कानुन ल्याउने काम हुँदैछ । विधेयकमाथि गम्भीर छलफल भएको छैन । संविधानप्रदत्त मौलिक अधिकारसँग जोडिएका कानुन तीन वर्षभित्र बनाएर कार्यान्वयनमा ल्याउने भनिए पनि कार्यरूपमा उत्रेन । संसद्मा लामै छलफल हुनुपर्थ्यो, त्यो हुन सकेन । सार्वजनिक दस्तावेज बनाउँदै खुला सुझाव लिइनुपर्थ्यो, त्यो पनि हुन सकेन ।

सभामुख/उपसभामुख एउटै राजनीतिक दलको हुनुहुँदैन भन्ने संविधानले परिकल्पना गरेको छ। सरकारले यसमा पेल्ने नीति अख्तियार गर्‍यो । दुई तिहाइको सरकारले नै यसरी संविधानको ठाडो उल्लंघन गरेपछि आशा कोसँग राख्ने ? संसद्भित्रै संविधान मिचिएको यो घटनाले संविधानको मर्म अनुसार राज्य चल्छ भन्ने विश्वास टुट्दै गयो ।

न्यायपालिका : न्यायपालिका पनि सत्ता पक्षको हस्तक्षेपबाट मुक्त रहन सकेन। प्रधानन्यायाधीशको सुनुवाइसँगै सत्तारुढ दल मिलेर उनको नियुक्ति बदर गरियो । यसलाई स्वतन्त्र अदालतमाथिको हस्तक्षेपको रूपमा बुझ्न सकिन्छ । यसबाट सत्तारुढ दलले अदालतसमेतलाई आफूप्रति प्रतिबद्ध संस्थाको रूपमा लैजान खोजेको देखिन्छ, जुन कुरा संविधानको कल्पनाभन्दा सरासर टाढाको विषय हो ।

लोकतन्त्रमा स्वतन्त्र अदालतलाई अन्तिम आश्रयस्थलका रूपमा लिने गरिन्छ । संसद्ले संविधानसँग बाझिने कानुन बनायो भने पनि त्यसलाई सच्याउने अदालतले नै हो । संविधानसँग बाझिएको हदसम्म सर्वोच्चले निस्क्रिय गरिदिन सक्छ । तर, यी सबै काम अदालत स्वतन्त्र हुँदा मात्र सम्भव छ । जब न्यायमूर्तिलाई नै तर्साउने काम हुन्छ, तब कसरी स्वतन्त्र न्याय प्राप्तिको आशा राख्ने ? न्यायकर्मीहरूले न्याय सम्पादनमा कति दृढतापूर्वक आफूलाई स्वतन्त्र रूपमा उभ्याउन सक्छन्, त्यसले धेरै कुराको निर्धारण गर्छ ।

स्वतन्त्र प्रेस : स्वतन्त्र प्रेसलाई लोकतन्त्रको पहरेदारका रूपमा लिने गरिन्छ। हरेक परिवर्तनलाई बचाउन प्रेसको भूमिका महत्त्वपूर्ण रह्यो। जनतालाई चेतना र जागरण ल्याउनसमेत प्रेसले ठूलो योगदान पुर्‍याएको छ। तर, आज प्रेसको मनोबलै गिर्ने गरी राज्य प्रस्तुत भएको छ । पछिल्लो समय सरकार इलेक्ट्रोनिक मिडियाप्रति त झनै अनुदार देखियो । प्रेसको अस्तित्व रक्षाका लागि महत्त्वपूर्ण भूमिका पत्रकार महासंघले खेल्नुपर्ने हो। स्वतन्त्र प्रेसको मूल्य र मान्यतामा भने सरकारी हस्तक्षेपको सीमा नै नाघिसक्यो ।

कांग्रेसको भूमिका : पार्टी केन्द्रको चुनावी रणनीति पूरै निष्प्रभावी भएकै कारण कांग्रेस प्रतिपक्षमा पुग्यो। संसद्मा निष्प्रभावी हुँदा कांग्रेसको ओरालो यात्रा प्रारम्भ भयो। कांग्रेसभित्रको आमूल परिवर्तन आजको आवश्यकता हो। परिवर्तित कांग्रेससँगै सत्तापक्षको सहमतिमा मात्र संविधानको कार्यान्वयन सम्भव छ । अन्यथा, मुलुक ठूलै दुर्घटनामा पर्ने खतरा उत्तिकै छ। ने

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

असोज अंक

nari.ekantipur.com | narimagazine | @narimagazine

अकर्मण्य मुख्यमन्त्री

उच्च राजनीतिक नेतृत्वको उपेक्षा र कर्मचारीतन्त्रको असहयोगले निकम्मा बन्दै मुख्यमन्त्रीहरू

तस्बिरहरू : चित्रांग थापा, घनश्याम गौतम, लालप्रसाद शर्मा, रमेश पौडेल, अजित तिवारी र वेदराज पौडेल

बाबुराम विश्वकर्मा

११ साउन ०७५ मा बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्त प्रकरणले देश हल्लियो । संघीय सरकारले यो प्रकरण छानबिन गरेर निर्मलालाई न्याय दिन अझै विश्वसनीय जग खन्न नसकेका बेला प्रदेश ७ को सरकारको भूमिका भने शून्य देखियो । आफ्नो प्रदेशभित्रको जघन्य अपराधमा प्रदेश सरकार र मुख्यमन्त्री त्रिलोचन भट्टले अग्रसरता नलिनु अनौठो छ । नेकपाकी प्रदेश ७ सांसद पूर्णा जोशी भन्छिन्, "प्रदेश सरकार मातहत प्रहरी नभएकाले निर्मला पन्त प्रकरणमा प्रदेशले केही गर्न सकेन ।"

संघीय शासन भएका कयौँ देशमा मुख्यमन्त्रीहरू प्रभावशाली मानिन्छन् । प्रान्तीय सरकारको कार्यकारी प्रमुख हो, मुख्यमन्त्री पद । त्यो पदलाई प्रान्तीय शासनको इपिसेन्टर नै मानिएको छ । दक्षिण छिमेकी भारतकै अभ्यासले समेत मुख्यमन्त्रीहरूको शक्ति र सामर्थ्य स्वतः आकलन गर्न सकिन्छ । त्यहाँ अधिकार र कार्यक्षेत्रका दृष्टिले मुख्यमन्त्रीहरू प्रधानमन्त्रीपछि शक्तिशाली कार्यकारीका हैसियतमा सक्रिय छन् । पछिल्लोपल्ट नरेन्द्र मोदी गुजरातको मुख्यमन्त्रीबाट सीधै प्रधानमन्त्री चुनिएको उदाहरण छ । विगतमा पनि यस्ता उदाहरण भेटिन्छन् ।

तर, पहिलो पटक तीन तहको संघीय शासन सुरु गरेको नेपालमा भने प्रारम्भिक सातै महिनामा मुख्यमन्त्रीहरू निरीह साबित भएका

सन्तोष सिंह

धर्नामा बसेका प्रदेश २ का मन्त्री ज्ञानेन्द्रकुमार यादवलाई सम्झाउँदै धनुषाका प्रजिअ प्रेम लामिछाने, १७ भदौ

छन् । अधिकार, कार्यक्षेत्र र प्रभावका दृष्टिले पहिलो लटका मुख्यमन्त्रीहरू संघीय मन्त्रीभन्दा पनि कमजोर भए । मुख्यमन्त्रीलाई उच्च राजनीतिक नेतृत्व र संघीय कर्मचारीतन्त्रको गठजोडले कठपुतलीसरह बनाइदिएको छ । प्रादेशिक सरकारका आदेश तथा निर्णयसमेत प्रमुख जिल्ला अधिकारीले नै अवज्ञा गर्न थालेका छन् । विश्लेषक विष्णु सापकोटा भन्छन्, "देशलाई नाम मात्रका मुख्यमन्त्री र प्रदेश सरकार चाहिएको होइन । सात महिनाको अभ्यासले मुख्यमन्त्री संघीयताका तुरुपजस्ता बनेका छन् । मुख्यमन्त्रीलाई हेरेर देशमा संघीयता छ भन्नुपरेको छ ।"

खोइ मुख्यमन्त्री ?

प्रदेश सरकार गठन भएलगत्तै कर्मचारी तथा भौतिक पूर्वाधार अभावले प्रदेश सरकारले काम गर्न नसकेको गुनासो थियो, मुख्यमन्त्रीहरूको । त्यो गुनासो संघीय सरकारले केही हदसम्म सम्बोधन गरेको छ । तैपनि, मुख्यमन्त्रीहरूले कानुनको अभाव अनि आफू मातहत प्रदेश प्रहरी र कर्मचारी नभएको नयाँ बहाना झिकेका छन् । मुख्यमन्त्रीहरूलाई कानुनी र प्राविधिक अड्चन देखाएर प्रदेश सरकारलाई फितलो बनाउने छूट छैन । किनभने, प्रादेशिक शासनको प्रबन्ध संवैधानिक हो ।

प्रदेश सरकारको भूमिकाको जस- अपजसका भागीदार मुख्यमन्त्रीहरू नै हुन् । तर, अहिलेसम्म मुख्यमन्त्रीले पदको औचित्य प्रमाणित हुने गरी आफ्नो योग्यता देखाउन सकेका छैनन् । कतिसम्म भने प्रदेश नामकरण र राजधानी तोक्नसमेत दुई प्रदेशबाहेक अरूले अझै सकेका छैनन् । सापकोटा थप्छन्, "जनताले बुझ्ने गरी प्रदेशको विकासको 'भिजन' पेस गर्न असफल भएका मुख्यमन्त्रीले संघीय सरकारको विश्वास जित्न र स्थानीय तहलाई प्रेरित गर्नसमेत सकेनन् । त्यसैले ती पेण्डुलम हुँदै गएका छन् ।"

मुख्यमन्त्रीलाई संघीय सरकारको नेतृत्व र कर्मचारी संयन्त्रले समेत बेकामे बनाएको छ । सरकारले २६ माघ ०७४ मा प्रकाशित गरेको सार्वजनिक पदाधिकारीको मर्यादाक्रम सम्बन्धी सूचनामै मुख्यमन्त्रीलाई उपेक्षा गरिएको छ । त्यसमा मुख्यमन्त्रीहरूको मर्यादाक्रम सातौँ स्थानमा छ । त्यो पनि राज्यमन्त्रीभन्दा माथि अनि पूर्वउपप्रधानमन्त्रीभन्दा तल । मुख्यमन्त्रीभन्दा संघीय मन्त्रीको मर्यादा माथि छ । जबकि, अहिलेका सातमध्ये चार मुख्यमन्त्रीहरू त यसअघि केन्द्रीय सरकारका मन्त्री भइसकेका व्यक्ति हुन् ।

प्रदेश १ का मुख्यमन्त्री शेरधन राई, गण्डकीका पृथ्वीसुब्बा गुरुङ, प्रदेश ५ का शंकर पोखरेल, कर्णालीका महेन्द्रबहादुर शाही विगतमै मन्त्री थिए । शाही भन्छन्, "व्यवस्था र पद्धति नयाँ अनि सोच, शैली र व्यवहार पुरानै हावी भएको छ । त्यसैको परिणाम हो, अहिलेको मर्यादाक्रम ।"

संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको संघीय शासनको व्यवस्था गरेको हो । एक वर्षअघि तीन तहकै चुनाव भएर सबै तहमा निर्वाचित सरकार आइसकेका छन् । शून्यबाट सुरु भएको प्रादेशिक सरकार र संरचनाले आमचुनाव सकिएको १० महिनामा पनि 'टेक अप' लिन नसक्नुलाई स्वाभाविक मानिएको छैन । प्रादेशिक सेवा प्रवाह, विकास निर्माण र सुशासनमा करिब शून्य बिन्दुमा छन्, प्रादेशिक सरकार । मुख्यमन्त्रीहरू संघीय सरकारले सहयोग नगरेको सार्वजनिक अभिव्यक्ति दिन बाध्य छन् । विश्लेषक सापकोटा थप्छन्, "मुख्यमन्त्रीहरूले जनताको आक्रोशबाट बच्न र आफ्नो बचाउ गर्न अरूलाई दोष दिएका हुन् । त्यसले उनीहरूलाई झन् कमजोर पार्छ ।"

हुन पनि, मुख्यमन्त्रीहरूले यस अवधिमा प्रदेशको नीति तथा कार्यक्रम र बजेट ल्याउनेबाहेक मतदाताले अनुभव गर्ने कुनै सार्थक काम गरेका छैनन् । जथाभावी कर असुलीलगायतका काम गरेर स्थानीय तहले कमाएको बदनामी रोक्नसमेत प्रदेश सरकार असफल भएका छन् ।

दुई टापु

मुख्यमन्त्रीहरूलाई प्रदेशमा खटिएका संघीय कर्मचारी र प्रमुख जिल्ला अधिकारीले समेत टेर्न छाडेका छन् । प्रदेश ७ को मन्त्रिपरिषद्ले ३१ भदौ ०७५ मा पर्ने थारु समुदायको अतवारी पर्वमा सार्वजनिक बिदा दिने निर्णय गर्‍यो । तर, प्रदेशका जिल्ला प्रशासन कार्यालय र संघीय कार्यालयले प्रदेश सरकारको त्यो निर्णय अवज्ञा गरे, आफ्ना कार्यालय सुचारु गरेर । प्रमुख जिल्ला अधिकारीको सक्रियतामा प्रदेश सरकारको त्यो निर्णय अवज्ञा गरिएको थियो । यसले प्रदेश ७ मा दुईथरी शासन कायम रहेको मात्र देखाउँदैन, मुख्यमन्त्रीभन्दा प्रमुख जिल्ला अधिकारी शक्तिवान रहेको प्रस्ट हुन्छ । प्रदेश र संघीय प्रशासनको अन्तरविरोधले प्रदेश सरकार र मुख्यमन्त्रीको शासनलाई पंगु साबित गरेको छ । प्रदेश १ का मुख्यमन्त्री शेरधन राई भन्छन्, "उच्च तहको कर्मचारीतन्त्र केन्द्रीकृत मानसिकताबाट जकडिएको छ । त्यसैले प्रदेशमा पठाइएका कर्मचारीले लखेटिएको र सजाय पाएको मानसिकता पालेर प्रदेश सरकार र संघीयतालाई

नै अवज्ञा गरेका छन् ।"

प्रदेशका मुख्यमन्त्री र प्रादेशिक सरकारले गरेका निर्णय अवज्ञा गरेर प्रमुख जिल्ला अधिकारीहरूले संघीयताको संवैधानिक व्यवस्थालाई नै चुनौती दिएका उदाहरण अरू पनि छन् । एउटा दृष्टान्त हेरौँ : प्रदेश २ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ७ साउन ०७५ मा प्रदेशका सबै प्रमुख जिल्ला अधिकारीलाई जन्मसिद्ध नागरिकता लिएका बाबुआमाका छोराछोरीलाई वंशजका आधारमा नागरिकता दिन पत्राचार गर्‍यो । पत्रमा संविधानको व्यवस्था र अदालतको आदेशको समेत व्याख्या गरिएको छ, 'नेपालको संविधान तथा अदालतको आदेश पालना गर्नु राज्यको दायित्व र कर्तव्य हुने भएकाले संविधान बमोजिम जन्मसिद्ध नागरिकता लिएका नेपाली नागरिकका सन्तानहरूलाई वंशज नागरिकताको प्रमाणपत्र उपलब्धि गराउन यो पत्राचार गरिएको छ ।' तर, प्रदेश २ का सबै प्रमुख जिल्ला अधिकारीहरूले यो निर्णय कार्यान्वयन गरेनन् । बरु आफूहरू गृह मन्त्रालयको कर्मचारी भएको भन्दै निर्देशन कार्यान्वयन गर्न नसक्ने जवाफ प्रदेश सरकारलाई फर्काए ।

प्रदेश सरकारलाई उच्च प्रशासनिक नेतृत्वले निरीह बनाउने उपक्रम यत्तिमै सीमित छैन । प्रदेश २ को सरकार, मुख्यमन्त्री र मन्त्रीहरूलाई कर्मचारी र सुरक्षा निकायले असहयोग गरेको लिखित गुनासो मुख्यमन्त्री लालबाबु राउतले प्रधानमन्त्री केपी ओलीलाई ११ फागुन ०७४ मै गरेका थिए । राउतले ओलीलाई लेखेको पत्रमा छ, "मुख्यमन्त्री र मन्त्रिपरिषद्का साथीहरू वा प्रान्तका अन्य महत्त्वपूर्ण पदाधिकारीहरूको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्न खोज्दा संघीय कर्मचारीबाट हामीले सहयोग प्राप्त गर्न नसकेको अनुभूति भएको छ ।"

"देशलाई नाम मात्रका मुख्यमन्त्री र प्रदेश सरकार चाहिएको होइन । तर, सात महिनाको अभ्यासले मुख्यमन्त्री संघीयताका तुरूपजस्ता बनेका छन् । मुख्यमन्त्रीलाई हेरेर देशमा संघीयता छ भन्नुपरेको छ ।

– **विष्णु सापकोटा**
विश्लेषक

राउतको पत्रको सम्बोधन भने भएन । प्रादेशिक सरकारलाई संघीय कर्मचारीले नटेर्ने प्रवृत्ति बढ्दो छ । त्यसैको नतिजा हो, प्रदेश २ को मन्त्रिपरिषद्ले ६ भदौको इद र १० भदौको रक्षाबन्धनमा सार्वजनिक बिदा दिँदा संघीय कर्मचारीले त्यसको पनि अवज्ञा गरे । त्यो दिन प्रदेश २ का विद्यालय बन्द गरिए पनि सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था खुल्लै रहे ।

प्रदेश २ मा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायले प्रदेश सरकारको निर्णय पालना नगरेको मात्र होइन, प्रदेशका मन्त्रीलाई उल्टै सम्झाउने कामसमेत गरेका छन् । प्रदेश सरकारको निर्णय अवज्ञा भएपछि आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादव जनकपुरस्थित राष्ट्र बैंकको गेटमा धर्ना बसे, १७ भदौ मध्याह्न १२ देखि ५ बजेसम्म । धर्नास्थलमा यादवलाई सम्झाउन पुगे, प्रदेश सरकारको निर्णय अवज्ञा गरेका धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम लामिछाने । प्रमुख जिल्ला अधिकारी र मुख्यमन्त्री प्रदेशमा दुइटा टापुको रूपमा क्रियाशील हुनु नै संघीयता कार्यान्वयन चुनौतीपूर्ण रहेको संकेत हो ।

प्रदेशसभा बैठक, धनगढी

बाधक नेतृत्व

कर्मचारीले त मुख्यमन्त्री र प्रदेश सरकारलाई निकम्मा बनाएकै छन् । तर, संघीय कर्मचारीको यो प्रवृत्तिलाई उच्च राजनीतिक नेतृत्वको व्यवहार र कार्यशैलीले झन् बल पुर्‍याएको छ । बल्लबल्ल बस्न लागेको अन्तरप्रदेश परिषद्को २४ भदौ ०७५ मा डाकिएको बैठक मुख्यमन्त्रीहरूसँगको परामर्शबिना प्रधानमन्त्री केपी ओलीले अनिश्चित बनाए । २१ भदौ ०७५ मा पोखरामा भएको मुख्यमन्त्रीहरूको संयुक्त बैठकविरुद्धको आक्रोशको रूपमा ओलीले त्यो बैठक रोकेका थिए । ओलीको यो निर्णयले मुख्यमन्त्रीहरूको हैसियत अरू दयनीय बनेको छ । पोखरा बैठकपछि काठमाडौँ आएका आफू निकटकै मुख्यमन्त्रीलाई समेत नभेटेर प्रधानमन्त्रीले मुख्यमन्त्रीहरूलाई थप निराश पारे ।

प्रधानमन्त्री ओली संघीयता कार्यान्वयनको मुख्य जिम्मेवारीमा त छन् । तर, संघीयतालाई गति दिनेमा उनको उदासीनता प्रस्टै देखिन्छ । खासमा संघीयताप्रतिको विरक्ति ओलीले दोस्रो पटक प्रधानमन्त्री बनेदेखि नै प्रकट गरेका हुन् । ओलीले संघीय मन्त्रालयको संख्या घटाउने सिफारिस र सुझावलाई मनन गर्नुको साटो तिनको संख्या थपेर २५ पुर्‍याए । उनले प्रदेश एवं स्थानीय सरकारलाई आवश्यक

लालप्रसाद शर्मा

'मुख्यमन्त्रीको अनुभव गर्न पाइएन'

– पृथ्वीसुब्बा गुरुङ, मुख्यमन्त्री, गण्डकी प्रदेश

प्रदेश सरकारको ६ महिने कार्यकाल फितलो हुनुको कारण के हो ?

जनताले प्रदेश सरकार/मुख्यमन्त्रीहरूबाट धेरै अपेक्षा-आशा गरेका छन्। ती पूरा हुन नसकेकाले गुनासा बढेका छन् । देशमा पहिलो पटक संघीयताको अभ्यास गरिएको छ । त्यसमा पनि प्रदेश सरकार त शून्यबाटै सुरु भएकाले हामीले धेरै काम गर्न बाँकी छ । मुख्यमन्त्रीले 'ग्राउन्ड जिरो' बाट काम सुरु गर्नु परेकाले कठिन भएको हो ।

प्रदेश सरकार र मुख्यमन्त्रीहरूका निर्णय धमाधम अवज्ञा भएका छन्, किन ?

राज्य व्यवस्था बदलियो, शासकीय संरचना फेरियो । तर, प्रवृत्ति पुरानै छ । प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार असीमित छ। अहिले पनि जिल्लामा सिडिओ सर्वेसर्वा हुने स्थिति छ। त्यसैले कतिपय मुख्यमन्त्री/प्रदेश सरकारका निर्णय अवज्ञा भएका छन्। स्थानीय प्रशासन ऐन संशोधन भएपछि अहिले देखिएका समस्या समाधान हुन्छन्।

प्रदेश सरकारले झेलेका झमेला हटाउन तत्काल के गर्नुपर्छ ?

संविधानले शान्ति-सुरक्षाको जिम्मा प्रदेश सरकारलाई दिएको छ । त्यसैले प्रहरी ऐन संशोधन गरेर प्रदेश सरकारलाई हस्तान्तरण गर्न ढिलो भएको छ । सुरक्षा संगठनबिनै प्रदेश सरकार चल्दै आएका छन्। प्रहरी ऐन संशोधन भएपछि प्रदेशले प्रहरी ऐन बनाउने बाटो खुल्छ र प्रदेश प्रहरीको स्थापना हुन्छ। त्यसैगरी लोकसेवा ऐन संशोधन भएपछि प्रदेशमा पनि लोकसेवा आयोग स्थापनाको प्रक्रिया अगाडि बढ्छ । प्राकृतिक स्रोत तथा वित्तीय आयोग गठन ढिलो भएकाले कर सम्बन्धी विवाद तथा विकृति सतहमा आए । यी काम संघले तत्काल गर्नुपर्छ भनेका छौँ । आवश्यक कानुन बनाउने, भएका कानुन संशोधन गर्ने र प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने कार्यालय हस्तान्तरण हुने हो भने प्रदेश सरकार पूर्णतः क्रियाशील हुन्छ।

प्रदेश सरकारलाई अहिले दिइएको अधिकार र बजेट पर्याप्त छ ?

संघ, प्रदेश र स्थानीय तहका लागि यसपालि बाँडफाँट गरिएको बजेट वैज्ञानिक छैन । अहिले केन्द्रमा ७० प्रतिशत बजेट राखिएको छ भने प्रदेश र स्थानीय तहलाई १५-१५ प्रतिशत बजेट दिइएको छ। यसलाई उल्टाउनुपर्छ । प्रदेश र स्थानीय तहलाई ७० प्रतिशत बजेट दिनुपर्छ र संघमा ३० प्रतिशत राख्नुपर्छ । प्रदेश सरकारले विदेशी दाताहरूबाट पनि कतिपय परियोजनामा अनुदान लिन पाउने व्यवस्था गर्न जरुरी छ । अहिलेको सीमित स्रोतबाट प्रदेश चल्न सक्दैन।

संविधानले प्रदेशलाई निकम्मा बनाएको, कम अधिकार दिएको टिप्पणी छ, अहिलेको अधिकार पर्याप्त छ कि अपुग ?

प्रदेश सरकारको गठन भएको ६ महिना पुगेको छ । यस अवधिमा संविधानले सूचीकृत गरेका प्रदेशका एकल र साझा अधिकारको कार्यान्वयन नै हुन सकेको छैन । त्यसैले अहिलेका अधिकार कम भए वा बढी भन्ने समीक्षा गर्ने बेला भएको छैन । भएका अधिकारको अभ्यास गरेपछि मात्र कम वा धेरै भएको भन्न सक्ने स्थिति हुन्छ। अहिले त भएकै अधिकारको पनि उपयोग भइसकेको छैन।

प्रदेश सरकारले सार्वजनिक गरेको चालू बजेट कार्यान्वयनमा के-के चुनौती छन् ?

हामीलाई पहिलो वर्षको बजेट कार्यान्वयन गर्न धेरै चुनौती छन् । सबै प्रदेश सरकारले आवश्यक मात्रामा कर्मचारी पाएका छैनन् । भौतिक पूर्वाधारको कमी छ । संघले हस्तान्तरण गर्नुपर्ने कार्यालय, भौतिक सम्पत्ति प्रदेशमा आइसकेका छैनन्। चालू बजेटको पूर्ण कार्यान्वयनमा चुनौती छ।

तपाईं पहिला मन्त्री हुनुहुन्थ्यो, केन्द्रको मन्त्री र प्रदेशको मुख्यमन्त्रीको जिम्मेवारी र भूमिकामा कति भिन्नता रहेछ ?

मन्त्रीभन्दा मुख्यमन्त्रीको भूमिका, जिम्मेवारी बढी रहेछ। प्रदेशको कार्यकारी प्रमुख भएकाले आफ्नो दृष्टिकोण अनुसार प्रदेशको विकासको नेतृत्वको अवसर पाउनु महत्त्वको विषय हो । मलाई मन्त्रीभन्दा मुख्यमन्त्री भएकामा गौरव र जिम्मेवारीबोध भएको छ । यो प्रदेशको विकासमा महत्त्वपूर्ण योगदान गर्ने आत्मविश्वास पनि छ।

कतिपयले संघीयता देशलाई बोझ भएको भन्दै खारेज गर्ने तर्क गरेको पनि सुनिन्छ, संघीयता उल्टिने जोखिम छ ?

कतिपयलाई संघीयता मन नपरेको होला। तर, अब यो खारेज हुन सक्दैन। संघीयता

उल्टाउनु वा खारेज गर्नु भनेको समय बर्बाद गर्नु हो । अस्थिरता सिर्जना गर्ने जनविरोधी र राष्ट्रविरोधीहरू संघीयताको विरोधमा सक्रिय छन् । संघीयता खारेज गरी पुरानो व्यवस्था ल्याउने सपना कसैले नदेखे हुन्छ ।

२१ भदौ ०७५ मा पोखरामा मुख्यमन्त्रीहरूको बैठक गरेर आफूविरुद्ध मोर्चाबन्दी गरेको भन्दै प्रधानमन्त्री क्रुद्ध भएको सार्वजनिक भएको छ, यसमा तपाईंको के टिप्पणी छ ?

मुख्यमन्त्रीहरूको पोखरा भेलाले प्रधानमन्त्रीलाई घेराबन्दी गरेको होइन । प्रधानमन्त्रीलाई खसाल्ने, कमजोर पार्ने र राजीनामा माग गर्ने अधिकार मुख्यमन्त्रीसँग छैन । त्यसैले प्रधानमन्त्री र संघीय सरकारले पोखरा जमघटलाई आफूविरुद्धको षड्यन्त्र ठान्नु जरुरी छैन । हामीले त्यो भेला सबै प्रदेशका अनुभव, समस्या र प्रगति समीक्षा गरेर साझा रणनीति तय गर्न गरेका हौं । संघ-प्रदेशबीच सहजीकरण गर्न सहयोग पुगोस् भनेर त्यो भेला गरिएकाले अन्यथा लिन जरुरी छैन ।

पोखरा बैठकपछि प्रधानमन्त्रीले पहिलो पटक बस्न लागेको अन्तरप्रदेश समन्वय परिषद्को बैठक नै स्थगित गर्नुभएको छ, बैठक कहिले बस्छ ?

अन्तरप्रदेश परिषद्को बैठक प्रधानमन्त्री अमेरिकाबाट फर्केलगत्तै बस्छ र अब झन् घनीभूत रूपमा प्रदेशका समस्या र एजेन्डाबारे छलफल हुन्छ । त्यसैले अन्तरप्रदेश बैठक स्थगित भएर झन् राम्रो भएको छ ।

मुख्यमन्त्रीको रूपमा कुनै काम गर्न सकिएन भन्ने अनुभव भएको छ ?

यो पदमा पुगेपछि मैले कतैबाट हेपिएको वा अपमानित भएको अनुभव गर्नुपरेको छैन । तर, चाहेको काम गर्न नपाएको-नसकेको अनुभव भने भएको छ । किनभने, मुख्यमन्त्रीको रूपमा हातहतियार खरखजाना बोकेर काममा जानै पाएको छैन । पूर्ण रूपमा मुख्यमन्त्री भएको अनुभव नै गर्न पाएको छैन । त्यसैले चाहे-सोचेका काम पनि गर्न पाइएको छैन ।

पर्ने स्रोतसाधन, कर्मचारी र कानुन उपलब्ध गराउन ढिलो गरेका छन् । यसले प्रदेश र स्थानीय सरकारको भूमिका कमजोर मात्र भएको छैन, संघीयताप्रति नै जनआक्रोश र निराशा बढ्दो छ ।

बजेट कम, कानुन अभाव

स्रोतको बाँडफाँट तथा राजस्व सम्बन्धी विवाद निरुपणको महत्त्वपूर्ण संवैधानिक निकाय प्राकृतिक स्रोत तथा वित्तीय आयोग संविधान जारी भएको तीन वर्षसम्म पनि बनाइएको छैन । फलतः संघ, प्रदेश र स्थानीय तहबीच स्रोतसाधन बाँडफाँट र कर किचलो चर्काउँदै लगेको छ । आयोगबिनै संघीयता कार्यान्वयनको पहिलो वर्षमै बजेट ल्याइयो । ओलीका विश्वासपात्र अर्थमन्त्री युवराज खतिवडाले १५ जेठ ०७५ मा पेस गरेको बजेटमा पनि प्रदेश र स्थानीय तहलाई ठगिएको छ । यसपालिको कुल बजेट हो, १३ खर्ब १५ अर्ब रुपैयाँ । तर, यसमध्ये सात प्रदेशको भागमा सबैभन्दा कम १ खर्ब १३ अर्ब रुपैयाँ छ भने ७ सय ५३ स्थानीय तहलाई १ खर्ब ९५ अर्ब रुपैयाँ विनियोजन गरिएको छ । संघीयताविज्ञ तथा प्रदेश ३ का योजना आयोगका उपाध्यक्ष खिमलाल देवकोटा भन्छन्, “प्रदेश र स्थानीय तहलाई ७० प्रतिशत र संघलाई ३० प्रतिशत बजेट चाहिन्छ । तर, यसपालि परम्परागत बजेट नै आयो । यसले संघीयताको मर्म आत्मसात् गरेको छैन ।”

अहिलेको बजेटमा मात्र होइन, संविधानमै पनि प्रदेशलाई तुलनात्मक रूपमा कम अधिकार दिइएको छ । संविधान निर्माणका बेला संघीयताको सबैभन्दा पेचिलो मुद्दा नै प्रदेशको सीमांकन थियो । मुख्यमन्त्री राई भन्छन्, “संविधानमै कमजोर छ, प्रदेश । त्यसमाथि उच्च तहका कर्मचारी र संघीयता नचाहने राजनीतिक नेतृत्वको साँठगाँठले प्रदेश सरकारलाई असफल पार्ने प्रयास गरिएको छ । तर, प्रदेश असफल र कमजोर हुनु भनेको संघीयता नै असफल हुनु हो ।”

संविधानमा संघलाई ३५, स्थानीय तहलाई २२ र प्रदेशलाई २१ एकल अधिकार दिइएको छ । संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार कार्यान्वयनका लागि थुप्रै कानुन आवश्यक छ, जुन अझै बनेका छैनन् । मुख्यमन्त्रीहरूले संघले तत्काल बनाउनुपर्ने नयाँ विधेयक र संशोधन गर्नुपर्ने कानुनको सूची नै सरकारलाई बुझाएका छन् । प्रदेशलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग, अन्तरप्रदेश समन्वय परिषद्, संघ, प्रदेश र स्थानीय तह समन्वय, प्रदेश प्रहरी लोकसेवा आयोग र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी संघीय कानुन चाहिएको छ । त्यस्तै, संविधानमा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार कार्यान्वयनका लागि पनि संघले आवश्यक कानुन बनाउनुपर्नेछ । संघले यी कानुन परिपूर्ति नगरी प्रदेश सरकार चल्न नसक्ने मुख्यमन्त्रीहरूको दाबी छ । शाही भन्छन्, “संघले अब पनि प्रदेशलाई सहजीकरण गर्न कानुन बनाउँदैन भने प्रदेश आफैंले बनाउनुपर्ने हुन्छ । कानुन अभावमा प्रदेश सरकार पेण्डुलम बनिरहन सक्दैन ।”

संविधानमा प्रदेश सरकार मातहतमा प्रहरी, लोकसेवा आयोग र राष्ट्रिय अनुसन्धान विभागको व्यवस्था भए पनि अहिलेसम्म प्रदेशसँग यी निकाय छैनन् । तर, प्रधानमन्त्री ओलीको प्राथमिकतामा भने तत्कालै प्रदेशले झेलेका झमेला सल्टाउने एजेन्डा परेको छैन । स्थगित अन्तरप्रदेश परिषद्को बैठक ओली अमेरिकाबाट फर्केपछि बस्ने अपेक्षा मुख्यमन्त्रीहरूको छ । तर, त्यसको टुंगो छैन । संविधानको धारा २३४ मा संघ र प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद्को व्यवस्था गरिएको छ, जसमा गृह र अर्थसहित मुख्यमन्त्री सदस्य छन् भने बैठक आवश्यकता अनुसार बस्ने भनिएको छ । बैठक बस्नेसमेत किटान नभएकाले यो ओलीको तजबिजमा तय हुनेछ । कर्णाली प्रदेशका मुख्यमन्त्री शाही भन्छन्, “हिजो संघीयता नचाहनेहरूले संघीयताको अपनत्व ग्रहण गर्न सकेका छैनन् । तर, संविधानले व्यवस्था गरेको संघीयता कसैको अरुचिका कारण खारेज हुन सक्दैन ।”

संविधानले संघ, प्रदेश र स्थानीय तहमध्ये कसैलाई कसैको मातहत राखेको छैन, सबै स्वायत्त र स्वतन्त्र छन् । आपसी सहकार्य र समन्वयले नै तीनै तहको भूमिका प्रभावकारी हुन सक्छ । देवकोटा भन्छन्, “संवैधानिक व्यवस्था बुझेर काम गर्ने मामिलामा समस्या देखियो । त्यसैले नीति, व्यवहार र बजेटमै प्रदेशलाई कमजोर बनाउने कोसिस गरिएको छ, यो तरिकाले संविधान कार्यान्वयन हुन सक्दैन ।” ■

रवि मानन्धर

हताश !

शक्तिशाली बन्ने लालसा बोकेका प्रधानमन्त्रीलाई आम आकांक्षा सम्हाल्न नसक्दा बढेको चुनौती

माधव बस्नेत

'अहिले म यहाँ मात्र बोलेँ । अब संसद्मा पनि बोल्छु । मैले बौद्ध, जोरपाटी, साँखुको बाटो तत्काल बनाउनुस् भनेँ। मन्त्रीले ढुक्क हुनुस् भने। तर, अहिलेसम्म अवस्था जस्ताको तस्तै छ। बाटो किन बिग्रिन्छ। किन समयमा बन्दैन ? त्यो सब भ्रष्टाचारले गर्दा हो। कोही दण्डित हुँदैनन्, सबै मिलेका छन्। सजाय हुन नसकेकै कारण भ्रष्टाचार बढेको हो।'

घाना उड्नुअघि २ असोजमा नेकपा नेता माधवकुमार नेपालले आफ्नै सरकारमाथि गरेको टिप्पणी हो यो । काठमाडौँ जिल्ला समन्वय समितिले जिल्लाका ११ वटै स्थानीय तहले एक वर्षमा गरेको कामको प्रगति अवगत गराउन २ असोजमा कार्यक्रम आयोजना गरेको थियो। त्यही कार्यक्रममा नेपालले नेकपा अध्यक्ष केपी ओलीले हाँकेको सरकारमाथि कटाक्ष गरेका हुन्।

त्यसको चार दिनअगाडि मात्र प्रधानमन्त्री ओलीले नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र वरिष्ठ नेता नेपाललाई दायाँबायाँ राखेर सरकारको रक्षामा अरिंगालझैँ जाई लाग्न नेता/कार्यकर्तालाई निर्देशन दिए। नयाँ वर्ष ०७५ सुरु भएयता मात्र प्रधानमन्त्री ओलीले सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा होस् वा पार्टी कार्यालय धुम्बाराही वा सार्वजनिक कार्यक्रममै– आधा दर्जनभन्दा बढी पटक सरकारको बचाउ गर्न नेता/कार्यकर्तालाई निर्देशन दिइसके । निकटहरूले सरकारको बचाउ नगरेको भन्दै

उनले सार्वजनिक रूपमै आक्रोशसमेत पोखिसकेका छन् । तर, नेता/कार्यकर्ताले त परै जाओस्, गृहमन्त्री रामबहादुर थापाबाहेक सरकारमै रहेका मन्त्रीहरूले समेत प्रधानमन्त्रीको निर्देशनको प्रतिरक्षा गर्न सकिरहेका छैनन् ।

विवेकशील साझा पार्टीका प्रवक्ता सूर्यराज आचार्यका शब्दमा, प्रधानमन्त्री निर्वाचित भएपछि ओलीले दुई छिमेकीसँगको सम्बन्धमा राम्रो सुधार गरे । चीनसँगको रेल र पारवहन सम्झौता इतिहासकै ठूलो उपलब्धि हो । भारतसँग पनि सम्बन्ध नयाँ उचाइमा विकास भएको छ । तर, आर्थिक विकास, समृद्धि र सुशासनमा छलाङ मार्न त परै जाओस्, भरोसायोग्य काम गर्न पनि सकेनन् । "नागरिकले चाहेको अपेक्षा पूरा गर्न उल्लेख्य संरचनात्मक परिवर्तन गर्नुपर्थ्यो । त्यसमा सरकारले अलिकति पनि आशलाग्दो काम गर्न सकेन," आचार्य भन्छन्, "नागरिकका तत्कालका मागप्रति ओली पूर्णत: चुक्नुभयो । उहाँले नागरिकका दैनिक समस्या समाधान गरेरै जवाफ दिनुपर्थ्यो । त्यो आत्मविश्वास गुमाउँदै गएपछि भद्दा अभिव्यक्ति दिन थाल्नुभएको छ ।"

निकटस्थहरूका अनुसार ओली हताश बन्नुमा मूलत: तीन कारणले प्रमुख भूमिका खेलेका छन् । पहिलो, आफूमा शक्ति केन्द्रीकरण गर्नु । दोस्रो, बाहिरबाट शक्तिशाली देखिए पनि पार्टीको आन्तरिक समीकरणमा भित्रभित्रै अल्पमतमा पर्दै जानु । तेस्रो, नागरिकका अपेक्षा पूरा गर्ने गरी काम गर्न सकिनँ भन्ने भाव जागृत हुनु । पूर्वनेकपा एमालेको अध्यक्ष निर्वाचित भएदेखि नै ओलीले आफूमा शक्तिको अत्यधिक केन्द्रीकरण गरिरहेका छन् । भलै, आफू निकटहरूसँगको कुराकानीमा उनी यसलाई स्वीकार्दैनन् । शक्ति विन्यास गरेकैले माधव नेपालदेखि झलनाथ खनालसम्मलाई नोट अफ डिसेन्ट लेख्ने वातावरण नदिएको उनको तर्क छ । तर, उनी निकटहरू नै यसलाई मान्न तयार छैनन् ।

सरकारले विकास, समृद्धि र सुशासनका लागि कस्तो योजना बनाएको छ । मन्त्रिपरिषद्ले के निर्णय गर्दैछ । कस्ता योजना अगाडि सार्दैछ ? जस्ता यावत कुराको जानकारी अरू त परै जाओस्, सचिवालय, स्थायी समितिमा समेत हुँदैन । "यस्ता कुराहरूको जानकारी नै नभएपछि प्रतिवाद कसरी गर्ने ? सरकारले गर्ने काम-कारबाहीको जानकारी हुने भए, शक्तिको विकेन्द्रीकरण गरेका भए निर्देशन नै नदिए पनि राम्रा कामको सबैले प्रतिवाद गर्ने थिए," नेकपाका एक स्थायी समिति सदस्य भन्छन्, "ओलीजी शक्ति जति केन्द्रीकरण गर्ने, संकटको मात्र प्रतिरोध गरिदेऊ भन्ने उल्टो बाटो हिँडिरहेका छन् । त्यसैले उनमा हताशा सिर्जना भएको हो ।"

दोस्रो, बाहिरबाट हेर्दा ओली निकै शक्तिशाली देखिन्छन् । तर, भित्रभित्रै उनको पक्षधरता कमजोर बन्दै गएको जानकारहरू बताउँछन् । नेकपाको सचिवालय ९ सदस्यीय छ, जसमा ओलीको पक्षमा खुलेरै बोल्ने उनीबाहेक उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल र गृहमन्त्री रामबहादुर थापा मात्र छन् । प्रचण्ड, झलनाथ खनाल, वामदेव गौतम र नारायणकाजी श्रेष्ठ ओलीको विपक्षमा छन् । माधवकुमार नेपाल र महासचिव विष्णु पौडेल भने यसबेला मध्यबिन्दुमा उभिइरहेका छन् । ओलीको समर्थन लिएर आफू पार्टीभित्र शक्तिशाली हुने योजना अन्तर्गत नेपाल उनको विपक्षी कित्तामा पुगिसकेका छैनन् । तर, ओलीको काम गराइसँग सन्तुष्ट पनि छैनन् । पौडेल भने ओली, प्रचण्ड, नेपाल तीनै जनालाई चिढ्याउन चाहँदैनन् । सचिवालयका ती सदस्यका अनुसार स्थायी समितिमा समेत ओली बहुमतमा हुने/नहुने माधव नेपालको भूमिकामा भर पर्दै छ । स्थायी समिति बैठक नबस्नुको एउटा कारण यही हो ।

तेस्रो, दुई तिहाइ बहुमतको सरकार हुँदा पनि जनतालाई प्रभावकारी सेवा दिन सकिएन भने कम्युनिस्ट नाम र सरकारप्रति नै वितृष्णा जाग्छ भन्ने चिन्तामा छन् ओली । तर, कसरी प्रभावकारी सेवा प्रवाह गर्ने भन्ने मेसोचाहिँ खुट्याउन सकेका छैनन् । आचार्य व्यंग्य गर्छन्, "ओलीजी राजधानीका खाल्डाखुल्डी बाटोसँगै डराएर नराम्रोसँग अलमलिनुभयो ।"

महँगी अकासिइरहेको छ । हटेको भनिएको सिन्डिकेट उस्तै छ । "प्रधानमन्त्रीमा देखिएको मुख्य हताशा जनताले महसुस गर्ने गरी सेवा प्रवाह पुऱ्याउन विलम्ब भयो भन्ने पनि हो," ओली निकट नेकपा नेता कृष्णगोपाल श्रेष्ठ भन्छन्, "अब बर्खा सकिँदैछ । यससँगै विकासले गति लिन्छ । प्रधानमन्त्रीमा देखिएको हताश पनि हट्नेछ ।"

दुई तिहाइको सरकार छ, झन्डै दर्जनभन्दा बढी मुलुकमा राजदूत पद खाली छ । छिमेकी भारतमै राजदूत खाली भएको वर्ष दिन पुगिसक्यो । सरकारले कतै पनि राजदूत नियुक्त गर्न सकेको छैन । प्रधानमन्त्री भएको सात महिनासम्म ओलीले विज्ञ समूह छनोट गर्न सकेका छैनन् ।

आलोचकलाई नसहने पुरानै बानीले ओलीको समग्र कार्यकाललाई प्रभावित पार्न

"नागरिकले चाहेको अपेक्षा पूरा गर्न उल्लेख्य संरचनात्मक परिवर्तन गर्नुपर्थ्यो । त्यसमा सरकारले अलिकति पनि आशलाग्दो काम गर्न सकेन ।

– **सूर्यराज आचार्य**
प्रवक्ता, विवेकशील साझा पार्टी

थालेको छ । नेकपाका सचिवालय सदस्य नारायणकाजी श्रेष्ठले १ भदौमा प्रवक्ता पदबाट राजीनामा नै दिए । यसको प्रमुख कारण थियो, ओलीको हप्काइ । त्यसबेला अनशनरत डा गोविन्द केसीलाई श्रेष्ठले भेटेका थिए । त्यही विषयलाई लिएर सचिवालय बैठकमै ओली श्रेष्ठमाथि प्रस्टीकरण सोध्ने शैलीमा प्रस्तुत भए । यसपछि आफूलाई अपमान गरिएको भन्दै श्रेष्ठले राजीनामा दिएका थिए । भलै, केही दिनपछि थामथुम बनाएर राजीनामा फिर्ता लिइयो । श्रेष्ठलाई हप्काउनुको नियत प्रचण्डलाई समेत काबुमा राख्ने ओलीको चलाखी भएको जानकारहरू बताउँछन् । दोष जति अरूलाई लगाउने, राम्रा कामको मात्र जस लिने परम्परा विकास भएको पाइन्छ ओलीमा ।

ओली निकट सांसद विशाल भट्टराईका शब्दमा, जनतामा सेवा प्रवाह ढिलो भएकाले गुनासो बढ्न थालेको हो । "हामीकहाँ सर्वसाधारण र प्रतिपक्षमा पनि ठूलो समस्या छ । सरकारले परिवर्तनको संरचनागत सुधार सुरु गऱ्यो । केही चलाउनै पाइँदैन । जस्ताको तस्तै राख्नुपऱ्यो भनेर विरोध गरिन्छ । अनि, फेरि सरकारले केही गरेन भनेर उछितो काढ्न थालिन्छ," खोटाङबाट दुई पटक निर्वाचित सांसद भट्टराई भन्छन्, "नागरिकका दैनिक समस्या सम्बोधन गर्ने गरी सरकार अगाडि बढ्ने तयारीमा छ । यसपछि प्रधानमन्त्री हताश भएको आरोप लाग्ने छैन ।" ने

मधेसमा स्थानीय सरकारको एक वर्ष

[दृष्टिकोण]

नन्दकुमार साह

प्रदेश २ का जिल्लाहरूमा स्थानीय चुनाव भएको एक वर्ष पुग्यो, यो साता। कुल ७ सय ५३ मध्ये १ सय ३६ वटा स्थानीय तह यी आठ जिल्लामा पर्छन्। त्यसमध्ये एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका छन्।

करिब दुई दशकमा स्थानीय तहको निर्वाचन हुनु नै ठूलो उपलब्धि थियो। त्यसअघि स्थानीय निकाय कर्मचारी वा सर्वदलीय संयन्त्रबाट चलेका थिए। अहिलेको स्थानीय सरकारसँग पहिलेभन्दा बढी अधिकार छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले सम्पादन गर्ने कामको अख्तियारी भएकाले स्थानीय सरकारलाई गाउँको सिंहदरबार भनिन्छ। स्थानीय निर्वाचनसँगै सेवा प्रवाहमा ठूलै सुधार हुन्छ भन्ने उत्साह हिजो आम जनतामा थियो। स्थिति त्यस्तो नदेखिए पनि ठूलो आशा बाँकी नै छ।

मधेसमा स्थानीय तहको निर्वाचनमा पुराना ठूला दलका साथै मधेसकेन्द्रित नयाँ दलहरूले पनि उल्लेख्य स्थानमा जितेका छन्। मधेसकेन्द्रित दलको उदयसँगै राजनीतिमा नयाँ नेतृत्व उदाएको छ। नयाँ संवैधानिक प्रावधानका कारण मधेसका सीमान्तकृत समुदायका सदस्य उल्लेख्य संख्यामा नेतृत्वमा पुगेका छन्।

स्थानीय प्रतिनिधिले जितेको एक वर्ष भए पनि स्थानीय सरकारले ६ महिना मात्र काम गर्न पाएका छन्। स्थानीय निर्वाचनलगत्तै प्रदेश र संघको निर्वाचनमा मुलुक होमियो। स्थानीय सरकार पनि त्यसमै व्यस्त रह्यो। यही समय उनीहरूले अनेक समस्या झेले। प्रदेश २ मा केही फरक समस्या र धरातलीय यथार्थसमेत रह्यो। केही क्षेत्रमा भइरहेका कामकारबाहीलाई उदाहरण स्वरूप हेर्दा मधेसका स्थानीय सरकारमा विद्यमान कार्यशैली बुझ्न सकिन्छ।

पहिले विकासका कार्य गाविस कार्यालय अन्तर्गत थिए। पाँच वर्षअघि स्थानीय विकास मन्त्रालयले हाल प्रदेश २ मा पर्ने आठ जिल्लालाई 'ग्रेट जोन' का रूपमा पहिचान गरेको थियो। त्यतिबेला यस क्षेत्रका गाविस, नगरपालिका र जिविसहरूको सुशासनका सूचकांक निकै कमजोर देखिएका थिए। न्यूनतम सर्त मापन तथा कार्यसम्पादन मूल्यांकनमा पास गर्न मन्त्रालयले त्यतिबेला नै विशेष व्यवस्था गरेको थियो। दुइटा जिल्लालाई एक सहसचिवले हेर्ने गरी आठ जिल्लाका लागि ४ सहसचिवलाई मन्त्रालयले खटाएको थियो।

हाल योजना तथा कार्यक्रम तर्जुमा गर्दा सात चरणको कानुनी व्यवस्था छ। यो कार्य विगतमा गाविस कार्यालयले गर्नुपर्थ्यो। अहिले वडा कार्यालयले गर्नुपर्छ। तर, कार्यक्रम छनोटको पद्धति विगतभन्दा खासै फरक देखिँदैन। कागजमा सात चरण नै प्रक्रिया पुर्‍याएको जनाए पनि व्यावहारिक तदर्थवाद हाबी छ। हचुवाका भरमा योजना तर्जुमा हुन्छ। वडा सदस्यहरूको संयोजकत्वमा बस्ती स्तरबाट योजना छनोट गर्ने, वडा समितिले योजनालाई प्राथमिकीकरण गरेर एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने, एकीकृत बजेट तथा कार्यक्रम समितिले एकीकृत वार्षिक कार्यक्रम तयार गरी कार्यपालिकामा पेस गर्ने र कार्यपालिकाको स्वीकृतिपछि सभामा पेस गर्ने व्यवस्था छ। तर, वडाध्यक्षहरूले हचुवाका भरमा आफूलाई मन लागेका योजना कार्यपालिकामा पठाउने गरेका छन्। कार्यपालिकाले मन लागेका योजना सभाबाट स्वीकृत गरेको देखिन्छ।

मधेसका अधिकांश स्थानीय तहमा विकास निर्माणको नाममा आधाभन्दा बढी बजेट बाटोमा माटो हाल्ने काममा छुट्याइएको पाइन्छ। स्कुल र स्वास्थ्य चौकीभन्दा मठमन्दिर र मस्जिदको जीर्णोद्धार एवं नवनिर्माणमा बढी रकम जाने गरेको छ।

स्थानीय जनप्रतिनिधिबीच अधिकार प्रयोग र साधनस्रोतको परिचालनबारे विवाद हुने गरेको छ। खासगरी वडा सदस्य र अध्यक्ष, वडाध्यक्ष र स्थानीय तह प्रमुख/उपप्रमुखबीच आपसी मतभेद बढेको छ। तीन भिन्न किसिमका उदाहरण लिऔं। पहिलो, जनकपुर उपमहानगरपालिकाका २५ वडा सदस्य गत जेठमा नगरप्रमुख लालकिशोर साहकहाँ ज्ञापनपत्र दिन गए। उनीहरूद्वारा गठित वडासदस्य हकहित संरक्षण समितिले वडा तथा नगरको विकास, वडाध्यक्षहरूको एकाधिकारविरुद्ध तथा सदस्यहरूको आत्मसम्मानको रक्षार्थ कुरा उठाउने गर्छ। उक्त समितिले वडा सदस्यहरूका समसामयिक सरोकारवरिपरि १२ बुँदे माग नगरप्रमुखलाई बुझायो। त्यसमा ८४ सदस्यहरूको हस्ताक्षर छ। ज्ञापनपत्रको केन्द्रमा वडाध्यक्षहरू एकलौटी रूपमा अगाडि बढ्न खोजेको, वडा सदस्यहरूलाई आवश्यक भूमिका नदिएको साथै महिला सदस्यलाई कुनै महत्त्व नदिएको आरोप छ। दोस्रो, गत असारमा महोत्तरीको जलेश्वर नगरपालिकाका सात वडाध्यक्ष नगरपालिकाविरुद्ध आन्दोलनमा उत्रे। उनीहरूले पत्रकार सम्मेलनमा नगरपालिकामा भइरहेको अख्तियार दुरुपयोग र भ्रष्टाचारविरुद्ध आन्दोलनमा उत्रिन बाध्य भएको जनाए। नगरप्रमुख रामशंकर मिश्रले उनीहरूको वडामा एउटा चिमसमेत लगाउने अधिकार नदिएको उनीहरूको दाबी थियो। वडाभित्र गरिने कार्यक्रमको समेत कुनै जानकारी नभएको आरोप उनीहरूले लगाएका थिए। तेस्रो, हालै धनुषाको हंसपुर नगरपालिकाका उपप्रमुख ३३ घन्टासम्म नगरपालिका परिसरमै आमरण अनशनमा बसे। नगरप्रमुखले उनको हक अधिकारसमेत कुण्ठित गरेर स्वेच्छाचारी शैलीमा काम गरेको

मधेसका अधिकांश स्थानीय तहमा विकास निर्माणको नाममा आधाभन्दा बढी बजेट बाटोमा माटो हाल्ने काममा छुट्याइएको पाइन्छ । स्कुल र स्वास्थ्य चौकीभन्दा मठमन्दिर र मस्जिदको जीर्णोद्धार एवं नवनिर्माणमा बढी रकम जाने गरेको छ ।

आरोप उपप्रमुखले लगाएका थिए ।

यसै पनि वडा कार्यालय र गाउँपालिका/नगरपालिकामा कर्मचारीको अभाव छ । त्यसमाथि निर्वाचित प्रतिनिधिबीच विवाद चर्किंदा आधारभूत कामले समेत गति समातेको छैन । यस क्षेत्रको सेवा प्रवाह तुलनात्मक रूपमा अप्रभावकारी रहेको छ । सन् २०१४ मा प्रकाशित मानव विकास प्रतिवेदनले समेत यही संकेत गरेको थियो । यसमा तात्त्विक परिवर्तन नआउँदा शिक्षा र स्वास्थ्यको क्षेत्रमा समेत प्रभाव नकारात्मक छ ।

शिक्षा सम्बन्धी ऐननियम बनाउने अधिकार स्थानीय सरकारमा रहे पनि धेरै ठाउँमा शैक्षिक ऐन बनेकै छैन । जहाँ मस्यौदा तयार भएका छन्, त्यहाँ पनि सरोकारवालासँग सार्थक छलफल भएको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएका नमुना कानुनलाई हुबहु सारिएको छ । अनि, आफ्नो गाउँपालिका वा नगरपालिकाको नाम राखेर हतारहतार पारित गरिएको छ ।

अपवाद नभएका होइनन् । महोत्तरीको एउटा नगरपालिकामा फरक तस्बिर देखिन्छ । नगरपालिका प्रमुखले एक शिक्षकलाई विज्ञका रूपमा नियुक्त गर्न चाहे । ती शिक्षक अर्कै नगरपालिकामा पर्ने विद्यालयमा कार्यरत थिए । स्थानीयविज्ञ बनाउन उनलाई सम्बन्धित नगरपालिकाभित्र रहेको विद्यालयमा सरुवा गराउने तयारी भयो । सरुवाका लागि ती शिक्षकले एउटा विद्यालयको व्यवस्थापन समितिसँग सहमति लिन खोजे । समितिले अनुमति दिएन । वैकल्पिक उपायको खोजी गर्ने क्रममा नगरप्रमुखले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने व्यवस्थालाई नै शिक्षा नियमावलीमा परिवर्तन गरे । पहिलाको व्यवस्था अनुसार अभिभावकको भेलाबाट समितिको अध्यक्ष हुने बुँदालाई हटाए । वडाध्यक्ष वा निजले सिफारिस गरेका तीन अभिभावकमध्ये एक जना समितिको अध्यक्ष हुन पाउने नयाँ व्यवस्था राखे । नयाँ नियमावली अनुसार सहमति नदिएको विद्यालय व्यवस्थापन समिति स्वतः विघटन भयो । वडाध्यक्ष समितिको अध्यक्ष भए । वडाध्यक्ष नगरप्रमुखकै पार्टीको सदस्य भएकाले ती शिक्षक सरुवामा थप झमेला भएन । उनै शिक्षकलाई नगरप्रमुखले शिक्षाविज्ञमा नियुक्ति दिए ।

माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकार अन्तर्गत राखिएको छ । शिक्षकको तलब पनि स्थानीय सरकारबाट निकासा हुन्छ । पहिला शिक्षकहरू प्रधानाध्यापक र जिल्ला शिक्षा कार्यालयप्रति मुख ताक्थे । अब जिल्ला शिक्षा कार्यालयका कर्मचारी नै स्थानीय सरकार मातहतमा आएका छन् । अवस्था फेरिएको छ । निर्वाचित जनप्रतिनिधिले विद्यालय व्यवस्थापन समितिलाई दलगत स्वार्थ अनुसार प्रभावित गर्ने सम्भावना बढी छ । शिक्षकहरू यस्तो अवस्थाबाट बढी त्रसित देखिन्छन् । शिक्षकहरू प्रायः स्थानीय भएको उनीहरूलाई लागिरहेको छ, कतै उनीहरू राजनीतिक प्रतिशोधका सिकार हुने त होइनन् !

स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारलाई औषधी किन्ने अधिकारसमेत छ । सिरहाको एउटा गाउँपालिकामा सम्बन्धित समितिले औषधी खरिद गर्‍यो । समितिमा एक जना स्वास्थ्य संयोजक थिए । बाँकी सदस्यलाई औषधीबारे खासै ज्ञान थिएन । समितिले औषधी खरिद गर्नुपूर्व गाउँपालिकामा रहेका स्वास्थ्य चौकीका प्रमुखसँग कुनै सल्लाह गरेन । परिणाम, स्वास्थ्य चौकीमा बढी माग भएको औषधी कम मात्रामा आपूर्ति गरियो । तर, कम खपत हुने औषधी बढी मात्रामा पठाइयो । स्वास्थ्यकर्मीका अनुसार खरिद गरिएका धेरै औषधीको गुणस्तर न्यून छ । थोरै म्याद बाँकी रहेका औषधी धेरै छन् । खोजविन गर्दा कमिसन धेरै आउने खालको औषधी बढी मात्रामा खरिद गरिएको छ ।

औषधी खरिद-बिक्रीमा हुने अनियमितताबाहेक कृत्रिम बिरामीको ठूलो संख्याले समेत ग्रामीण भेगको स्वास्थ्य चौकीमा भयको वातावरण सिर्जना गरेको छ । महोत्तरीका एक स्वास्थ्यकर्मीका अनुसार स्वास्थ्य चौकीमा निःशुल्क जाँच हुने गरेकाले धेरै मानिस कृत्रिम बिरामी बनेर जचाउन आउँछन् । तिनीहरू कुनै बिरामी नभए पनि औषधी पाइन्छ भनेर जचाउन आउँछन् । र, औषधी मात्रै माग्छन् । त्यस्तो थाहा हुँदाहुँदै औषधी दिनुपर्ने बाध्यता बन्छ । औषधी अभाव हुनुको एउटा मुख्य कारण यो पनि हो । नतिजा, असली बिरामी कतिपय अवस्थामा औषधी पाउन वञ्चित हुन्छन् ।

ग्रामीण भेगका स्वास्थ्य संस्थालाई वडा वा गाउँपालिका अन्तर्गत राख्ने कि जिल्ला जनस्वास्थ्य कार्यालयमै राख्ने, छलफलकै विषय छ । तथापि, ती स्थानीय सरकार अन्तर्गत आइसकेका छन् । जनस्वास्थ्य कार्यालय भने अहिले पनि अस्तित्वमै छ । स्थानीय सरकारले स्वास्थ्यकर्मीलाई तलब खुवाउने काम सुरु गरिसके पनि कुनै ऐनकानुन बनिसकेको छैन । तदर्थवादमै सबै चलेको छ । यस्तो अवस्थामा स्वास्थ्य संस्थाहरू कसप्रति उत्तरदायी हुने र कसको निर्देशन मान्ने भन्ने सवाल कायमै छ ।

मधेसमा प्रभावकारी स्थानीय सरकारको आवश्यकता टड्कारो छ । स्थानीय सरकारले आवधिक योजना बनाएर त्यसलाई सहयोग हुने गरी वार्षिक योजना बनाउनुपर्छ । त्यसले दीर्घकालीन विकास-लक्ष्य हासिल गर्न प्रारम्भिक आधार दिन्छ । वार्षिक कार्ययोजना तथा बजेट बनाउँदा तोकिएको प्रक्रियालाई व्यवहारमा लागू नगर्दा अनुत्तरदायी शासकीय पद्धति झाँगिन थालेको छ । भ्रष्टाचारलाई पनि बढावा दिने भएकाले यसलाई चिर्न आवश्यक छ । बाटोको नाममा स्थानीय सरकारले शिक्षा र स्वास्थ्य क्षेत्रको बजेटलाई बिटुलो बनाउने मात्र होइन, आधारभूत सामाजिक सुरक्षाको अवमूल्यन गर्न थालेका छन् । त्यसैले ऐनकानुनको आवश्यकतासँगै स्थानीय सरोकारवालाले सरकारमाथि सशक्त अनुगमन गर्न आवश्यक छ । ने

सुस्त रफ्तार

त्रिभुवन विमानस्थलको विकल्पमा मात्र सीमित सरकारी सोच

स्तरोन्नति र विस्तार भइरहेका विमानस्थल
(अंक रू लाखमा)

विमानस्थल	रकम
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल	१२,०००
चन्द्रगढी विमानस्थल	५,५५४
जनकपुर विमानस्थल	४,६३१
नेपालगन्ज विमानस्थल	२,६०६
सिमीकोट विमानस्थल	१,८४१
लुक्ला विमानस्थल	३,१००
विराटनगर विमानस्थल	४,२६९
धनगढी विमानस्थल	१,७७४
बैतडी विमानस्थल	१,४६७

रनवे | ट्याक्सी मार्ग | टर्मिनल | प्लेन पार्किङ स्थल | हेलिप्याड | रनवे ओभरले

विजयराज खनाल

हाल सञ्चालनमा रहेको देशको एक मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप घटाउन नागरिक उड्डयन प्राधिकरणले नयाँ अन्तर्राष्ट्रिय र आन्तरिक विमानस्थल निर्माण तथा स्तरोन्नति प्रक्रिया अगाडि बढाइरहेको छ। सरकारले समेत चालू आर्थिक वर्ष ०७५/७६ को बजेटमा हवाई यातायात क्षेत्रको विकासका लागि

१९ अर्ब ३५ करोड रकम विनियोजन गरेको छ । सरकारबाट प्राप्त बजेटसहित आन्तरिक स्रोतबाट प्राधिकरणले यी काम अगाडि बढाइरहेको छ । तर, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण विवादरहित हुन सकेको छैन भने घरेलु विमानस्थलमा भइरहेको सुधारसमेत अल्पकालीन सोचबाट निर्देशित छ ।

विवादै विवाद

करिब ७ खर्ब ५५ अर्ब रुपैयाँ अनुमानित लागतको बाराको निजगढमा बनाइन लागेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका लागि करिब २४ लाख ५० हजार रुखबिरुवा कटान हुने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख छ । अहिलेको विवादको मुख्य जड यही हो ।

एउटा बिरुवा कटानबापत २५ बिरुवा रोप्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । करिब ८० वर्गकिलोमिटर क्षेत्रमा फैलिएको निर्माणस्थलमा कटान हुने २४ लाख बिरुवा भर्पाइको रूपमा लगाउनुपर्ने ६ करोड १२ लाख बिरुवा कहाँ रोप्ने भन्ने विषयले पनि विवादलाई मलजल गरिरहेको छ । पर्यटन मन्त्रालयले भने अन्य मुलुकमा एक बिरुवा बराबर ६ देखि १० बिरुवा रोपिने दृष्टान्त पेस गर्दै आएको छ । हुन त, वातावरणीय प्रभाव मूल्यांकनमा ८० वर्गकिलोमिटरको अध्ययन भए पनि २५ वर्गकिलोमिटरमा मात्रै विमानस्थल निर्माण गरिने ३० भदौमा आयोजित पत्रकार सम्मेलनमा पर्यटनमन्त्री रवीन्द्र अधिकारीले बताएका थिए ।

यस वर्षका लागि बजेटमा १ अर्ब ४३ करोड रुपैयाँ छुट्याइएको विमानस्थल निर्माण आयोजनाको लगानी निजी/सार्वजनिक साझेदारीमार्फत जुटाउने सरकारी लक्ष्य छ । विसं ०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना बनाउने सोच भने २५ वर्ष अगाडिदेखिकै हो । २९ फागुन ०७१ मा मन्त्रिपरिषद् बैठकले यो आयोजनाको चार किल्ला तोकेको थियो । ५०/५० मिटरमा क्रंकिटको पोलले सिमाना छुट्याइएको छ । ०५१ मा देशभरका ८ स्थानमध्ये छनोट भएको यो क्षेत्रको विवाद अहिले झनै बढेको छ ।

"ठेक्का नपाउनेले निकाल्ने बखेडा, स्थानीयबाट हुने अवरोध, वन मन्त्रालयबाट अनुमति पाउँदा हुने झमेला नेपालका लगभग सबै आयोजनाका साझा समस्या हुन्," वायुसेवा सञ्चालक संघका प्रवक्ता घनश्यामराज आचार्य भन्छन्, "दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल यसअघि नै बनिसक्नुपर्थ्यो ।"

लामो दूरीसम्म चल्ने ठूला जहाजबाट विश्वको कुनै पनि स्थानसम्म सीधा सम्पर्क हुने गरी हवाई सेवा सञ्चालन गर्न सकिने भएकाले यसलाई ट्रान्जिट एयरपोर्टका रूपमा समेत सरकारले हेरिरहेको छ । यद्यपि, भारतीय आकाश प्रयोगका लागि आवश्यक अनुमति लिने प्रक्रिया बाँकी हुनु र अन्य क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलसमेत निर्माणाधीन अवस्थामा रहेकाले यसको आवश्यकतामा पनि प्रश्न उठेको छ । भारतको काठको माग पूर्तिका लागि बिनातयारी विमानस्थलमा रुख काट्न मात्र अग्रसर भएको आरोप सरकारलाई लागेको छ ।

नेपाली अर्थतन्त्रको एउटा आधार पर्यटन क्षेत्र पनि रहेकाले निजगढ विमानस्थल निर्माण गरिनुपर्नेमा सबै पक्ष सहमत छन् । यद्यपि, अहिले उब्जेको विवाद कति रुख काट्न हुने/नहुने भन्ने मात्र हो ।



०३० बाटै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको सोच अगाडि बढेको हो । त्यतिबेला ३ हजार ६ सय रोपनी जग्गा खरिद गरेर विमानस्थल बनाउने घोषणा भएको थियो । जेठ ०७१ मै निर्माणका लागि चिनियाँ सीएएमसी इन्जिनियरिङ कम्पनीसँग सम्झौता भएको यो आयोजनाको गत असारसम्म १५ प्रतिशत मात्रै भौतिक काम सम्पन्न भएको छ । चिनियाँ एक्जिम बैंकको २१ अर्ब ५९ करोड (२१ करोड ५९ लाख डलर) ऋण सहयोगमा आयोजना बन्न लागेको हो ।

तत्कालीन समयमा ३० अर्ब रुपैयाँमा (३० करोड डलर) ठेक्का सम्झौता भएपछि नै विरोध सुरु भएको यस आयोजनाको अन्तत: २१ अर्ब ७ करोडमा निर्माण सक्ने लक्ष्य राखिएको छ । पोखराको भौगोलिक धरातल जोखिमयुक्त भएको भन्दै यसबीच पुन: विवाद उब्जियो । यद्यपि, आगामी आवमा निर्माण सकिने पहिलो प्रक्षेपित समय सरेको छ । आगामी तीन वर्षमा सञ्चालनमा आउने भनिएको यो विमानस्थलको यात्रु क्षमता प्रतिवर्ष करिब १० लाख मानिएको छ । यो विमानस्थलमा एयरबस ए३२०, बोइङ २०० सिरिजसम्मका हवाई उडान सम्भव हुनेछ ।

रुपन्देहीको भैरहवामा निर्माणाधीन अर्को अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल गौतमबुद्ध पनि विवादरहित हुन सकेन । एसियाली विकास बैंक (एडीबी) को ऋण र अनुदानसहित करिब ९ अर्ब ८० करोड (९ करोड ८० लाख डलर) मा यो आयोजना निर्माण सम्पन्न हुने प्राधिकरणको पछिल्लो प्रक्षेपण छ । भूकम्पका कारण निर्माण लम्बिएको आयोजना ठेकेदार नर्थ वेस्ट सिभिल एभियसन र सव-नर्थ वेस्ट डेभलपमेन्ट इन्फ्रा नेपालबीचको विवादले पनि ढिलाइ भयो ।

ढिलाइले लागत थप बढ्ने अनुमान गरिएको छ । ठेकेदारले ६ अर्ब २२ करोडमा निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो । दाता एडीबीले सव-कन्ट्राक्टर हटाउन पत्रसमेत काट्यो । अहिले भइरहेको काममा भने एडीबी सन्तुष्ट देखिएको छ ।

"पहिले के भयो भन्ने विषय अब पुरानो भइसक्यो," प्राधिकरणका प्रवक्ता तथा उपनिर्देशक त्रिलोचन पौड्याल भन्छन्, "गत आव अन्त्यमा विमानस्थलमा ५० प्रतिशत भौतिक काम सम्पन्न भएको छ ।" दोस्रो पटक म्याद थपिएको यो आयोजना ०७५/७६ सम्म सकिने/नसकिने अन्योलै छ ।

"

प्राधिकरण र सरकारले समग्र वायुसेवा क्षेत्रको विकासको खाका बनाएको देखिँदैन । योजना हेर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गुरुयोजनालाई सघाउने उद्देश्य मात्रै देखिन्छ ।

– **घनश्यामराज आचार्य**
प्रवक्ता, वायुसेवा सञ्चालक संघ

झारा टराइ

प्राधिकरणले त्रिभुवन विमानस्थलसहित ९ वटा विमानस्थलको स्तरोन्नति कार्य अगाडि बढाइरहेको छ । १० वटा नयाँ एयरपोर्ट निर्माणमा जुटेको छ भने ३ वटा बन्द रहेका विमानस्थलमा पुनर्निर्माणको काम अगाडि बढाएको छ ।

प्राधिकरणले नेपालगन्ज र विराटनगर विमानस्थललाई आन्तरिक हबका रूपमा विकास गर्न लागेको छ । चालू आवको बजेटमा पनि यीसहित जनकपुर र धनगढी विमानस्थललाई क्षेत्रीय विमानस्थलका रूपमा विकास गरिने उल्लेख छ । छिमेकी भारततर्फका उडानका लागि यी एयरपोर्ट प्रयोग गरिने योजना सरकारको छ । सुधारपछि यी विमानस्थलमा करिब ७८ सिटसम्म हुने एटीआर मोडलका ५ देखि ६ वटासम्म विमान पार्क गर्न सकिने प्राधिकरणले बताएको छ ।

पछिल्लो समय दर्ता हुने नयाँ एयरलाइन्स कम्पनीलाई त्रिभुवन विमानस्थल प्रयोगमा रोक लगाइएको छ । त्यसैले पनि सहज आवागमनका लागि यी क्षेत्रको विकास गरिएको हो । यद्यपि, यो सुधारप्रति वायुसेवा सञ्चालक खुसी देखिन्नन् ।

"प्राधिकरण र सरकारले समग्र वायुसेवा क्षेत्रको विकासको खाका बनाएको देखिँदैन," वायुसेवा सञ्चालक संघका प्रवक्ता आचार्य भन्छन्, "सरकारी योजना हेर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गुरुयोजनालाई सघाउने उद्देश्य मात्रै देखिन्छ ।" गत आवमा अवतरण समस्याका कारण त्रिभुवन विमानस्थल क्षेत्रभित्रकै घरेलु विमानस्थलबाट निश्चित गरिएका कुल उडानमध्ये २५ प्रतिशत उडान रद्द भए । अन्तर्राष्ट्रिय र घरेलु उडान दुवैका लागि त्रिभुवन विमानस्थलसमेत प्रयोग गर्नैपर्ने बाध्यताका कारण पनि हवाई मार्ग अवरुद्ध हुँदा उडान रद्द गर्नुपर्ने अवस्था छ ।

सरकारले त्रिभुवन विमानस्थलभित्र रहेको आन्तरिक विमानस्थल सार्न काभ्रेको नागीडाँडामा सम्भाव्यता अध्ययनको तयारीसमेत थालेको छ । यद्यपि, यसअघि नै प्राधिकरणले गरेको प्रारम्भिक अध्ययनले माटो कटान र मुआब्जालगायतका कारण लागत १० अर्बसम्म लाग्ने देखाएको थियो । यो गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलभन्दा महँगो पर्ने भन्दै विरोध भयो । तर, लागत मात्र नभई हवाई मार्गका कारण पनि यो विमानस्थल उपयुक्त हुनेमा विज्ञहरूको आशंका छ । काभ्रेमै घरेलु विमानस्थल बनाइँदा उस्तैउस्तै हवाई मार्ग प्रयोगका कारण त्रिभुवन विमानस्थलमा हुने अवतरण र उडानमा समेत प्रभाव पार्न सक्नेतर्फ ध्यान दिन उनीहरूले सुझाएका छन् । समग्र वायुसेवा क्षेत्रको योजना नभएकै कारण यस्ता जटिलता आउने गरेको उनीहरूको बुझाइ छ ।

अर्को दृष्टान्त हो, सरकारले ओखलढुंगाको रुम्जाटार, अछामको साँफेबगर, दाङ एयरपोर्टको धावन मार्ग पक्की बनाउन गरिरहेको काम । हवाई मार्गको विकल्पका रूपमा सडक मार्ग बनिसकेको र व्यावसायिक उडानको समेत सम्भावना नरहेको यस्ता क्षेत्रमा थप लगानी अनुत्पादक हुने तर्क गर्छन्, आचार्य । राजनीतिक स्वार्थका लागि नयाँ विमानस्थल बनाउने वा पुराना ब्यूँताउने चर्चा उठाउने परिपाटीले यस्तो समस्या देखिँदै आएको उनको भनाइ छ ।

नेपाल सरकारको निर्देशनमा प्राधिकरणले अहिले बन्द अवस्थामा रहेको रोल्पा विमानस्थल ब्यूँताउने पहल गरिरहेको छ । तर, यसमा थप काम हुनेमा प्राधिकरणकै कर्मचारी शंका गर्छन् । "सरकारले रोल्पा विमानस्थलका लागि चालू आवमा १ करोड रुपैयाँ विनियोजन गरेको छ," प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्रप्रसाद श्रेष्ठ भन्छन्, "तर, बजेट पर्याप्त नभएकाले यसमा खासै काम होलाजस्तो छैन ।" बजेटमा घरेलु विमानस्थलको स्तरोन्नति र विस्तारका लागि गुरुयोजना बनाइने उल्लेख भए पनि यसमा काम सुरु भइसकेको छैन । ने

सुजुकीमा मालामाल

नाम अनेक, उद्देश्य एक । पर्वको मौसममा सुजुकीको आधिकारिक बिक्रेता सिजी मोटोकर्पले भने 'पर्वोत्सव' योजना ल्याएको छ। नाडा अटो सो अवसरमा सुरु गरिएको अफर अन्तर्गत उपभोक्ताले २ लाख रूपैयाँसम्म नगद छूट, १ लाखसम्म एक्सचेन्ज बोनस तथा स्क्र्याच कुपनमार्फत १ लाख रूपैयाँसम्म अतिरिक्त छूट पाउनेछन् । उपभोक्ताले कम्पनीका २०१७ का सम्पूर्ण मोडलमा विशेष छूटसमेत पाउनेछन् ।

डाट्सनको हटडिल

अफर नै अफरमा पनि डिल हट गरौं भन्दै, पायोनियर मोटो कर्प प्रालिले डाट्सन गाडीमा 'फेस्टिब हटडिल' योजना ल्याएको छ । योजना अन्तर्गत ग्राहकले डाट्सन गाडी खरिदमा १ लाख ६ हजारसम्मको निःशुल्क एसेसरिज, २ लाखसम्मको नगद छूटसहित ३ लाख ६६ हजार ८ सयसम्मको लाभ लिन सक्नेछन् ।

होन्डामा सम्बन्धको सपना

पर्वमा होन्डाको प्रयास सपनाको सम्बन्ध जोड्ने । होन्डाको आधिकारिक बिक्रेता स्याकार ट्रेडिङले 'सम्बन्ध सपनाहरूको' योजना ल्याएको हो । होन्डा मोटरसाइकल खरिदमा स्क्र्याच कुपनमार्फत १ लाखसम्मको नगद छूट, ५ वर्ष फ्री सर्भिसिङ र स्पेयर पार्ट्समा १० प्रतिशत छूट पाइनेछ । होन्डा बिग बाइक खरिदमा नगद छूट र होन्डा कार खरिदमा नगद छूटसहित १ वर्षको निःशुल्क सडक कर पाउन सकिनेछ ।

लक्की ड्रमा 'यामाहा आर३'

दसैंतिहार नजिकिँदै छन् । बजारमा सुरु भइसकेको छ, गाडीदेखि साडीसम्म छूटका अफर । एमएडब्लु इन्टरप्राइजेजले 'विजय यात्रा' नामक योजना ल्याएको छ । यामाहा ब्रान्डका मोटरसाइकल र स्कुटर खरिद गर्ने ग्राहकले स्क्र्याच कार्डमार्फत कम्तीमा सात हजारदेखि एक लाख रूपैयाँसम्म नगद छूट पाउनेछन् । त्यसैगरी, हरेक साता हुने लक्की ड्रमा एक जनाले ब्रान्ड न्यू यामाहा आर३ जित्न सक्नेछन् । यामाहाका ग्राहकले

साप्ताहिक रूपमा हुने लक्की ड्रमा यामाहा आर३ जित्न सक्नेछन् ।

बजाज पाकेट फूल

पर्वमा बजाजले भर्नेछ तपाईंको पाकेट । हंसराज हुलास चन्द एन्ड कम्पनीले दसैंतिहारमा ग्राहकको पाकेट भर्न 'बजाज पाकेट फूल' योजना ल्याएको छ । बजाजको कुनै पनि मोटरसाइकल खरिदमा ग्राहकले एउटा स्क्र्याच कार्ड प्राप्त गर्नेछन् । जसको एउटा भागमा स्क्र्याच गर्ने ठाउँ र अर्को भागमा पाकेट फूल साप्ताहिक लक्की ड्र कुपन हुनेछ । स्क्र्याच कुपनबाट तत्कालै ग्राहकले १ लाखसम्मको नगद छूट पाउनेछन् । योजना अवधिभर साप्ताहिक पाकेट फुल लक्की ड्र कुपनमध्येबाट हरेक साता लक्की ड्र गरी एक भाग्यशाली विजेता घोषणा गरिनेछ ।

जुत्ताको महाकुम्भ

पर्वमा राम्रो नानासँगै जुत्ता पनि अनिवार्यजस्तै भइसक्यो । त्यसैले काठमाडौंको भृकुटीमण्डपमा सुरू भएको छ, दसैं जुत्ता महाकुम्भ मेला । मेलामा पाँच वटा जुत्ता कम्पनीका जुत्ताचप्पल किन्न सकिनेछ । उत्पादक र ग्राहकलाई एकै थलोमा जमघट गराएर मेला सुरू गरिएकाले बिचौलियालाई नाफा दिन नपर्ने हुंदा आधाभन्दा बढी सस्तोमा जुत्ताचप्पल किन्न सकिने आयोजकको दाबी छ ।

महिना दिनसम्म चल्ने मेलामा सयौं मोडेलका जुत्ता ग्राहकले खरिद गर्न सक्नेछन् । 'नेपाली वस्तु प्रयोग गरौं, स्वदेशी उत्पादनमा गर्व गरौं' नारा रहेको मेलामा निःशुल्क प्रवेश पाइन्छ ।

■ **संयोजन : गोकुल अर्याल**

लीला श्रेष्ठ

कंक्रिट प्रयोग गरिएको
भक्तपुरको डोलेश्वर महादेव मन्दिर

सिमेन्ट नै किन ?

आधुनिक निर्माण सामग्री प्रयोगले ऐतिहासिक र पुरातात्विक मौलिक धरोहर नष्ट

गोकर्ण गौतम

पशुपति क्षेत्र हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र मात्र होइन, विश्व सम्पदा स्थलसमेत हो । विश्व सम्पदामा सूचीकृत क्षेत्रमा सिमेन्ट, रडजस्ता आधुनिक निर्माण सामग्री प्रयोग निषेध हुन्छ । अन्यथा, संयुक्त राष्ट्रसंघको शिक्षा, विज्ञान तथा सांस्कृतिक संगठन (युनेस्को) ले सूचीबाटै हटाइदिन्छ ।

तर, भदौ दोस्रो साता पशुपतिको प्राकृतिक र मौलिक सौन्दर्य मास्ने दुष्प्रयास गरियो, श्लेष्मान्तक वनबाट ध्रुवस्थली निस्कने कंक्रिटको बाटो बनाएर । त्यो पनि अरू होइन, पशुपतिको संरक्षण र सम्वर्द्धनको मुख्य दायित्व बोकेको स्वयं पशुपति क्षेत्र विकास कोषकै अगुवाइमा । बहानाचाहिँ आध्यात्मिक पार्क बनाउने । गोपालेश्वरबाट गुह्येश्वरीसम्म पनि कंक्रिटयुक्त सडक बनाउने कोषको तयारी छ । यी हर्कत आफैँमा प्राचीन स्मारक संरक्षण ऐनविरुद्ध छन् ।

पशुपतिभन्दा अझ ठूलो रडाको मच्चियो, रानीपोखरीमा । काठमाडौँ महानगरपालिकाले पर्यटकीय गन्तव्य बनाउने भन्दै रानीपोखरीलाई कंक्रिटको पर्खालले घेर्न खोज्यो । मापदण्डविपरीत यो कार्यमा महानगर आफैँ लागिपर्‍यो । सुरुमा पुरातत्व विभागले देखेको नदेखै गर्‍यो । स्थानीय, सम्पदाविद् र पुरातत्व अधिकारीहरूको चर्को विरोधपछि कंक्रिटको पर्खाल निर्माणमा 'ब्रेक' लाग्यो । त्यसपछि बल्ल विभाग बोल्यो, आधुनिक निर्माण सामग्री प्रयोग गरेर पर्खाल बनाउन अनुमति दिएकै छैन । तर, महानगरले रट लगाइरह्यो, विभागबाट लिखित सहमति लिइएको छ । विवाद चर्कंदै गएपछि रानीपोखरी पुनर्निर्माण अलपत्र छ ।

यो दुर्दशा पशुपति र रानीपोखरीमा मात्र सीमित छैन । सिमेन्ट, रड, छडजस्ता आधुनिक निर्माण सामग्रीलाई मापदण्डविपरीत प्रयोग गरेर सम्पदाको साख र महत्त्व नष्ट पार्ने दुष्कर्मले चौतर्फी बढावा पाइरहेको छ । थप दुःखलाग्दो पक्षचाहिँ, सम्पदा संरक्षणको गहन जिम्मेवारी बोकेका निकाय नै यस्ता कार्यमा संलग्न छन् । जस्तो : रानीपोखरीको सवालमा महानगरपालिका, पशुपतिमा पशुपति क्षेत्र विकास कोष । अनि, पुरातत्व संरक्षण गर्ने आधिकारिक सरकारी निकाय पुरातत्व विभागको यी दुवै ठाउँमा दोहोरो चरित्र झल्कियो । यी सबै गतिविधिलाई नियालिरहेका सम्पदा संरक्षणकर्मी रवीन्द्र पुरी भन्छन्, "सम्पदाका लागि रक्षक नै भक्षकजस्ता भएका छन् । सरकारी निकायका अधिकारीहरूले न सम्पदाको पुरातात्विक महत्त्व बुझेका छन्, न त तिनको बचाउमा प्रभावकारी कदम चालेका छन् । जताततै मौलिक सम्पदा मास्ने कामले प्रश्रय पाइरहेको छ ।" सम्पदा निर्माण, पुनर्निर्माण र जीर्णोद्धारमा सिमेन्ट बैरी मानिन्छ । तर, हामीकहाँ ठ्याक्कै उल्टो । उदाहरण अनेक छन् ।

भक्तपुरको सूर्यविनायकस्थित धार्मिक तथा ऐतिहासिक महत्त्वको केदारनाथको शिर मानिने डोलेश्वर महादेव मन्दिर १२ वैशाख ०७२ को भूकम्पले भत्कियो । यसको पुनर्निर्माण सम्पन्न भइसकेको छ । तर, मौलिक होइन, कथित आधुनिक स्वरूपमा । मन्दिरमा पिलर ठड्याइएको छ, सिमेन्ट, रड र छड प्रयोग गरिएको छ । मानौँ कि, यो चार शताब्दी पुरानो विशिष्ट मन्दिर होइन, भर्खरै बनाउन लागिएको

कुनै व्यावसायिक भवन हो । तर, पुरातत्व विभागले समेत डोलेश्वरमाथिको यस्तो मनपरी शैलीलाई रोक्न सकेन । मन्दिर परिसरका अन्य संरचना पनि मापदण्डविपरीत बनाइएका छन् । विभागका सूचना अधिकृत दामोदर गौतम आधुनिक निर्माण सामग्री प्रयोग नगर्न पटक-पटक निर्देशन दिँदा पनि रोक्न नसकिएको दुखेसो पोख्छन् । "डोलेश्वरमा सोह्रै आना गल्ती भएको हो । भत्काउनुपर्छ भनेर बारम्बार पत्र लेखेका छौँ," गौतम भन्छन्, "कानुन पनि छ तर हामी अर्धन्यायिक निकाय हौँ । आफैँले कारबाही गर्न सक्दैनौँ ।" अन्ततः केदारनाथको शिर भनेर संसारभर प्रचार गर्न सकिने डोलेश्वरको साख घुम्यो, उही सिमेन्टका कारण ।

विश्व सम्पदामा सूचीकृत अर्को स्मारक क्षेत्र बौद्धनाथ पनि आधुनिक निर्माण सामग्रीको दुष्चक्रबाट बच्न सकेन । बौद्धनाथ गजुरको पुनर्निर्माणका क्रममा आफ्नो सल्लाहविपरीत कंक्रिट प्रयोग गरिएको भन्दै युनेस्कोले आपत्ति जनायो । बौद्धनाथ चैत्यमाथि अहिले ठूलो, गह्रौं कंक्रिटको 'प्लाटफर्म' राखिएको र फेरि भूकम्प जाँदा त्यसलाई चैत्यले थेग्न मुस्किल पर्ने युनेस्कोको भनाइ छ ।

भक्तपुर दरबार क्षेत्रभित्रको सिद्धिलक्ष्मी मन्दिरमा बठ्याइँ गरियो । पुरातत्व विभाग अन्तर्गतको भक्तपुर दरबार हेरचाह कार्यालय बनाउँदा पनि मन्दिरको तल नेपाली होइन, राजस्थानी ढुंगा राखियो । जुन सिमेन्टजस्तै हुन्छ, फुसफुस भएर जान्छ । सस्तो हुने भएकाले पत्तै नपाउने गरी राजस्थानी ढुंगा प्रयोग गरिएको थियो । तर, पछि स्थानीयले थाहा पाए, विरोध भयो, त्यसपछि बल्ल नेपाली ढुंगा नै राखियो । भक्तपुर दरबार क्षेत्रकै ९९ चोकभित्र तलेजु परिसरमा रहेको द्वेयमाजु चोकभित्र ढुंगा छाप्दा सिमेन्ट प्रयोग गरियो । संसारका धेरै देशका सम्पदाको स्थलगत अवलोकन र अध्ययन गरेका पुरी भन्छन्, "उपत्यकामा ७ वटा विश्व सम्पदा स्थल छन् । यति सानो क्षेत्रमा संसारमा कतै पनि ठूलो संख्यामा विश्व सम्पदा स्थल छैनन् । तर, यस्तै चाला हो भने भोलि एउटा पनि नरहन सक्छ ।" पुरी किन यसो भनिरहेका छन् भने सम्पदामा कंक्रिट प्रयोग गरिएको र मापदण्ड नपछ्याइएको भन्दै युनेस्कोले विश्व सम्पदा सूचीबाट हटाउन पटक-पटक चेतावनी दिइसकेको छ ।

पुरातत्व विभागका अनुसार देशभरका ७ सय ५३ वटा सम्पदामा भूकम्पले क्षति पुऱ्याएको छ । १ सय ५१ पूर्णरूपमै क्षति भए, ४ सय ७० आंशिक र १ सय ३२ मा सामान्य क्षति । त्यस्तै, पुरातत्व विभागको कार्यविधिमा स्पष्ट भनिएको छ, 'विज्ञ तथा प्राविधिक टोलीको राय लिएपछि मात्र संवेदनशील अवस्थामा सिमेन्ट, रडलगायतका आधुनिक निर्माण सामग्री प्रयोग गर्न पाइने ।' तर, व्यवहार ठीकविपरीत छ । विज्ञहरू सिमेन्ट प्रयोग गर्न हुँदै हुन्न भन्छन्, विभाग तथा अन्य सरोकारवाला निकाय सिमेन्टलाई नै प्राथमिकता दिन्छन् ।

सिमेन्टप्रतिको यतिविघ्न अनुरागको कारण के होला ? एक दशकयता काठमाडौंको सम्पदा जोगाउन लागिपरेका अभियन्ता गणपतिलाल श्रेष्ठ भन्छन्, "मुख्य कुरा त, कमिसनको खेल नै हो । सँगै सम्पदाको मौलिकताप्रतिको प्रेम पनि देखिन्न । मनपरी गरिन्छ ।" रानीपोखरीमा कंक्रिटको पर्खाल लगाउनुहुन्न भनेर समूह लिएरै उनी पुरातत्व विभाग पुगे । त्यहाँका इन्जिनियरले उल्टै सोधेछन्, 'मान्छे बस्ने घरचाहिँ सिमेन्टको बनाउन हुने, मन्दिर किन नहुने ?' हाल पशुपति क्षेत्रलाई कंक्रिटको बाटो मुक्त गर्न भिडिरहेका श्रेष्ठ भन्छन्, "विभागका कर्मचारीमै यस्तो सोच छ, अनि के अपेक्षा गर्न सकिन्छ ?"

जबकि, सिमेन्ट प्रयोगले सम्पदाको साख मात्र होइन, संरचना पनि कमजोर बनाउँछ र सामान्य कम्पन पनि थेग्न सक्दैन भन्ने वसन्तपुर दरबार क्षेत्रभित्रको ९ तले मन्दिरले देखाइसकेको छ । ०७२ को भूकम्पले यो मन्दिर क्षतिग्रस्त भयो । उद्धारका क्रममा देखियो, त्यहाँ त पिल्लर पो रहेछ । कुन समयमा पुनर्निर्माण गर्दा पिल्लर राखिएको भन्नेचाहिँ पत्ता लाग्न सकेन । काठ पनि अग्राख होइन, सल्ला रहेछ । परम्परागत र आधुनिक सामग्री/शैलीको सन्तुलन नमिल्दा यो मन्दिर भत्कियो । "विगतमा भएका यस्ता गल्तीबाट हामीले पाठ सिक्नुपर्छ र आधुनिक निर्माण सामग्रीलाई निरुत्साहित गर्नुपर्छ," विभागका सूचना अधिकृत गौतम भन्छन्, "सम्पदाको मौलिकता, प्रमाणिकता र आधिकारिकतालाई मजबुत बनाउनुपर्छ ।" भलै विभागको कार्यशैलीचाहिँ आधुनिकताको नाममा मौलिकता सिध्याउन उद्यत छ ।

नेपाली परम्परागत वास्तुकलामा काँचो चुन, सुर्की भनिने इँटाको धूलो, माटो र काठजस्ता सामग्री प्रयोग गरिएको हुन्छ । निर्माण प्रविधिमा नेपालीपन गाँसिएको हुन्छ । यसलाई हुबहु निरन्तरता दिनुपर्ने सम्पदाविद्को सुझाव छ । सम्पदालाई जीवित राख्न सिमेन्ट बर्जित गर्नुको विकल्प छैन । तर, विभागकै कतिपय इन्जिनियर सिमेन्ट प्रयोग गर्दा संरचनाको आयु बढ्ने, अझ बलियो हुने प्रचार गरिरहेका छन् । ठेकेदार दंग पर्ने भइहाले । जबकि, सिमेन्टको अधिकतम आयु नै सय वर्ष हुन्छ, त्यो पनि ढलान गर्ने पानीमा लवणको मात्र शून्य भयो र अन्य गुणको सन्तुलन मिल्यो भने मात्र । तर, हाम्रा सम्पदा त कयौं शताब्दीदेखि जीवित छन् । माटो, काठ र इँटाबाट सम्पदा बनाउने, विभिन्न प्रकोपले क्षति पुग्ने र पुनर्निर्माण गरेर जस्ताको तस्तै बनाउने नेपाली परम्परा नै बनिसकेको छ ।

इन्जिनियरिङ अध्ययन संस्थानका पूर्वडीन तथा सम्पदा इतिहासकार प्राडा सुदर्शनराज तिवारी भन्छन्, "सम्पदा भनेको बाहिरी मात्र होइन, भित्री रूप पनि हो । त्यसैले बलियोको नाममा कंक्रिटमय बनाइयो भने मौलिकता भन्ने केही बाँकी रहन्न ।"

तर, विडम्बना ! स्वयं प्रधानमन्त्री केपी ओली नारा बनाइदिन्छन्, 'देख्दा दुरुस्तै, बलियो प्रशस्तै ।' अनि, सम्पदा कसरी सिमेन्टमुक्त होऊन् ! ने

पशुपति क्षेत्रभित्र बनाउन लागिएको कंक्रिट बाटो

अनिश रेग्मी

रंगीन दुनियाँ, अँध्यारो जिन्दगी

सम्मानको पर्खाइमा बार डान्सर

^ राजधानीस्थित एक डान्सबारमा डान्सर

विभु लुइटेल

"नाम नखुलाइदिनू है, साहूले थाहा पायो भने जागिर जान्छ मेरो," काठमाडौंको निकै चलेको डान्सबारमा डान्सरका रूपमा काम गरिरहेकी रक्षा श्रेष्ठ (नाम परिवर्तन), १९, ले आफ्नो कथा सुनाउनुपूर्व नै सजग गराइन्। रोल्पा घर भएकी यिनी राम्रो अंक ल्याई १२ पास गरेपछि म्यानेजमेन्ट पढ्छु र प्रहरी बन्छु भन्ने सोचले काठमाडौं आएकी थिइन्। "पुलिस भएको भए समाजले सम्मानले हेर्थ्यो। भाग्यले बार डान्सर बनाइदियो, सबै छिःछिः दूरदूर मात्र गर्छन्," भाग्यलाई सराप्दै उनी भन्छिन्।

काठमाडौं आएपछि उनी धेरै समय जागिरका निम्ति भौंतारिइन्। कहिले असनका गल्लीगल्ली त कहिले लगनखेलका गोरेटो। महँगीले थिचेको काठमाडौंमा घरबाट बोकेर हिंडेको दस हजार रुपैयाँ सकिन समय लागेन। बस्ने ठाउँ नपाउँदा पाटनका मन्दिरका पेटीमा सुतेको अनुभव पनि छ उनीसँग। केही समयपछि कुमारीपाटीको एक कपडा पसलमा सेल्स गर्लको काम पाइन्, बस्नका लागि नजिकै कोठा पनि पाइन्। तर, दुःखका दिन सकिएनन्। "१२ घन्टा खटिनुपर्ने, तलब जम्मा आठ हजार। ६ हजार त कोठाको भाडा तिर्दै जान्थ्यो," उनले विगत सम्झिइन्। बारमा नाचेमा तलब त आफ्नो ठाउँमा छँदै छ, अतिरिक्त टिप्स र कमिसन पनि पाइन्छ भनी कसैले सुनाइदिएका भरमा उनी यस व्यवसायमा लागेकी हुन्। हातमुख जोड्ने राम्रो जोहो गरौँला अनि बचेको पैसाले कलेज पढौँला भन्ने उनको इच्छा अहिले इच्छामै सीमित भएको छ। तीन वर्ष भयो, रक्षा घर गएकी छैनन्, परिवारका कसैलाई भेटेकी छैनन्, कसैसँग फोनमा समेत कुरा गरेकी छैनन्। हीनताबोधले उनमा जरो गाडेको छ। डान्सबारमा दिनहुँ आउने ग्राहक नै उनका संसार बनेका छन् र त्यहाँका अन्य डान्सर नै परिवार।

"घरमा थाहा पाए मार्छन्," गहभरि आँसु पार्दै उनी भन्छिन्। डान्सबारमा अधिकांश राम्रो नियतले नआउने उनी बताउँछिन्। चित्ताकर्षक नृत्य गर्दै उनीजस्तै अन्य डान्सर ग्राहकसामु पुग्छन्, सँगै बसेर जुस, बियर तथा हुक्का पिउँछन्। अन्यत्रभन्दा मादक पदार्थको मूल्य डान्सबारमा अलि बढी हुन्छ। ग्राहकसँग बसेर खाएबापत डान्सरहरूलाई बारका साहूले कमिसन दिन्छन्। अझ, खुसी भएका ग्राहकले टिप्स पनि दिन्छन्। भन्छिन्, "बियर धेरै खान पाइँदैन। झ्याप भइयो भने फेरि अरू ग्राहकसँग बस्न सकिँदैन।"

बारमा एकचोटि आएका आफूलाई फिल्म निर्देशक भनी चिनाउने एक व्यक्तिले उनलाई आइटम गीतमा डान्स गर्ने प्रस्ताव राखे। सुनाउँछिन्, "सोचेँ, फिल्ममा आइटम डान्स गर्नेको चाहिँ इज्जत छ, हाम्रो छैन। त्यसैले उनको प्रस्ताव स्वीकारेँ। तर, उनको अभिप्राय अर्कै रहेछ।" यसरी धेरै जनाले धेरै पटक पैसाको प्रलोभनमा पारी फाइदा उठाउन खोजेका रहेछन्।

काठमाडौं नयाँ बसपार्कको एक गजलबारमा रक्षाकी साथी सोफिया, २२, काम गर्छिन्। रक्षाका भन्दा उनका अनुभव तीता छन्। गजलबारमा काम गर्ने सुइँको पाएपछि उनलाई पहिलेका घरबेटीहरूले निकालिदिएका रहेछन्। "त्यसैले अहिलेका घरबेटीलाई हस्पिटलमा काम गर्छु भनेकी छु। राती निस्कँदा केही भन्दैनन्। सम्मानको दृष्टिले हेर्छन्, छोरीजस्तै माया गर्छन्।" पेट पाल्न मानिसले अँगाल्ने पेसाका आधारमा सम्मानको तह तोकिने समाजमा

बस्न गाह्रो भएको गुनासो पोख्छिन् सोफिया । “डान्सबारमा स्ट्रिप गर्नुपर्दैन । पूरै लुगा लगाएर नाच्न पाइन्छ । गजलबारका साहू सकेसम्म पारदर्शी कपडा वा भित्री वस्त्र मात्र लगाइदेओस् भन्ने सोच्छन्,” रक्षासँग आफ्नो कामको तुलना गर्दै सोफिया भन्छिन् । गजलबारमा कहिलेकाहीँ आउने ग्राहकलाई दिनहुँ आउन प्रेरित गर्न साहूकै आदेशमा उनीहरूसँगै बाहिर जाने गरेको समेत उनी बताउँछिन् ।

रक्षाजस्तै उनी पनि घर नगएको वर्षौं भइसक्यो । फर्कने अवस्था पनि छैन । उनले यस पेसालाई सहर्ष स्वीकार्न नसके पनि यस पेसाले उनलाई आफ्नो बनाइसकेको छ ।

रक्षा बालिग नहुँदै यस पेसामा संलग्न भएकी थिइन् भने सोफिया बालिग भइसकेपछि । नागरिकता भने दुवैको छैन । केही सामाजिक संस्थाले रक्षालाई सम्झाई-बुझाई यस पेसाबाट अलग्याउन नखोजेका पनि होइनन् । रक्षाले आक्रोश पोखिन्, “म बाटोमा सुतेका बेला कहाँ थिए यस्ता संस्था ? बरु सक्छन् नै भने अब समाजमा मेरो छवि चोख्याइदिऊन्, स-सम्मान बाँच्ने वातावरण सिर्जना गरिदिऊन् ।” यस पेसामा स्वेच्छाले नआएको तर अब अन्त कतै जाने ठाउँ पनि नभएको पीडाले उनलाई बारम्बार सताउँछ । भन्छिन्, “कसैले नदेख्ने गरी कहिलेकाहीँ डाँको छाडेर रुन्छु ।”

गाउँमा आएका एक युवकले ‘काठमाडौँमा पैसा फल्ने रूख छ, कहिल्यै दुःख पाइँदैन,’ भनेर फकाएकै भरमा उनैसँग भागेर काठमाडौँ आएकी सविता ठमेलको एक डान्सबारमा काम गर्छिन् । सवितामाथि आफ्नो मात्र नभएर छोरीको पनि जिम्मेवारी छ । डान्सबारमा काम गर्न छाडेर ती युवक कता गायब भए, सवितालाई नै थाहा छैन । पाँच वर्षीय छोरी स्कुलबाट फर्किएपछि सविता सधैं उनलाई कोठामा थुनेर डान्सबार जान्छिन् । उनले दुःखमनाउ गरिन्, “न एउटा राम्रो डान्सर बन्न सकेकी छु, न त एक कुशल आमा ।” सविताकी छोरीलाई भने आमा साँझतिर तयार भएर निस्केको मन पर्दो रहेछ । भन्छिन्, “म पनि ठूली भएपछि आमाजस्तै राम्री हुन्छु ।” सविताले झपारिन्, “चुप, त्यस्तो भन्न हुन्न । तँलाई त म ठूलो मान्छे बनाउँछु ।”

बार डान्सरले एक दिन पनि बिदा नपाउने उनीहरू बताउँछन् । बिरामी परेर वा अन्य केही कारणले बिदा चाहिए तलब काटिने गुनासो यिनको छ । त्यसैले सविताले छोरीलाई समय दिन पाएकी छैनन्, अरू डान्सरले आफ्नो इच्छा अनुरूपको काम गर्न पाएका छैनन् । सोफिया भन्छिन्, “हामीले यस्तो जिन्दगी रोजेका छौँ जुन बाहिरबाट हेर्दा रंगीन देखिन्छ । तर, भित्र कति अन्धकार छ, त्यो भोगेकालाई मात्र थाहा छ ।”

डान्सबार तथा गजलबारमा ग्राहक बनी दुबई, नैरोबी, दिल्लीजस्ता विदेशी सहरका बारका एजेन्ट पनि बेलाबखत आउँछन् । रंगीन जीवन र धेरै पैसाको लोभ देखाई केही युवतीलाई यी सहरका डान्सबारमा रोजगारीका निम्ति लैजान्छन् । रक्षा र सोफियाकी साथी कृपाले टेलिफोन संवादमा भनिन्, “नेपालको भन्दा पैसा बढी हुन्छ । तर, खट्न निकै पर्छ ।” उनलाई नियुक्त गर्न दुबईको एक डान्सबारका साहूले एजेन्टलाई १० लाख तिरेका थिए । पासपोर्ट बनाउने बेला उमेर नपुगे पनि बढाएर बनाइएको थियो । “कसरी बनाइयो थाहा छैन । एजेन्टले एक दिन फोटो खिचाउन लगे, भोलिपल्ट पासपोर्ट हात पर्‍यो,” पासपोर्ट बनाएको प्रक्रियाबारेको उनको भनाइ हो यो । डान्सरका रूपमा केही समय उक्त बारमा बिताइसकेपछि उनी अहिले तिनै साहूसँग घरजम गरी बसेकी छन् । दुवै मिली डान्सबार चलाउँछन्, एजेन्ट पठाई यताका युवती पनि समय-समयमा लैजान्छन् । आवश्यक कानुनी प्रक्रिया पुर्‍याएरै नेपालबाट कामदार झिकाउने गरेको उनी बताउँछिन् । “हामीले महिला बेचबिखन गरेका होइनौँ, युवतीहरूको पूर्ण सहमति नभई ल्याउन पनि मिल्दैन ।”

यसरी बार डान्सर विदेसिने क्रम बढेपछि बारहरूमा योग्य डान्सरको कमी हुँदै गएको बार सञ्चालकहरू बताउँछन् । अझ, नाइट क्लब, पब र डिस्कोको संख्यामा वृद्धि भएसँगै डान्सबारमा आउने ग्राहक कम हुँदै गएको गुनासो एक डान्सबार सञ्चालकको छ । भन्छन्, “समाजमा डान्सबार आउनु सभ्य मानिँदैन, क्लब जानु निकै सभ्य मानिन्छ । त्यसैले अहिले क्लब तथा लाउन्जहरूले धेरै ग्राहक आकर्षित गरिरहेका छन् ।”

बार डान्सरहरूको न्यूनतम आय सरकारले १४ हजार रुपैयाँ तोकेको छ । तर, यसबारे उनीहरू स्वयं जानकार छैनन् । पाँच हजार र कमिसनमा मात्र काम गर्ने युवती पनि छन् । उनीहरूको हकहितमा आवाज उठाउने ‘महिलाका निम्ति महिला’ संस्थाकी अध्यक्ष रचना ढकाल भन्छिन्, “कानुनी न्याय पाउनबाट अहिलेसम्म कोही बार डान्सर वञ्चित भएका छैनन् । उनीहरूलाई चाहिएको सामाजिक न्याय हो ।” ने

डान्सरका हितमा काम गर्ने उद्देश्य

– समीर गुरुङ
अध्यक्ष, ठमेल पर्यटन विकास परिषद्

ठमेल र नयाँ बसपार्क अत्यधिक डान्सबार सञ्चालन हुने ठाउँमध्येमा पर्छन् । यिनको संख्या अहिलेसम्म यति नै भन्ने यकिन छैन । कारण, अहिलेसम्म त्यस्ता बार नियन्त्रण गर्ने संस्था नै थिएनन् । अबको केही महिनाभित्र देशभरका बार र तिनमा कार्यरत कर्मचारीबारे तथ्यांक सार्वजनिक गर्ने उद्देश्य परिषद्ले लिएको छ ।

जनयुद्धले प्रभावित गाउँका युवती सुरक्षाका लागि काठमाडौँ पसेपछि बार डान्सर बन्नुलाई सबैभन्दा सहज पेसाका रूपमा लिन्थे । म आफैँ पनि पहिला डान्सबार चलाउँथेँ । त्यसरी आएका महिलालाई नृत्यमा प्रशिक्षण दिएर मात्र काममा लगाउँथेँ । विश्वका ठूलाठूला सहरबाट डान्सबारका साहू आउँथे, ती महिलालाई पैसाको प्रलोभन देखाउँथे र लैजान्थे । थोरै पैसा र सीमित कमिसनमा काम गरिरहेका यहाँका डान्सर त्यसप्रति आकर्षित नहुने कुरै भएन । डान्सरहरू विदेसिने क्रम बढ्यो । त्यसैले काठमाडौँका डान्सबारमा योग्य डान्सर नै छैनन् भन्दा पनि हुन्छ ।

ठमेलका डान्सबारमा कार्यरत धेरैजसो महिलाका छोराछोरी छन्, श्रीमान् छैनन् । रातीको समयमा काम गर्ने हुँदा उनीहरूलाई बच्चाको हेरचाह गर्न समस्या पर्छ । त्यस्तै, महिला तथा बालबालिकालाई लक्षित गरी परिषद् छिट्टै एउटा नाइट केयर सेन्टर खोल्ने प्रक्रियामा छ । त्यसपछि बार डान्सर महिला निर्धक्क र निश्चिन्त भई आफ्ना काममा जान पाउनेछन् ।

झारा टार्ने लिग

फुटबलको व्यवसायीकरणमा एन्फा नेतृत्व उदासीन

पवन आचार्य

ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) सभाहलमा १३ असोजबाट सुरु हुने सहिद स्मारक ए डिभिजन लिगको खेलतालिका सार्वजनिक हुँदै थियो । झन्डै आधा दशकपछि हुन लागेको लिगलाई लिएर सहभागी १४ वटै क्लबका प्रतिनिधि उत्साही थिए । ड्र सार्वजनिक हुँदा १३ असोजमा हुने उद्घाटन खेलमा सेनाको त्रिभुवन आर्मी क्लब र न्युरोड टिम एनआरटीबीच प्रतिस्पर्धा तय भयो । लगत्तै मन्तव्य दिने क्रममा लिगका टेक्निकल डाइरेक्टर सञ्जीव मिश्रले उद्घाटन खेल एन्फा कम्प्लेक्स सातदोबाटोमा अपराह्न ३ बजे हुने तर त्यसपछिका खेल नेपाली राष्ट्रिय टोलीले बंगलादेशमा बंगबन्धु कप अन्तर्राष्ट्रिय फुटबलमा जनाउने सहभागितामा भर पर्ने बताए । यदि नेपालले बंगबन्धुमा भाग लिए लिग तालिका परिवर्तन हुने मिश्रको भनाइको क्लबका प्रतिनिधिहरूले प्रतिवाद गरे । पछि मिश्रले आफूहरूको काम टाइसिट ड्र गर्ने मात्रै भएको र लिगबारे अन्तिम र आधिकारिक निर्णय गर्ने अधिकार एन्फा कार्यसमितिमा रहेको बताएर उनीहरूलाई थामथुम पार्ने प्रयास गरे । लामो समयपछि हुन लागेको लिगमा देखिएको बेथितिको यो मात्रै उदाहरण होइन ।

लिग उद्घाटन खेलमा सहभागिता जनाउने त्रिभुवन आर्मीका ४ खेलाडी हाल राष्ट्रिय टोलीमा छन् । गोलरक्षक विकेश कुथु, डिफेन्डर सुमन अर्यालसँगै फरवार्डद्वय भरत खवास र नवयुग श्रेष्ठ पनि हाल क्लबको प्रशिक्षणमा छन् । तर, बंगबन्धुमा नेपालको सहभागिता निश्चित भए आर्मीको तयारीमा बाधा पुग्नेछ । आर्मीका प्रशिक्षक नवीन न्यौपाने राष्ट्रिय टोलीमा अटाएका खेलाडीबिना लिगको तयारी अपूरो हुने बताउँछन् । लिग सुरु हुने र राष्ट्रिय खेलाडी उपलब्ध नहुने हो भने टोलीको प्रदर्शनमा समस्या आउने न्यौपानेको तर्क छ । एन्फाले यसबारे आफूहरूलाई समयमै जानकारी नगराएको आरोप पनि क्लबका प्रतिनिधिको छ ।

न्युरोड टिम एनआरटीका महासचिव सुन्दर जोशी एन्फाकै गलत कार्यशैलीका कारण ४ वर्षपछि हुन लागेको लिगलाई लिएर क्लबहरूमा कुनै उत्साहको सञ्चार नभएको बताउँछन् । भन्छन्- "हामीसँगको छलफलमा बंगबन्धुले लिग प्रभावित नहुने भनिएको थियो । तर, खेलतालिका सार्वजनिक गर्दा मात्रै हामीले पत्तो पायौं । निश्चित योजना नबनाउने टालटुले नीतिमा एन्फा छ । यसरी न फुटबल उँभो लाग्छ, न त क्लब र खेलाडीको भविष्य नै ।"

एन्फाले ए डिभिजन लिगलाई हल्का बनाउने प्रयास गरेको उनी आरोप लगाउँछन् । "असोज १५ मा नेपालले बंगबन्धुमा सहभागिता जनाउने/नजनाउने कुरा पनि अन्तिम समयमा आएर छिनोफानो हुने हो र ? अन्तर्राष्ट्रिय प्रतियोगिता बच्चाले भाँडाकुटी खेलेजस्तो हो ?" उनी प्रश्न गर्छन् । लामो समयपछि हुन लागेको लिग 'नखाऊँ भने दिनभरिको सिकार

खाऊँ भने कान्छाबाबुको अनुहार' जस्तो भएको छ, क्लबहरूका लागि । बंगबन्धु प्रतियोगिताका लागि ब्रेक हुने लिग तिहारपछि मात्रै सुरु हुने भएकाले त्यतिबेलासम्म खेलाडीलाई के गर्ने, कहाँ प्रशिक्षण गराउने भन्ने बलियो आधार क्लबहरूसँग छैन ।

बेथितिबीच लिग

एन्फाले ३१ भदौमा पत्रकार सम्मेलन गरेर ए डिभिजन लिग असोज १३ देखि पुससम्म काठमाडौँमा आयोजना गर्ने जानकारी गरायो । रेलिगेसन नहुने यो वर्षको लिगमा १३ र १४औँ स्थान प्राप्त गर्ने टिमले आगामी वर्ष हुने सहिद स्मारक ए डिभिजन लिगमा १ र २ अंक घटाएर प्रतिस्पर्धा गर्नुपर्ने नियम एन्फाले लगाएको छ । त्यस्तै, उनीहरूलाई लिग तयारीका लागि एन्फाले प्रदान गर्ने रकममा पनि २ लाख र ३ लाख रुपैयाँ घटाइने जानकारी गराइयो । जबकि, गत भदौमा चितवनमा सम्पन्न एन्फाको विशेष साधारणसभामा १२ देखि १४औँ स्थान प्राप्त गर्ने टिमको क्रमशः १ देखि ३ अंक घटाइने र उनीहरूको तयारी रकममा पनि ५, ३ र २ लाख रुपैयाँ कटौती गर्ने निर्णय भएको जानकारी प्रवक्ता किरण राईले गराएका थिए ।

उनै राईले सातदोबाटोमा आयोजित पत्रकार सम्मेलनमा बोली फेर्दै भने, "विशेष साधारणसभामा क्लबहरू रेलिगेसनमा नपर्दा घटाइने अंक र रकमबारेमा छलफल भएको हो । तर, क्लबहरूले अन्तिम २ वटा टिमलाई मात्रै नसिहत दिनुपर्ने अडान राखेकाले निर्णय परिवर्तन भयो ।" विशेष साधारणसभाको निर्णय उल्ट्याइएको विषयलाई एन्फा नेतृत्वले लामो समयदेखि सञ्चालन नभएको लिगलाई ट्र्याकमा ल्याउन गरिएको बाध्यात्मक कदम भनेको छ । लिग समिति संयोजक विज्ञानराज शर्मा भन्छन्, "यो वा त्यो बहानामा लिगै नहुने अवस्था आउनुभन्दा कम्तीमा लिग हुने वातावरण त बनेको छ नि ।"

एन्फाको कार्यशैली र सोच परिवर्तनको नारा बोकेर अगाडि आएको कर्माछिरिङ शेर्पा नेतृत्वको टोली अहिले क्लबहरूसामु निरीह छ । कारण, चुनावका बेला परिवर्तन पक्षधर भएको दाबी गर्ने समूहले आफूतिर आकर्षित गर्न क्लबलाई विभिन्न प्रलोभन देखायो । त्यसैको कडीको रूपमा रेलिगेसन नहुने लिग सञ्चालन हुन लागेको हो । संसारमा नेपाल मात्रै एउटा मुलुक होला, जहाँ घटुवा नहुने लिग फुटबल आयोजना हुँदैछ । घटुवा र बढुवा लिगको मुटु हो । नेपालको हकमा लिगको मुटु गायब भएको छ ।

खेलाडी दर्ता र मैदान अभावमा लिगमा सहभागिता नै हुन नसक्ने अवस्था आएपछि एन्फाको पहलमा काठमाडौँ महानगरपालिकाले क्लबहरूलाई अस्थायी मैदान उपलब्ध गराउन राजी भयो । काठमाडौँको टुँडिखेलमा मच्छिन्द्र, संकटा, रानीपोखरी कर्नर टिम आरसीटी र न्युरोड टिम एनआरटीले प्रशिक्षण गर्दैछन् । त्यति मात्रै होइन, काठमाडौँका क्लबहरूलाई महानगरपालिकाले ९ लाख ३० हजार रुपैयाँ पनि उपलब्ध गराउने भएको छ । क्लबहरूले आफ्नो अभावलाई यतिखेर एन्फालाई प्रभावमा पार्ने अस्त्रका रूपमा प्रयोग गर्न थालेका छन् । त्यस्तै, एन्फाले लिग तयारी स्वरूप १४ वटै क्लबहरूलाई २० लाख रुपैयाँ उपलब्ध गराउँदै छ । फुटबलको सर्वोच्च प्रशासनिक निकाय फिफाको 'फिफा फरवार्ड फुटबल डेभलपमेन्ट कार्यक्रम' अन्तर्गत ए, बी र सी डिभिजन लिग सञ्चालन गर्न प्राप्त ६ लाख ८८ हजार अमेरिकी डलरमध्ये ए डिभिजन लिगका लागि ५ करोड ८० लाख रुपैयाँ खर्चिने एन्फा महासचिव इन्द्रमान तुलाधरको भनाइ छ । त्यसबाहेक प्रत्येक म्याच जित्ने क्लबलाई अतिरिक्त ५० हजार रुपैयाँ प्राप्त हुनेछ ।

घट्यो लिगको पुरस्कार रकम

चुनाव आउने बेलामा क्लबहरूसँगको छलफलमा हालका एन्फा अध्यक्ष शेर्पाले भनेका थिए, "हामीसँग लिग सञ्चालन गर्ने आकर्षक विधि र प्रक्रिया मात्रै होइन, पुरस्कार रकम पनि आकर्षक नै राख्ने योजना छ ।" चुनाव सकिएको ६ महिनापछि सञ्चालन हुन लागेको ए डिभिजन लिगमा पुरस्कारको रकम घटाइएको छ । यसअघिको ए डिभिजन लिग विजेताले ७५ लाख र राष्ट्रिय लिग विजेताले १ करोड रुपैयाँ हात पारेका थिए । तर, प्रथम पुरस्कारमा रकम कम देखिए पनि समग्रमा धेरै टोलीले राम्रै रकम पाउने एन्फा अध्यक्ष शेर्पाको तर्क छ । "पहिलोदेखि छैटौँ स्थानसम्मका टिमले पाउने रकमलाई

विवेक सुवेदी

पत्रकार सम्मेलनमार्फत आयोजना हुने फुटबल खेलको जानकारी दिँदै एन्फा पदाधिकारीहरू, ३० भदौ

जोड्ने हो भने यसअघि सञ्चालन गरिएको लिगभन्दा यसपटक धेरै रकम पुरस्कारमा खर्च हुनेछ," शेर्पा भन्छन्।

लिग विजेताले ५० लाख, उपविजेताले ३५ र तेस्रो स्थान हासिल गर्नेले २५ लाख रुपैयाँ प्राप्त गर्नेछन्। चौथो हुनेले १५, पाँचौंले ७ र छैटौं हुनेले ५ लाख रुपैयाँ हात पार्नेछन्। व्यक्तिगत विधातर्फ उत्कृष्ट फरवार्ड, मिडफिल्डर, डिफेन्डर, गोलकिपर र उत्कृष्ट प्रशिक्षकलाई एक-एक थान मोटरसाइकल प्रदान गरिने अध्यक्ष शेर्पाले बताए। त्यसबाहेक प्रत्येक म्याचको म्यान अफ दि म्याचलाई नगद १० हजार रुपैयाँ पुरस्कार दिइने एन्फाले जनाएको छ। सहिद स्मारक ए डिभिजन लिग विजेताले एसियन कप २०१९ मा सहभागी हुन पाउनेछ।

म्याच फिक्सिङको टाउको दुखाइ

घरेलु लिगमा म्याच फिक्सिङको टाउको दुखाइ एन्फाले झेल्दै आएको नियमित समस्या नै हो। अझ यसपटक रेलिगेसनमा नपर्ने भएपछि खेल मिलेमतोको संख्या बढ्ने अनुमान फुटबल पण्डितहरूको छ। तर, एन्फा अध्यक्ष शेर्पा अन्तिम २ मा आउने क्लबहरूले आगामी वर्ष अंक र लिग तयारीको रकम कम पाउने भएकाले म्याच फिक्सिङ नहुने तर्क गर्छन्। खेल मिलेमतो निरुत्साहित गर्न एन्फाले इन्टिग्रिटी विभागको निगरानीमा खेल सञ्चालनको तयारी गरेको छ। त्यसका लागि नेपाल प्रहरीका पूर्वडिआईजी सुदीप आचार्य इन्टिग्रिटी अफिसर नियुक्त गरिएका छन्। खेल हुने हल्चोकस्थित सशस्त्र प्रहरीको मैदान र एन्फा कम्प्लेक्स सातदोबाटोमा विशेष क्यामेरा जडान गर्ने एन्फाको योजना छ।

कुनै पनि मुलुकको फुटबलको विकासलाई हेर्ने मापदण्ड भनेको त्यहाँ सञ्चालन हुने घरेलु लिग नै हो। लामो समय लिग नहुँदा त्यसको प्रभाव नेपाली राष्ट्रिय टोलीमा पनि परेको एन्फा कार्यसमिति सदस्यहरूले नै स्वीकार्दै आएका छन्। तर, गर्नका लागि मात्रै लिग गर्दा न त्यसले नेपाली खेलाडीको विकासमा कुनै टेवा गर्छ, न त एन्फाले भन्दै आएजस्तो फुटबलको व्यवसायीकरणमा मद्दत गर्नेछ। यसअघिको नेतृत्वले लिग गर्न नसकेको तर नयाँ नेतृत्व आएलगत्तै लिग गरेर देखायौं भनेर आत्मरतिमा रम्नुबाहेक अब हुने लिगबाट पनि ठोस उपलब्धि हासिल नहुने देखिएको छ। ने

भास्वर ओझा

नाटक घरजस्तो

तीन दर्जन स्टेज नाटक गरिसकेकी छन्, सिर्जना सुब्बाले । एउटै नाटकमा चार–पाँच थरी भूमिका वहन गरेको अनुभव पनि छ । तर, एउटाबाहेक अरू चरित्र स–साना थिए, सोही कारण एउटाबाट अर्कोमा रूपान्तरित हुन खासै मुस्किल पर्दैनथ्यो । हाल मण्डला थिएटरमा मञ्चन भइरहेको नाटक *जालिनी*मा उनका जम्मा दुइटा भूमिका छन् । तैपनि, पात्रलाई जीवन्तता दिन बडो सकस परिरहेको छ । कारण, दुवै चरित्र महत्त्वपूर्ण छन् र एकअर्कामा भिन्न पनि । एउटा, कथावाचक । अर्को, दासहरूकी विद्रोही महिला, जलजला । रंगमञ्चमा झन्डै डेढ दशक बिताइसकेकी सिर्जना भन्छिन्, "फरक आयामका पात्र स्टेजमा वहन गर्न साँच्चै कठिन रहेछ । अभिनय गरिरहँदा एकअर्कामा पात्रको प्रभाव पर्छ कि भन्ने डर हुन्छ । तैपनि, राम्रो गर्ने प्रयास गरिरहेकी छु ।"

प्रायः नारी विषयक नाटकमा काम गरेकी छन् । गत वर्ष *युमा* नाटक निर्देशन गरेर आफ्नो क्षमताको नयाँ पाटो उघारिन् । उनलाई नेपाली नाटकमा नारीका विषयले यथेष्ट स्थान नपाएको आभास हुन्छ । मण्डलाकी संस्थापक उपाध्यक्षसमेत रहेकी सिर्जना भन्छिन्, "महिला लेखक नहुनुको परिणाम हो यो । त्यसैले कलाकार र निर्देशक मात्र होइन, महिला लेखक अझ आवश्यक छ ।" नयाँ नाटक निर्देशन गर्न लागिपरेकी उनी अनुभव लिएर मात्र निर्देशनमा लाग्नु उचित हुने धारणा राख्छिन् ।

सिर्जनाले *लुट, डाइङ क्यान्डल, चक्कर, मिस्टर भर्जिन, लुट २* लगायत एक दर्जन फिल्ममा पनि अभिनय गरेकी छन् । नाटक र फिल्ममा कुन प्यारो ? सिर्जना भन्छिन्, "मेरा लागि नाटक भनेको घर हो, फिल्म भनेको घर छाडेर 'रिफ्रेस' का लागि घुम्न गएजस्तै ।"

■ गोकर्ण गौतम

तीन किताब

सरिता तिवारी | साहित्यकार

वैचारिक यात्रामा

सागर कार्की

प्रायः राजनीतिक पुस्तक नै छनोटमा पर्थे पहिले । पछिल्लो समय काम र रुचिले पनि बहस, विमर्शका किताबमा समय लगाउँछु । स्वाभाविक रूपमा महिला विमर्शका किताब अलि बढी पढ्छु । आफैंलाई प्रश्न गर्दै उत्तर खोज्ने सकर्मक ऊर्जा दिने किताबले तान्छ । किताबकै कारण विचारहरू निरन्तर बनिरहेका–भत्किरहेका हुन्छन् । जीवनशैली नै किताबसँग नजोडिई असम्भव भइसकेको छ ।

पारिजातका उपन्यासमध्ये सबैभन्दा ढिलो पढेकी हुँ, *पर्खाल भित्र र बाहिर* । *शिरीषको फूल*भन्दा यो उपन्यास उच्चकोटिको छ । तर, यसबारे प्रचार निकै कम छ । नेपाली साहित्यमा पारिजातले यति सुन्दर–भव्य कृति पनि दिएकी छिन्, एउटा ठूलो वैचारिक कायाकल्प गरेर । यो एकरेखीय यात्रामा हिंडेका लेखकका लागि असामान्य कुरा हो । यसमा विषय, पात्र र पीठिका सबै अद्भुत लाग्छन् । पञ्चायतकालका कठोर दिनलाई बन्दीगृहको फलामे ढोकाभित्रको फ्रेममा राखेर प्रस्तुत गरिएको यस उपन्यासको भाषा पनि उत्तिकै सम्मोहक लाग्छ । हिजो राजनीतिक आन्दोलन बोकेर हिंडेका मानिसहरूसँग देशका लागि कति गहिरो सपना थियो, आफू हिंडेको बाटोप्रति कत्रो विश्वास थियो ! जेलभित्र पनि ती कति सिर्जनात्मक र आशावादी नजरले समयको चेतनालाई थामेर सोच्थे भन्ने प्रसंग छ किताबमा ।

पोहोर महिला विषयक किताब खोज्न दिल्ली चक्कर लाउँदा बहुत दुःख पाएँ । पहिलोपल्ट किताब खोज्न भनेरै दिल्ली गएको त्यो पनि ल्याङफ्याङ पाराले, एक्लै । मध्यम खालका किताबमा नै बजेट सकियो । पोखराबाट फर्कंदा चाउथेमा मलाई निकै बेर पर्खेर साथी गनेस पौडेलले झ्यालबाट गज्जबको किताब थमाए । पढ्न सुरू गरेपछि थाहा भयो, त्यो त आजको संसार हल्लाइरहेको किताब रहेछ, युवल नोह हरारीको *स्यापियन्स* । नखोजेको तर पढ्नैपर्ने किताब अचानक पाउँदा आश्चर्यमा परें ।

बीचका रास्ता नहीं होता भारतीय कवि अवतारसिंह पाशका लगभग सबै कविताको समष्टि हो । यसभित्रका बलिया कविताले जहिल्यै प्रभावित गर्छन् । देश मात्रै होइन, पूरै विश्व परिवेशमा आफैंसँग सशंकित हुनुपर्ने स्थिति छ आज । आफैंलाई गालामा हानेर झक्झक्याउनुपर्नेछ बारम्बार । हामी आफैंभित्र कुनै दिन प्रतिगामी विचार आउने हो कि भन्ने भयको बीचमा न्याकबाट झिकेर अलिबेर यसका थप्पड लाउने शब्द छाम्छु र रिचार्ज हुन्छु । जिम्मेवार कम्युनिस्ट र उच्च संवेदनाका कवि पाशका कविता इतिहासका अभिलेखजस्ता लाग्छन् । कविता र जीवनलाई अभिन्न बनाउने साहस दिन्छ पाशको यस किताबले ।

पञ्चायतविरोधी राजनीतिबाट प्रभावित दाइले कम्युनिस्ट विचारका किताबहरू ल्याउनुहुन्थ्यो । किताबले मलाई ठूला दुर्घटनाबाट 'रेस्क्यु' गरेका छन् । अग्रज लेखक नारायण ढकालका मुखबाट पहिलो पटक सुनेको हर्मन हेस्सेको *सिद्धार्थ*बारे । पछि साथी अमर न्यौपानेले सिफारिससहित सौजन्यसमेत गरे र पढें । यसमा बुद्धकालीन समाजको एउटा ब्राह्मण किशोरको अनुभवजन्य सत्य खोज्ने कठोर यात्राको कथा छ ।

यो उपन्यास मेरा परम्परित रोजाइका किताबभन्दा धेरै फरक छ र पनि यो मलाई असाध्यै मन पर्छ । *सिद्धार्थ*को असामान्य पात्रताले प्रभावित गरेको हो । कारण, ऊसँग तथाकथित भौतिक सुखका अनेक अवसर थिए । बुद्धसँग ठोक्किएर पनि ऊ बुद्ध बन्दैन, बरू मोक्षको बाटोमाथि सन्देह गरेर आफ्नो छुट्टै गोरेटो खन्छ । सिद्धार्थको सत्यान्वेषण जसरी नदीमा आएर टुंगिन्छ, त्यो निकै अर्थपूर्ण लाग्छ । यसमा नदीका दुई धार जस्तै जीवनका परस्पर विपरीत किनाराहरूको निर्मम घर्षण छ । आफ्नै पूर्वधारणा र विचारलाई फड्केर नयाँ भंगालो पक्रने साहसका लागि यो उपन्यास म पटक–पटक सम्झिन्छु । गम्भीर प्रतीकात्मक अर्थ भेटाउँछु यसमा । यो आध्यात्मिक यात्रामा मात्रै होइन, हरेक वैचारिक यात्रामा लागू हुन्छ ।

■ प्रस्तुति : गुरुङ सुशान्त

समयचेतका कविता

रमण घिमिरे

तीस दशकको मध्यदेखि चालीस दशकको अन्त्यसम्म विश्वविमोहन श्रेष्ठ, अशेष मल्ल, दिनेश अधिकारी, विष्णुविभु घिमिरेहरूले नेपाली कवितालाई नयाँ मोड र आयाम दिने भरपुर कोसिस गरे । यस पुस्ताका यी कविहरूमा काव्यसिर्जनामा सहकार्य हुँदाहुँदै पनि सिर्जनशीलतामा पृथकता र मौलिकता थियो । कवि विश्वविमोहन श्रेष्ठ यस पुस्ताका एक झरझराउँदा कवि हुन् । त्यही कालखण्डमा उनले लेखेको एउटा कविता पछिसम्म पनि औधि लोकप्रिय भयो- 'म भात जोरूँ कि कविता लेखूँ' । यही शीर्षक राखेर श्रेष्ठको कवितासंग्रह प्रकाशित छ ।

'यात्रा' देखि 'म भात जोरूँ कि कविता लेखूँ' सम्म छिचोल्दा उनका ३५ वटा कविता पढ्न पाइन्छ । र 'म भात जोरूँ कि कविता लेखूँ' भित्रका यी कवितामा देशले भोग्दै आएको विसंगति र विचलन, मानिसले खेप्दै आएको पीडा र सास्ती मात्र होइन, आशावादी धारका कविताहरू पनि पढ्न पाइन्छ । 'यात्रा' यस्तै आशावादी कविता हो भने 'म भात जोरूँ कि कविता लेखूँ' एउटा कविको बाध्यात्मक अभिव्यक्ति हो- म परिवारको भोको पेट भर्ने काममा लागूँ कि कविता लेखेर सिर्जनाको खेती गरूँ ?

प्रजातन्त्रको आह्वानमा रचिएको 'तिमी आउँछौ भन्ने सुनेर' कवितामा उनले पोखेको अभिव्यक्तिमा एउटा आशा र संशय पनि छ । यसलाई आजको समयसँग दाँजेर हेर्‍यो भने अझ सापेक्षित हुन्छ । भलै, कविता धेरै पुरानो हो । आशा गरेको प्रजातन्त्र आयो तर संशय यथावत् छ । रोगीलाई दुई गोली औषधी आएन, जनताले भरपेट खाने अवस्था आएन । न ठिहीमा लुगलुग कामिरहेकाहरूलाई ओढ्ने लिएर आयो, न त सम्पूर्ण विश्वलाई एक तला माथि उठाउने आन्दोलन भएर आयो । तर, फेरि 'सूर्य : जो सधैं यस बस्तीमा आउँछ' ले एउटा नयाँ आशा र उमंग जगाउँछ । अनि, 'खै त्यस्तो त केही देखिएन', 'रमेशमान, विज्ञान र जीवन', 'को हाँकेर हिंडिरहेछ' कविताले असन्तुष्ट समय र परिस्थितिको वर्णन गर्छन् ।

'म जिन्दावाद गाइरहेछु' यस संग्रह पाठकलाई आन्दोलित पार्ने एउटा कविता हो । अनि, फेरि 'नयाँ नेपालको चित्र लेख' ले मानिसलाई आश्वासन र नवनिर्माणका लागि अभिप्रेरित गर्ने कविता हो ।

यसरी कवि विश्वविमोहनको 'म भात जोरूँ कि कविता लेखूँ' संग्रहभित्रका हरेक कविताले पृथक् काल र परिस्थितिलाई सम्बोधन गरिरहेका हुन्छन् । फरकफरक समयमा लेखिएकाले होला- प्रायः कविताले भिन्नभिन्न चेत र अवस्थाको कथा भन्छन् । यसैमध्येको 'मृगतृष्णा' एउटा गणितीय कविता हो । तर, यसले एउटै नियतिचक्रमा घुमिरहनुपर्ने जागिरे जीवनको नियतिलाई मृगतृष्णामा परिभाषित गरेको छ । छोटो तर सटिक अर्को उनको कविता हो 'एक टुक्रा' ।

केही कविताले समयलाई पनि समाइरहेका छन् । हुन त, कविताले समाउने भनेकै समयलाई हो । तर, विश्वविमोहनका 'पानी गल्दैन' ले नेपालमा एक्लो मनोरन्जनको साधन रेडियो हुँदाको छेकको कुरा गरेको छ । यसले चालीस दशकअघिको नेपाललाई सम्बोधन गर्छ । अनि, 'गोर्खा पल्टनको सिपाही' ले भाग्यबाट निर्वासित लाहुरबाट फर्केको एउटा गोर्खा पल्टनको सिपाही' को विवशता बोल्छ, पुरानै समयलाई ।



म भात जोरूँ कि कविता लेखूँ

लेखक : **विश्वविमोहन श्रेष्ठ**
प्रकाशक : **साझा प्रकाशन**
पृष्ठ : ९४
मूल्य : रु. १९०

विश्वविमोहनका केही कविता (२०४४), *एउटा गन्तव्यको खोजीमा* (२०६२), *अंगारका धमिला धर्सा* (२०६२) तीन कवितासंग्रह यसअघि नै प्रकाशित गरिसकेका श्रेष्ठको यो काव्यकृतिमा परिस्कृत कविताहरू पढ्न पाइन्छ । फेरि यसो भन्नु पनि अन्तिम सत्य होइन । किनभने, उनका अघिल्ला काव्यकृतिहरूमा पनि सशक्त शैली, विम्ब र सन्देश अभिव्यक्त भएकै छन् । तर, विविधताका दृष्टिले यो कृति अझ उम्दा र गहनतम छ ।

रातको मध्य पहरमा
जेलको घडीले बाह्र हान्दा
चिर्दै सन्नाटालाई सडक बोल्छ
हरेक बिहान मन्दिरका घन्टाहरूसँगै
सरहमा एकाएक कोलाहल ब्यूँझँदा
वेश्याको चिसो तन्नासँगै सडक बोल्छ
(सडक बोल्छ)

जसरी 'पानी गल्दैन' मा सञ्चार-मनोरन्जनको एक मात्र साधन रेडियोलाई संकेत गरिएको छ, त्यसरी नै 'सडक बोल्छ' मा समय-सूचनाको छनक प्रस्तुत गरिएको छ । अर्थात्, कुनै समयको राजधानीमा घन्टाघरबाहेक समयसूचित माध्यम जेलको घडी रहेछ । कविताको अभ्यन्तरमा कविले अनेकौं घटना-परिघटना, भोगाइहरूको बेलिविस्तार लगाए पनि समय र परिस्थितिजन्य कुरालाई थाहै नपाउने गरी सूचित गरेका छन् । त्यस कालावधिको खास अवस्थालाई वर्णन गरेका छन् ।

समग्रमा 'म भात जोरूँ कि कविता लेखूँ' कविता-संग्रहभित्र कवि विश्वविमोहनले यथार्थ र कल्पनासँगै स्वचिन्तनलाई पनि सुपठनीय शैलीमा प्रस्तुत गरेका छन् । र, ०४४ सम्मको कालक्रमलाई यसमा समेटेका छन् । तर, सिर्जनाकाल तीन दशकअघिको भए पनि उनको कविताले अभिव्यक्त गरेको कथा त आजको मानिसले पनि त्यही रूपमा भोगिरहेछ ।

छ-पांग्रे ग्यास च्याम्बर

विनोदविक्रम केसी

मको हुँ ?

मान्छे हुँ कि इँटा हुँ ?
मान्छे हुँ कि भेडाबाख्रा हुँ ?
मान्छे हुँ कि गुन्द्रुक हुँ ?

कसैको कठालो समातेर गर्नुपर्ने प्रश्न हुन् यी । तर, व्यस्त छन् मेरा हात, बसको डन्डी समाउनमा ।

हरेक दिन खात लाग्छु, चाङ लाग्छु, हुलिइन्छु, कोचिइन्छु, च्यापिइन्छु, खाँदिइन्छु । अमानवीयकरणको एउटा प्रक्रियामा सरिक हुन्छु । यसरी यो देशको सार्वजनिक यातायात मलाई मान्छेबाट तल खसाल्न उद्यत छ ।

दालभातसहित जिन्दगीका यावत् धन्दा चलाउन म दिनमा ५० किलोमिटरजति गुड्छु । चार वटा बस चढ्छु । घर-अफिस, अफिस-घरको यो सतत चक्करमा कहिलेकाहीं कवि पाशलाई सम्झन्छु ।

सबसे खतरनाक होता है
मुर्दा शांति से भर जाना
न होना तडप का सब सहन कर जाना
घर से निकलना काम पर
और काम से लौटकर घर जाना
सबसे खतरनाक होता है
हमारे सपनों का मर जाना ।

यो देशको सार्वजनिक यातायात मेरा सपनाहरू मार्न उद्यत छ ।

कहिलेकाहीं मलाई गणित-प्रवीण बन्ने लहड चल्छ । हिसाब गर्न मन लाग्छ, मैले जीवनको कति समय बस कुरेर बिताएँ होला ? भरिलो बैंसमा मैले प्रेमिकाको त्यति प्रतीक्षा गरिनँ होला, जति म बसको प्रतीक्षा गर्छु ।

ठ्याक्कै तेइस वर्ष भएछ, सार्वजनिक यातायातको सिकार भएको । नियमित सिकार । यो काँठको बासिन्दा केन्द्र-काठमाडौंको सेवामा हाजिर हुन थालेको पनि एक जुग भयो । म त्यसरी नै उपस्थित हुन्छु सहरमा, जसरी युगौंदेखि सभ्य काठमाडौंले कोर्काली भन्ने काँठ दूध, सागपात, तरकारी, फलफूल बोकेर एकाबिहानै उसको दैलोमा उपस्थित हुन्छ । बस चढेर काँठ काठमाडौं आउँछ, जसरी आउँछु म ।

सडकमा बस मात्रै गुड्दैन, झुन्ड-झुन्डको दादागिरी पनि गुड्छ, जसलाई सिन्डिकेट भनिन्छ । साँच्चै, सिन्डिकेट त तोडियो क्यारे ! तोडियो भन्छन्, तोडियो होला । लोकसेवा आयोगको परीक्षामा सोधिन सक्ने एउटा प्रश्नमा तोडियो होला- कसको कार्यकालमा यातायातको सिन्डिकेट तोडियो ? तर, व्यवसायीको मनोमानी तोडिएको छैन । खाँदिएर, गुम्सिएर यात्रा गर्नुपर्ने दुःखी नागरिकको बाध्यता तोडिएको छैन । हिजो पनि बस छ-पांग्रे ग्यास च्याम्बर थियो, आज पनि बस छ-पांग्रे ग्यास च्याम्बर नै हो ।

जिन्दगी संघर्ष हो । दुनियाँमा यो जति थोत्रो वाक्य कुन होला ? विश्वप्रसिद्ध व्यक्तित्वदेखि टोलवरिपरि चर्चा-सीमित-व्यक्तिसम्मका मुखबाट निक्लने यो अभिव्यक्तिको गुरूत्व र वजन कहीं प्रमाणित हुन्छ भने बसमा हुन्छ । चढ्नु, हूलको हिस्सा हुनु, जीउ बंग्याएर उभिनु, पेलिनु र भएभरका असुबिस्ता र असुविधालाई आत्मसात् गर्नु...। जिन्दगी संघर्षबाहेक अर्थोक के हुन सक्छ ?

कुनै बेला हाम्रो काँठतिर एक टुक्रा जग्गा बेचेर भए पनि मोटरसाइकल किन्ने चलनैजस्तो बसेको थियो । बीस-बाइस वर्षअघि होला । त्यतिबेला मोटरसाइकलको नम्बर प्लेटमा बा.अ.फ. लेखिएको हुन्थ्यो । जसले जग्गा बेचेर बाइक चढ्यो, त्यसलाई हामी उडाउँथ्यौं- 'बारी अब फर्किंदैन ।' जमिनप्रेमी आमाबाउले सन्तानलाई माटो बेचेर मोटरसाइकल किन जुटाइदिन्थे होलान् ? सायद ती आफ्ना सन्तानलाई बसबाट मुक्ति दिन चाहन्थे ।

म रूट नम्बर २२ को यात्रु हुँ । नाम दक्षिणकाली यातायात । पुरानो बसपार्कदेखि दक्षिणकाली मन्दिरसम्म करिब २० किलोमिटरको यात्रा गर्दा (ग्यारेन्टी दिन्छु) बेहोर्ने हैरानी र पट्यारले तपाईंलाई लाग्नेछ- सहरबाट यति दूरदराजमा आइपुगियो कि अब भेटिइनेछन् आदिम गाउँबस्ती । तर, तपाई फर्पिङमा हुनुहुनेछ, ऐतिहासिक नगरी फर्पिङ ।

पंक्तिकार हरेक दिन कवि पाशले खतरनाक तोकिदिएको अफिसबाट घर जाने क्रममा पुरानो बसपार्क पुग्छ । त्यसपछि सहिदगेट, त्रिपुरेश्वर, टेकु, कालिमाटी, कुलेश्वर, बल्खु, सुन्दरीघाट, चोभारगेट, चोभार डाँडो (जसलाई लभ डाँडो पनि भनिन्छ), हिमाल सिमेन्ट, चुन कारखाना, लप्सीको बोट, टौदह स्कुल, टौदह, पानी ट्यांकी, खहरे र मूलपानी डाँडा । करिब १० किलोमिटरको यात्रा । थप यति नै यात्रा गरेपछि पुगिन्छ दक्षिणकाली ।

दक्षिणकाली यातायातका बसहरू धुइँचोका लागि विख्यात छन् । एउटा बसमा कति मान्छे अट्छन् ? मैले आजका मितिसम्म भेउ पाउन सकेको छैन । अचम्मको गणित लागू हुन्छ, दक्षिणकालीको बसमा- 'एउटा बसमा जति पनि मान्छे अटाउँछन् ।' कोचाकोच मान्छे हुन्छन् र पनि



कन्डक्टर भनिरहेको हुन्छ, 'अलि-अलि सरौं है, सरौं ।' ख्याल गर्नुभएको छ ? यो कन्डक्टर भन्ने जीव अचम्मको दृश्य शक्तिले लेस हुन्छ । जहाँ तपाईं चार अम्मल ठाउँ देख्नुहुन्न, त्यहाँ उसले चार जना मान्छे अटाउने ठाउँ देख्छ । देख्छ मात्रै होइन, अटाएरै छाड्छ ।

मंगलबार र शनिबार हामी बीच ठाउँका बासिन्दाका लागि दक्षिणकालीको बस चढ्नु युद्ध जित्नुबराबर हो । तपाईंलाई अलिकति कल्पनाशील बनाउने अनुमति दिनुहोस् । दिमागमा दृश्य खिच्न थाल्नुहोस् । (कुनै) शनिबार १० बजेतिर म सपत्नी तीन वर्षको छोरो बोकेर उभिएको छु, मूलपानी डाँडामा । षाण्चत्री साधन आउँछ, रोकिन्छ । हामी चढ्छौं । बसभरि भक्तजन छन् । रातो टीकाले निधार ढाकेका, गलामा माला लाएका । लामो न्याकभरि भाकलमा चढाइएका कुखुराका भालेहरू लम्पसार छन् । बसभरि धर्मातीहरू छन् र हामी एक हातले डन्डी समाउँदै अर्को हातले अफ्ठेरो गरेर छोरो बोकिरहेका छौं । मेरी श्रीमती च्याँठिन्छिन्, 'कसैले त (हाम्रो बाबु) बोकिदिए हुने नि ! वाँ भने धर्म गरेर आएका रे ! धर्माती रे !'

मलाई धर्मातीहरूको औकात थाहा छ । मलाई दक्षिणकाली मन्दिरको औकात पनि थाहा छ । अनि, प्रताप मल्लको पनि औकात थाहा छ । किंवदन्ती छ- नौ-दस वर्षकी बालिकालाई प्रताप मल्लले जबर्जस्ती करणी गर्‍यो । ती अबोधको मृत्यु भयो । पाप कटाउन प्रताप मल्लले दक्षिणकाली मन्दिर बनाउन लगायो । 'दक्षिणकालीको बस सधैं यस्तै हो'- हरेक यात्रुको एउटै टिप्पणी हुन्छ । सधैं भीडग्रस्त, सधैं च्यापाच्याप । तर, सत्य के हो भने सार्वजनिक यातायात बेथितिको 'नेम', 'मिडिल नेम' र 'सरनेम' तीनै थरी नाम भएकाले दक्षिणकालीको मात्र होइन, साँखु, थानकोट, कीर्तिपुर, सुन्दरीजल, भक्तपुर, बनेपा, लेले सबैतिरको बस सधैं यस्तै हो । नेपालभरिकै बस सधैं यस्तै हो ।

बसमा भीड छ । घुँडा कटकटी खाने सत्तरी वर्षीय वृद्ध उभिएका छन् । ढोलजत्रो भुँडी लिएर नौ महिनाकी गर्भवती उभिएकी छिन् । बिरामी उभिएका छन् । 'अपांगता' को पीडाले ग्रस्तहरू उभिएका छन् । म उभिएको छु । तपाईं उभिनुभएको छ । र, उभिएको छ एउटा प्रश्न । यो देशमा रेल कसलाई चाहिएको हो ?

मलाई त (सायद तपाईंलाई पनि) अलिकति सुबिस्ता दिने बस चाहिएको छ । यो देशका सडकभरि साझा यातायातका जस्ता ठूला र फराकिला बस चाहिएका छन् । 'भार्ने, टिप्ने र दौडिहाल्ने' महानगरका जस्ता बस चाहिएका छन् । भ्यास-पतिंगर यातायातका पत्करे डोकाजत्रा बसहरू चढ्दा-चढ्दा, तिनका देहभित्र खाँदिदा-खाँदिदा वाक्क भइसकें म । 'चमेरे सिट' (उभिएर बसको डन्डी समाइएको अवस्थालाई भुक्तभोगी यात्रुहरूले दिएको परिभाषित शब्दावली) मेरो नियति बन्नु हुँदैन ।

डन्डी समातेर उभिँदा कहिलेकाहीं म रोचक मनोदशामा पनि हुन्छु । भोल्तेयर भन्थे, 'एउटै त क्रिस्चियन थियो दुनियाँमा, निर्दयीहरूले उसलाई पनि शूली चढाइदिए ।' म पनि दुनियाँमा एउटै छु, आफ्नै खालको । मलाई पनि सार्वजनिक यातायातका गुण्डाहरूले...। तर, दैनिक हुने मेरो क्रुसिफिक्सन अलिक संकीर्ण र अलिक साँघुरो हुन्छ । म जिससले भैं हात फिँजाउन कहाँ पाउँछु र ? बसको डन्डी समातेका हात खुम्चिएका हुन्छन् । खुट्टाको अवस्थिति चाहिं मेरो पनि क्रसमा टाँगिएका जिससको जस्तै हुन्छ ।

कुनै बेला त उभिँदा-उभिँदा यति गाह्रो हुन्छ कि कसैले सिट छोडिदिन्छ भने बदलामा उसलाई सिंगै पृथ्वी दिऊँजस्तो लाग्ने ! तर, सिट छोडिदिने कसले ? बसभित्रको वर्गीय समाजमा उभिने र बस्ने दुई वर्ग हुन्छन् । सिटमा बस्नेहरू मोबाइलमा घोप्टिएका हुन्छन् । खै, कता पो सुनें- यो घोप्टे युग हो । घोप्टे युगमा सबै घोप्टिएका हुन्छन् । मोबाइलमा, ल्यापटपमा, ह्यान र त्यान ग्याजेटमा । अचेल बसमा कसैले पत्रिका पढेको देखिँदैन । घोप्टे युगकै करामत हो यो ।

तेइस वर्षमा बसका आकारप्रकार, रूपरङ कति फेरिए होलान् ! तर, तिनका भित्तामा लेखिइने दुइटा वाक्य जस्ताको तस्तै छन् । 'पाकेटमारदेखि सावधान !' र 'आफ्नो सामानको सुरक्षा आफैं गर्नुहोला !' पाँच सात वर्षयता बसहरूले पशुपतिनाथलाई चटक्कै छोडिदिए । नत्र हरेक बसमा 'श्री श्री श्री पशुपतिनाथले रक्षा गरून् !' लेखिएका हुन्थे । सायद पशुपतिनाथबाट रक्षा र कल्याणका मामिला पार नलाग्ने सत्य बोध गरियो । अहिले अर्को एउटा वाक्य पनि हरायो- 'हामी सबै मिलीजुली यात्रा गरौं !' मलाई मिलीजुलीको बिजोग देख्दा भाउन्न हुन्थ्यो । बसैपिच्छे यसका ह्रस्वदीर्घ फरक-फरक हुन्थे- 'मीलीजुलि', 'मिलिजुलि', 'मीलीजूली', 'मिलिजूली'...। मैले मिलीजुलीका सहस्र रूप तथा औतार देखेको थिएँ ।

बसलाई म ग्यास च्याम्बर देख्छु । बसलाई म ग्यास च्याम्बर भन्छु । छ-पांग्रे ग्यास च्याम्बर । चारपांग्रे ग्यास च्याम्बर पनि हुन्छ, माइक्रोबस ।

हिटलरले लाखौं यहुदी संहार गरेथ्यो, ग्यास च्याम्बर प्रयोग गरेर ।

मान्छेका रूपमा मेरा विभिन्न आयाम छन् । छ-पांग्रे ग्यास च्याम्बर प्रयोग गरेर मेरा ती आयाम संहार गरिँदै छन् । हाइड्रोजन साइनाइड र कार्बन मोनोअक्साइडजस्ता विषालु ग्यासको प्रयोगबिनै ।

हजारौं ग्यास च्याम्बर सञ्चालन गरेको थियो, नाजी जर्मनीले । भनिन्छ- हिटलर ग्यास च्याम्बर निरीक्षण गर्न कहिल्यै गएन ।

यो देशका शासक पनि त बस चढ्दैनन् । ने

साँच्चै, सिन्डिकेट त तोडियो क्यारे ! तोडियो भन्छन्, तोडियो होला । खाँदिएर, गुम्सिएर यात्रा गर्नुपर्ने दु:खी नागरिकको बाध्यता तोडिएको छैन ।

उहिले र अहिलेका कुरा

विश्वविद्यालयको कालोपाटीमा चार दशक चक घोटेका प्रा मोहनराज शर्माका औँला अचेल आइफोन र आइप्याडमा कुद्न थालेका छन् । ८० वसन्त पार गरिसकेपछि जाँगर घट्दै गएको अनुभूति उनी स्वयंलाई हुन्छ । भन्छन्, "कति कथा दिमागमा छन् । टाइप गर्ने जाँगर खासै छैन ।"

अहिले आइफोन ६, आइप्याड र तोसिबाका ल्यापटप नै उनका साथी हुन् । यी उपकरण चलाउँदै उनका दिन बित्छन् । सिंगो *पल्ली* उपन्यास उनले आइप्याडमै टाइप गरे । भन्छन्, "टाइपिङ गति छैन । तर, अरू उपाय पनि छैन ।" एउटा अर्को उपन्यास आइप्याडमै टाइप गर्दा उडेको र रिकभर नभएको तीतो अनुभव पनि उनीसँग छ । तर, यस्ता इलेक्ट्रोनिक उपकरण नहुँदा पहिलेजस्तो आफ्ना हरेक लेख-रचना पुनर्लेखन तथा साफी गर्नुपर्ने झन्झटबाट भने मुक्ति पाएको अनुभव उनी साट्छन् । त्यसमाथि इ-बुक्स पढ्न पाएकामा उनी औधि खुसी छन् ।

*इमेल, फेसबुक, भाइबर, मेसेन्जर, क्याल्कुलेटर*जस्ता एप्लिकेसन उनी अत्यधिक चलाउँछन् । विदेशमा रहेका आफन्तलाई यस्ता उपकरणले नजिक्याएकामा उनी सन्तुष्ट छन् ।

पाँच वर्षको छँदा बनारस गएका उनले पहिलो फोन त्यहीं देखे । त्यसको स्मृति अझै उनको मानसपटलमा ताजै छ । "एक कलको चार पैसा लाग्थ्यो । बत्ती जाँदा विद्युत् प्राधिकरणमा कल गर्न मात्र फोन प्रयोगमा आउँथ्यो," उनी सुनाउँछन् । टेप रेकर्डर, ट्रान्जिस्टर, हस्तलिखित चिट्ठी, दम दिएर चल्ने ग्रामोफोनको युगदेखि लिएर अहिले सबै सुविधा मोबाइलमै उपलब्ध हुने युगका साक्षी हुन् उनी । भन्छन्, "सायद हाम्रो पुस्ता नै सबैभन्दा भाग्यमानी हो । उहिलेदेखि अहिलेसम्मका सबै प्रविधि देख्न-भोग्न पायौं हामीले ।"



'विनर-विनर चिकेन डिनर'

रिलिज भएको एक वर्ष नपुग्दै पब्जी (प्लेयर अन्नोन्स ब्याटल ग्राउन्ड्स) करोडौं मोबाइल प्रयोगकर्ताको प्रिय गेम बन्न सफल भइसकेको छ । यसको पहिलो संस्करण विन्डोजमा प्रकाशित भएको थियो । त्यसताका यसले खासै सफलता हात पार्न सकेको थिएन । एन्ड्रोइड र आइओएस भर्सनमा प्रवेश गर्नेबित्तिकै यसको ख्याति निकै चुलिएको देख्न सकिन्छ । हालै यो एक्स बक्स-१ का लागि पनि प्रकाशित भएको छ ।

रणभूमि (ब्याटलग्राउन्ड) मा सबैलाई परास्त पार्दै अन्तिमसम्म टिक्न सक्ने प्रतियोगीलाई विजेता घोषणा गर्ने फर्म्याटमा यो गेम निर्माण गरिएको हो । यसका निर्माणकर्ताले सैन्य अनुकरण गर्ने गेम अर्मा-२ को अवधारणालाई केही परिमार्जन गरी यो गेम तयार पारेका हुन् । सुटिङमा आधारित ओभरवाच र काउन्टर स्ट्राइकजस्ता गेमलाई पछि पार्दै पब्जी अहिले सबैभन्दा धेरै राजस्व संकलन गर्ने गेम बनिसकेको छ ।

खारिएको ब्लुस्ट्याक्स

एन्ड्रोइड एप्लिकेसन्स विन्डोज तथा आईओएस कम्प्युटरमा चलाउन सकियोस् भनी निर्माण गरिएको *ब्लुस्ट्याक्सले* पर्फमेन्स सुधार्दै लैजाने क्रममा पहिलेभन्दा धेरै गतिमा चल्ने नयाँ भर्सन ल्याएको छ । यसलाई *ब्लुस्ट्याक्स-४* नाम दिइएको छ । *ब्लुस्ट्याक्स* प्रयोग गर्ने अर्बौं प्रयोगकर्ता यसबाट लाभान्वित हुने निश्चित छ ।

ब्लुस्ट्याक्स प्रयोग गरी एन्ड्रोइडका गेम सामान्य कम्प्युटरमा खेल्दा कम्प्युटरले आफ्नो गति गुमाउने गर्थे । बीचबीचमा गेम अड्किन्थे । अझ, मल्टिटास्किङ त सम्भव नै थिएन । *ब्लुस्ट्याक्स-४* ले ती सब समस्याको निराकरण गरी प्रयोगकर्तालाई तीव्र गतिमा चल्ने कम्प्युटरको अनुभव गराउनेछ ।

फेसबुकबाट पुरस्कार

कुनै समय थियो, *फेसबुकमा* बगयुक्त थर्ड पार्टी एप्लिकेसनले तहल्का मच्चाएका थिए । त्यस्ता एप्लिकेसन प्रयोग गर्दा प्रयोगकर्ताका विवरण तिनमा रेकर्ड भई अकाउन्ट नै गुमाउन पर्नेसम्मका समस्याबाट धेरै दिक्क थिए । बिस्तारै *फेसबुक* त्यस्ता शंकास्पद थर्ड पार्टी एप्लिकेसन हटाउने क्रममा छ । बाँकी रहेका केही महत्त्वपूर्ण एप्लिकेसनमा पनि बग हुन सक्ने आशंका भएको हुँदा त्यस्ता बग पत्ता लगाई *फेसबुकमा* रिपोर्ट गर्नेलाई पुरस्कारको व्यवस्था गरेको छ ।

क्याम्ब्रिज एनालिटीका प्रकरणले पनि *फेसबुकमाथिको* विश्वासप्रति प्रश्नचिह्न खडा गरेको थियो । आफ्नो छवि सुधार्न *फेसबुकले* यस्ता पुरस्कार योजना बेलाबेला लिएर आउने गरेको छ ।

व्यक्तित्व बताइदिने एआई

आँखाका चाल र अनुहारका भाव अध्ययन गरी जोकोहीको व्यक्तित्व कस्तो छ भनी पत्ता लगाइदिने एआई प्रविधि जर्मन वैज्ञानिकले निर्माण गरेका छन् । अटिजम भएका मानिसलाई लक्षित गरी यो प्रविधि बनाइएको हो ।

यो प्रविधि प्रयोगमा ल्याउनुपूर्व यसलाई विभिन्न व्यक्तिका मुखाकृति र भाव अध्ययन गराइएको थियो । यसअघि पनि इमोसन रिकग्निसन प्रविधि निर्माण नभएका होइनन् । तर, व्यक्तित्व नै बताइदिने भने यो पहिलो प्रविधि हो । जर्मनीका मनोवैज्ञानिक तथा *एआई* विशेषज्ञको सहकार्यमा यो महत्त्वाकांक्षी परियोजना सफल भएको हो ।

■ **संयोजन : विभु** ***(एजेन्सीको सहयोगमा)***

सुनको बिहान

■ शब्द/तस्बिर : आरके अदीप्त गिरी

प्रकृतिको मादकतामा सबै मुग्ध हुन्छन् । ऋतुचक्रको आफ्नै अर्थ र सौन्दर्य छ । जब हामी प्रकृतिको समीप पुग्छौँ, अनुभूतिको उच्चतम शिखरमा पुगेको आभास हुन्छ । खुल्दुली र आनन्दले मन विभोर हुन्छ ।

मनसुन सकिनै लाग्दा हालैको एक बिहान पर्वत जिल्लाको क्याङबाट देखिएको सूर्योदयको दृश्य, जहाँ प्रकृतिको सम्यक कला माछापुच्छ्रे हिमशृंखलाको मझधारबाट धरतीको आङमा पोखिएको छ ।



www.nepal.ekantipur.com

गफै त हो

अघिल्लो वर्ष जन्मदिन मनाउँदा नायिका नीता ढुंगानाले फिल्म निर्माण गर्ने घोषणा गरेकी थिइन् । पटकथा र निर्देशक खोजिरहेको उनको भनाइ थियो । उनलाई अहिले फिल्म पाउनै हम्मेहम्मे छ । त्यसैले आफ्नो करिअर टिकाइराख्न पनि फिल्म बनाउनु बाध्यताजस्तै थियो । अन्य कतिपय हिरोइनको हकमा यस्तै भएको छ । वर्ष दिन बित्यो, २९ भदौमा फेरि जन्मदिन मनाइन् । तर, नीताले बनाउने भनेको फिल्मको अत्तोपत्तो छैन । निर्देशक, कलाकार त परको कुरा, नामसमेत सार्वजनिक गर्न सकेकी छैनन् । तैपनि, फिल्म बनाउने गफ जारी छ । नहुनु पनि कसरी ! यही फन्डा मिडियामा छाउन फलिफाप भएपछि । खासमा चित्तबुझ्दो स्क्रिप्ट र निर्देशक नभेटेकाले नबनाएको रे ! त्यसो हो भने बिनागृहकार्य घोषणा गर्न हतारिनुको कारणचाहिं ? उही फोकटमा चर्चा कमाउने मोह त हैन ? सवाल स्वाभाविक छ ।

अभिनयकै जोडबलमा

एजेन्सी

डेब्यु फिल्म हुँदा *मसान*मा विक्की कौशललाई कसैले ध्यान दिएनन् । एकातिर यो फिल्म सानो बजेटको थियो, अर्कातिर कथित स्टार कोही थिएनन् । अनि, बलिउड उनी र *मसान*प्रति किन उदार हुन्थ्यो र ? तर, जब यस फिल्मले विदेशी फिल्म फेस्टिवलमा वाहवाही कमायो, विदेशबाटै नाफा कमायो । बल्ल *मसान*लाई महत्त्व दिइयो, जसको प्रत्यक्ष लाभ मिल्यो, विक्कीलाई, जो लास जलाएर जीविका चलाइरहेको ठिटोका अवतारमा देखापरेका थिए । उनको चरित्रमा परम्परागत 'हिरोइज्म' को छनकसम्म थिएन । तर, जीवन्त अभिनयसामु कसको के लाग्छ ! विक्की सबैको नजरमा परे । *मसान*अगाडि उनले *बम्बे भेल्भेट*मा छोटो भूमिकामा काम गरेका थिए ।

बलिउडले खोज्ने हिरोको परिभाषाभित्र खास फिट हुँदैनन्, विक्की । तैपनि, उनलाई फिल्मको ओइरो नै छ । *मनमर्जिया* उनको पछिल्लो फिल्म हो । अनुराग कश्यप निर्देशित यस फिल्ममा उनी डिजे बनेका छन् । अनुत्तरदायी र लफंगा लाग्ने यस चरित्रलाई विक्कीले जीवन दिएका छन् । भलै, उनले हरेक खास भूमिकामा उत्तिकै मिहिनेत गर्छन्, प्राण भर्छन् । लजालु स्वभावका विक्की भन्छन्, "मेरा लागि हरेक चरित्र विशेष हुन्छन् । त्यसैले अभिनय गरिरहँदा म बिर्सिएर पात्रमै रूपान्तरित हुन खोज्छु ।" यही कारण हुनुपर्छ, उनका हरेक भूमिकालाई दर्शकले आत्मसात् गर्न सक्छन् ।

*मसान*पछि म्युजिकल ड्रामा *जुबान*मा काम गरे । तर, उनको लोकप्रियता फराकिलो बनाउन कोशेढुंगा सावित भयो, *रमन राघव २.०* ले । सन्काहा पुलिस अधिकृतका रूपमा उनको अभिनयले काफी प्रशंसा बटुल्यो । यो चरित्र अघिल्ला फिल्मको तुलनामा बिल्कुलै अलग थियो । यही बेला उनी नेटफ्लिक्सको नजरमा परे, *लभ पर स्क्वायर फिट*मा अभिनय गर्ने मौका पाए । आफ्नै घर बनाउन संघर्षरत भारतीय युवाका रूपमा उनले धेरैको मन जिते । *राजी*मा पाकिस्तानी आर्मी अफिसर बने । यसमा आलिया भट्टसँग जोडी बाँधेका थिए । सुपरहिट फिल्म *सञ्जु*मा रणवीर कपुरपछि कसैको चर्चा भयो भने निःसन्देह विक्कीकै हो । सञ्जय दत्तको साथीका रूपमा उनले आफ्नो अब्बल अभिनय पस्किए ।

बलिउडमा केही अघिसम्म कथित सुकिलामुकिला हिरो र मसलेदार फिल्मको मात्र बोलवाला थियो । तर, अभिनय कौशल भएका जस्तासुकै कलाकार र अहिले कन्टेन्टलाई महत्त्व दिइएका फिल्मले पनि गहकिलो 'स्पेस' पाउन थालेका छन् । विक्की र उनले खेल्ने फिल्म यही परिवर्तनको संकेत हो । त्यसैले उनी भन्ने गर्छन्, "हामीले भनेर भन्दा गरेर दर्शकको फिल्मप्रतिको सोचमा बदलाव ल्याउनुपर्छ । यसका लागि जीवनसँग जोडिएका कथा र पात्रलाई समात्नुपर्छ ।"

लगातार ठक्कर

परामिता राज्यलक्ष्मी राणाले पहिलो फिल्म नै घच्चीको पाएकी थिइन्, *चपली हाइट २* । हिट फिल्मको सिक्वेलमा काम गर्न पाउनु चानचुने हो र ! त्यसैले यसमा अनुबन्ध भएबाटै परामिता मिडियामा छाइरहिन् । तर, रिलिजपछि यो चर्चाले निरन्तरता पाउन सकेन । न फिल्म हिट भयो, न त सकारात्मक प्रतिक्रिया नै पायो । कतिसम्म भने परामिताकै अभिनयले पनि जस पाएन । यसरी पहिलो पाइलामा ठक्करको सामना गरेकी परामिता दुई वर्षपछि *रोज*मा देखापरिन्, त्यो पनि शीर्ष चरित्रमै । तर, यसपटक पनि हालत उस्तै रह्यो । कमजोर कथावस्तु र प्रस्तुतिका कारण *रोज* आलोचनाको सिकार भयो । परामिता स्वयंले पनि स्यावासी पाइनन् । बरू यही फिल्ममा काम गरेकी मिरूना मगरले धेरैको ध्यान तानिन् । तैपनि, परामिताले निराश भइहाल्नुपर्ने अवस्था छैन । *चंगाचेट* रिलिज हुनै बाँकी जो छ ।

महेश प्रधान

सारालाई सकस

सारा शिर्पाली अभिनीत दुई फिल्म रिलिज भए, *रूद्र* र *पिंजडा ब्याक अगेन* । दुवै फिल्ममा उनको अपोजिटमा थिए, निखिल उप्रेती । सोही कारण आफ्नो करिअरले गति लिनेमा ढुक्क थिइन् सारा । तर, सबै आशा कहाँ पूरा हुन्छन् र ! आफ्नै करिअर जोगाउन नसकिरहेका निखिलले सारालाई टेको दिन सकेनन् । दुवै फिल्म फ्लप भइदिए । त्यसपछि उनलाई फिल्मको खडेरी लाग्नु स्वाभाविक भइहाल्यो । भयो पनि त्यस्तै । बल्लतल्ल *सुश्री सम्पत्तिमा* सुव्रत आचार्यले मौका दिए । तर, यही फिल्मको रिलिज मिति सरेर हैरान ! सुरूमा २२ भदौमा प्रदर्शन हुने प्रचार गरिएको थियो । तर, अन्तिम समयमा एकैपटक २८ मंसिरमा पुगेको छ । अरू फिल्म हातमा छैनन्, यही फिल्म ढुकिरहनु परेको छ । परेन त, सारालाई सकस !

बासी शैली

निर्माताको लगानी अनुरूप निर्देशकका रूपमा रेनशा राईले प्रतिफल दिन नसकेको तीतो-सत्य हो ।

गोकर्ण गौतम

कुनै जमानाका सुपरहिट निर्देशक तुलसी घिमिरे भन्छन्, "फिल्मको प्रविधि र लगानीमा प्रगति भयो । तर, सोच जहाँको तहीं छ ।" नयाँ फिल्मकर्मीप्रतिको यो कटाक्ष/व्यंग्य कतिपयलाई घिमिरेको कुण्ठाजस्तो लाग्न सक्छ । तर, गहिरिएर नियाल्ने हो भने घिमिरे-कथनमा सत्यकै पल्ला भारी छ । किनभने, फिल्मको लगानी बढेको छ । तर, कथा र कलात्मक पक्षमा उल्लेखनीय उपलब्धि छैन । पछिल्लो उदाहरण हो, *इन्टु मिन्टु लन्डनमा* ।

भव्य सेट छ, आकर्षक लोकेसन छ, सुन्दर हिरो-हिरोइन छन्, महँगा पहिरन छन्, सुमधुर गीत छ । अर्थात्, यसको गाता चम्किलो छ । तर, गाथा अर्थात् कथा र कथनपद्धतिचाहिं फितलो । फलतः पर्दामा अभिव्यक्त संवेदना दर्शकसम्म प्रवाह हुन्न । कोरियोग्राफरका रूपमा एक दशक अनुभव संगालेपछि रेनशा वान्तवा राईले फिल्म निर्देशनको 'कमाण्ड' सम्हालिन् । तैपनि, अपेक्षाकृत निर्देशन कौशल देखाउन चुकिन् । उही आवरणमै अल्झिन् उनी पनि ।

नेपालबाट लन्डन गएकी छन्, मीरा (साम्राज्ञीराज्यलक्ष्मी शाह) । त्यहाँ उनको भेट इशान (धीरज मगर) सँग हुन्छ । बिस्तारै नजिक हुन्छन्, माया बस्छ । तर, यो सम्बन्ध मिराका बाबुलाई पटक्कै पाच्य हुन्न । बाबुले मीराको विवाह सैनिक अधिकृत आकाश (सारूक ताम्राकार) सँग तय गरिदिन्छन् र छोरीलाई लिएर नेपाल आउँछन् । इशान र मीराको मायाको डोरो यहीं चुडिएला त ? सन् ९० को दशकका हिन्दी फिल्मका दर्शकले यसको कथानक विकास सहजै अन्दाज लगाउन सक्छन् ।

माया बस्नु, केही अवरोध आइलागेर छुट्टिनु अनि फेरि माया गाँसिनु वा विछोड हुनु, संसारभर बन्ने प्रेमकथानक फिल्म यही सेरोफेरोमा हुन्छन् । मायालाई मन छुने ढंगले स्थापित गरिएको छ भने मात्र विछोड हुंदा दर्शकको मन भतभती पोल्छ । *इन्टु मिन्टु लन्डनमा*को आधारभूत समस्या भनेकै इशान र मीराको माया परिपक्वसँग पस्कन नसक्नु हो । उनीहरूलाई बारम्बार भेटेको देखाइन्छ । तर, उतिविघ्न मायाको आभास हुन्न । प्रेम पस्कने शैली पनि नौलो छैन । त्यसमाथि मध्यान्तरअगाडि उस्तै लाग्ने दृश्य बारम्बार दोहोरिन्छन् । पटकथा छरितो नहुनुको परिणाम हो यो । जबकि, पटकथासमेत रेनशाले अभिमन्यु दीक्षितसँग मिलेर लेखेकी हुन् । कतिसम्म भने कतिपय घटनाहरू 'फ्ल्यासब्याक' हो कि वर्तमान, छुट्याउन मुस्किल पर्छ । एवंरीतले लटरपटर गर्दागर्दै मध्यान्तर हुन्छ । तर, यहींसम्म पनि लन्डनका मोहक दृश्य र साम्राज्ञी-धीरजको 'केमेस्ट्री' ले राहत दिन्छ ।

आकाशको प्रवेशसँगै केही समय कथाले गति लिन्छ । उनको चरित्र चित्रणले ध्यान खिच्छ । उनी र इशानको द्वन्द्व खिच्दा निर्देशकले ढंग पुर्‍याएको आभास हुन्छ । बरू मीराकै चरित्र कमजोर लाग्छ । आधुनिक युवतीको मनोविज्ञान र आकांक्षा समेट्न सकिएको छैन । उनी के गर्छिन्, के पढेकी हुन् भन्नेसम्म भेउ पाइन्न । राजदूत बाबुको छोरीको खुसीमाथिको एकोहोरो हस्तक्षेप पनि उति विश्वसनीय लाग्दैन । बरू लन्डनका नेपालीको जीवनशैली, व्यवहार र लवज स्वाभाविक लाग्छ । अधिकांश संवाद साहित्यिक छन् । सुन्दा गहकिला तर पात्रसँग असुहाउँदो । यस्ता पक्षलाई नजरअन्दाज पनि गर्न सकिन्थ्यो, यदि कथा र समाख्यान सशक्त हुंदो हो त ! तर, त्यस्तो अवसर पाइन्न । कारण उही, निर्देशकको जोड 'हार्डवेयर' मा छ, 'सफ्टवेयर' मा होइन ।

विवाह, इन्गेजमेन्ट वा कुनै जमघट झाराटराइ शैलीमा देखाइएको छैन । सबै गीत

फिल्म: *इन्टु मिन्टु लन्डनमा*
रेटिङ: २/५
★★☆☆☆

एकसेएक राम्रा छन् । कोरियोग्राफीले आँखा शीतल बनाउँछ । शैलेन्द्रध्वज कार्कीको खिचाइ फिल्मको अर्को प्रशंसनीय पक्ष हो । तर, डबिङ धेरै ठाउँमा खट्किन्छ । पार्श्व संगीत दृश्यको भाव अनुकूल छ । *इन्टु मिन्टु लन्डनमा*को को उज्यालो अनुहार हुन्, धीरज मगर । चकलेटी हिरोहरूका तुलनामा उनको काम अब्बल छ । अभिनयमा अझ निखार ल्याउन जरूरी त छँदैछ ।

साम्राज्ञीको हकमा चाहिं शून्य प्रगति । अनुहारको भावभंगीमा र संवाद बोल्ने शैली बनावटी छ । यही स्तरको अभिनय र फिल्म छनोटले उनको भविष्यको सुनिश्चितता दिलाउँदैन । यसअघि मुख्य भूमिकामा देखिएर पनि जम्न नसकेका सारूकका लागि यो फिल्म प्रीतिकर हुन सक्छ । विवेक लिम्बूले थोरबहुत हसाउँछन् । निर्माताको लगानी अनुरूप निर्देशकका रूपमा रेनशाले प्रतिफल दिन नसकेको तीतो-सत्य हो । आशा छ, आगामी दिनमा गाताजस्तै गुदीमा पनि ध्यान दिनेछिन् ।

कथा र प्रस्तुतिमा अन्य नेपाली प्रेमकथानक फिल्मभन्दा माथि उठ्न सकेको छैन, *इन्टु मिन्टु लन्डनमा* । तर, तल पनि छैन । हेर्ने, नहेर्ने आफ्नै मर्जी । धीरज मगरका प्रशंसकले चाहिं नछुटाउँदा हुन्छ । ■

‘होचो हुँदाका फाइदा पनि’

राष्ट्रिय टिमका मिडफिल्डर निराजन खड्का, २९ काठमाडौँमा जन्मिए । धनुषामा हुर्किए, फुटबल उफार्दै । धनुषाबाटै अन्डर १२ टोलीमा छानिए । ५ वर्ष राष्ट्रिय टिमबाट बाहिरै परे । अहिले पुनः मैदान छिरेका खड्काले आफ्नो पहिलो खेलमै साफ च्याम्पियनसिप प्रतियोगितामा भुटानविरूद्ध १ गोल गरे भने पाकिस्तानविरूद्ध गोल गर्न सघाए । खड्कासँगको कुराकानी :

कम ब्याक गरेको पहिलो खेलमा गोल गर्नुभयो, अपेक्षा थियो ?

आफूलाई सक्षम प्रमाणित गर्छु भन्ने सोचेको पक्कै थियो । यस्तै नतिजाको अपेक्षा थियो ।

बीचमा कसरी राष्ट्रिय टिमबाट बाहिर रहनुभयो ?

यसका थुप्रै कारण छन् । कसैकसैलाई मेरा जायज कुरा चित्त बुझेका थिएनन् । समय आएपछि जम्मै कुरा खुलस्त पार्छु ।

तर, यसले आफूलाई फाइदै भएको महसुस हुन्न ?

हो, राष्ट्रिय टोलीमा नअटाएपछि मैले आफ्नो ट्रेनिङ बढाएँ । दोब्बर-तेब्बर मिहिनेत गरेँ । परिणाम सबैसामु छ । यही बेला मूल्यवान पुरस्कार, उत्कृष्ट मिडफिल्डरको उपाधि पाएँ । थ्री स्टारका लागि ५ वटा ट्रफी जितेँ । यस घटनाले मेरो विश्वास उचाल्यो ।



२९ वर्ष पुग्नुभयो, कुन उमेरसम्म खेल्ने सोच छ ?

आफूलाई व्यवस्थित गर्ने हो भने अझै ५ वर्ष खेल्न सक्छु । म त आफ्नो खेललाई अहिले झन् धारिलो बनाउँदैछु ।

उमेरसँगै खेल शिल्पलाई कसरी धारिलो बनाउन सकिने रहेछ ?

निजी र व्यावसायिक जीवनलाई अनुशासनमा राख्न सक्नुपर्छ । खानपानमा ध्यान दिने र शारीरिक तन्दुरूस्ती कायम राख्ने हो भने सकिन्छ ।

त्यसरी व्यवस्थापन गर्न सम्भव छ ?

आर्थिक रूपमा चाहिं गाह्रो छ । किनभने, हाम्रा खेलाडीको सेवा-सुविधा पुग्दो मात्रामा छैन । केही कुरामा त्याग गर्न सकियो भने असम्भव पनि होइन ।

नेपालको फुटबल नउक्सिनुको कारण खेलाडीको होचो बनाबट नै हो ?

एउटा कारण हो । तर, मुख्य होइन । नेतृत्व गर्ने संस्थासँग फुटबललाई अगाडि बढाउने ‘भिजन’ हुनुपर्‍यो । होचोपनका पनि फाइदा छन् ।

कस्ता फाइदा ?

विश्वका महान फुटबलर लियोनल मेसी होचै छन् । होचो कदकाले छिटोछरितो टर्न, मुभ बनाउन सक्छन् । शारीरिक बनावट बदल्न मिल्दैन । बरू यसलाई सकारात्मक रूपमा लिएर आफूलाई तिखार्न सकिन्छ । यसका विधि सिक्नु, सिकाउनुपर्‍यो ।

समान शारीरिक बनावट भएको भारतले कसरी स्तर उकास्यो ?

इन्टरनेसनल एक्सपोजर, लगानी र घरेलु लिग फुटबल बलियो भएकाले । हाम्रोमा लिग नै भरपर्दो छैन । मेरो १५ वर्षे करिअरमा फुटबल संघको आन्तरिक विवादका कारण ७ वर्ष लिग नखेली खेर गयो । म त प्यासनले मात्र अल्झेको हुं ।

नेपाली फुटबल स्तर नउकासिँदा मनमा कस्ता कुरा खेल्छन् ?

दुःख लाग्छ । हामी भारतीय फुटबलर निर्मल क्षत्री, सञ्जु प्रधान, विकास जैरू, रवीन गुरूङसँगै खेल्न थालेका हौं । सम्झिन्छु, उनीहरू कहाँ पुगिसके, हामी जहाँको तहीं । भारतमा सिंगो मुलुक फुटबलको पछाडि लागेको छ । हाम्रोमा कसैलाई वास्ता छैन । वास्ता गर्नेहरूका आफ्नै स्वार्थ छन् ।

■ **मनबहादुर बस्नेत**



मनबहादुर बस्नेत

बर्दीमा साहू

सैनिक संगठनभित्रको पछिल्लो चर्चित शब्द हो, 'साहू । मानिसले जीवनमा शत्रु-मित्र दुवै कमाएको हुन्छ । पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीलाई 'साहू' भन्दा उनका बैरीले लगाएको आक्षेप भन्ने लाग्थ्यो, सुरुमा । तर, निवास सामाखुसीदेखि जंगी अड्डा र रक्षा मन्त्रालयसम्म क्षत्रीको यो उपनामले ख्याति कमाएको रहेछ । त्यसैले पसियो, प्रधानसेनापति भएपछि जोडेको जग्गाजमिन खोज्न । अर्बौं रूपैयाँको जायजेथा जोडिएको भेटियो । केही स्थानको फोटो खिच्नु थियो । सम्पर्क-सूत्र समात्दै मेसो मिलाइयो । सामाखुसीमा उनले ठड्याएको भव्य भवनको फोटो आफ्नो घरबाट खिच्न दिन केही व्यक्ति राजी भए । तर, कबोल गरेको समय आएपछि अत्तालिए । "सम्पत्तिका कारण चिफसाब एकदमै तनावमा हुनुहुन्छ," तीमध्ये एकले भने, 'सरी ।'

तिखिदेवलमा रहेको उनको घरको फोटो लिनु थियो । घरछेउकै किराना पसलमा ग्राहक बनेर गइयो । कुराकानी गरियो । तर, क्षत्रीको घरमा सुरक्षार्थ खटिएका सैनिकका आँखा पसलमा बसिरहेको मतिरै सोझिएका थिए । केही बेरमा दुई चार जना मेरै वरिपरि घुम्न थाले । पसल्नी दिदीले सुटुक्क भनिन्, "नौलो मान्छेलाई यस्तै हो ।" सैनिक साहूका अगाडि केही लाग्दैन । जुँगा चल्यो, कुरा बुझ्यो भनेर हिंडियो । तर, मनमा खट्किरहने प्रश्न, सेनाजस्तो संवेदनशील निकायमा साहू जन्मिनु मुलुकका लागि फाइदै फाइदा हो ?

बर्दी दम्भ

कुराकानीकै क्रममा पूर्वप्रहरी महानिरीक्षक (आईजीपी) अच्युतकृष्ण खरेल एकाएक रोकिए । आँखीभौं खुम्चाएर एकटकले गेटतिर हेरिरहे । "डीआईजीले झपारेजस्तो छ," उनले खुसुक्क भने । जय नेपाल भन्दै दुवै जना खरेलको अगाडि आएर तनक्क तन्किए । पूर्वआईजीपी भएकाले भेट्न आएका रहेछन् भन्ने अनुमान लगाएं । तर, चुरो अर्कै रहेछ । खरेलले ऱ्याखऱ्याख्ती बनाउन थालिहाले ।

द्वन्द्वकालमा नेपाली सेनासँग टक्कर लिएका । वामदेव गौतम गृहमन्त्री छँदा ध्रुवबहादुर प्रधानले प्रतिस्थापन गरेका । फेरि अदालती आदेशबाट ध्रुवबहादुरलाई पन्छाएर महानिरीक्षक बनेका । इतिहासका चर्चित यी पूर्वआईजीपी आजकाल निवास धुम्बाराहीदेखि बिहान नित्य पशुपति दर्शनमा हाजिर हुने रहेछन्, गेरू वस्त्रमा । यही दर्शन यात्रामा भदौ पहिलो साता चाबहिलमा सानोतिनो काण्ड घटेछ । पैदल यात्रीको बाटोमा प्रहरीको भ्यान तेर्साइएको रहेछ । खरेलले चालकलाई गुनासो गरेछन् । "उताबाट बाटो छ," चालकले ओठे जवाफ फर्काएछन् । तत्कालै फिल्ड कमान्डरलाई भनेछन्, "पब्लिक हिंड्ने ठाउँमा प्रहरीको भ्यानले छेक्ने ?" कमान्डरले पनि चालककै जस्तो जवाफ दोहोऱ्याएछन् । तत्कालै भीड जम्मा भइहाल्यो । खरेलका अंगरक्षकले खुसुक्कै पूर्वआईजीपी भनेर सूचना चुहाएपछि प्रहरी लत्र्याकलुत्रुक बनेछ । खरेलले घर आएर महानगरीय प्रहरी आयुक्त कार्यालयका डीआईजीलाई विवरण सुनाउँदै सोधेछन्, "हिजोआज प्रहरीलाई यस्तै सिकाइन्छ ?"

यही घटनाको सफाइ दिन दुई प्रहरी हाजिर भएका थिए । "चोरीको सूचना आएको थियो । म यहाँ भर्खर आएकाले बाटो थाहा नभएकाले सोध्न गाडी रोकेको सर," एक जनाले भन्यो ।

"जुनसुकै बहाना भए पनि पब्लिकलाई अप्ठेरो हुने काम प्रहरीले गर्दैन । गल्ती स्वीकार्नुको सट्टा जस्टीफाइ गर्ने ?" खरेल राँकिएपछि दुवै जना गल्ती भयो भन्दै माफी माग्न थाले । आँसु झार्न मात्रै सकेनन् । "म न माफी लिने ठाउँमा छु, न त दिने । बर्दीको दम्भ देखाउनुहुंदैन भन्ने सम्झियौ भने भयो," खरेल पग्लिए, "ल अब के गर्नुपऱ्यो ?"

"एक पटकलाई गल्ती भयो," दुवैले एकै सासमा भने ।

खरेलले डीआईजीलाई फोन गरे । उठेन । 'अप्ठेरो हुंदैन' भनेर आश्वासन पाएपछि दुवै हिंडे । बर्दीको दम्भ र दुर्व्यवहारका कारण हिजोआज प्रहरीप्रति सर्वसाधारणको विश्वास धर्मराएको खरेलको निचोड रहेछ । यही बेला नेपाल प्रहरीप्रति कञ्चनपुर बलात्कार घटनाका कारण आक्रोश बढिरहेको थियो । पीडितको कुरा सुन्नै नचाहने प्रहरीको व्यवहारले कञ्चनपुर काण्ड काबुबाहिर पुग्यो । सोचें, आफ्नै पूर्वआईजीपीमैत्री बन्न नसकेको प्रहरीका लागि सर्वसाधारणको साथी बन्न थप मिहिनेत आवश्यक छ ।

शुभारम्भ...शिवम्सँग

शिवम्+ सिमेन्ट

गुणस्तर प्रति प्रतिबद्धताको निरन्तरता

अटुट COMPRESSIVE STRENGTH +



An ISO Certified Company

अटुट COMPRESSIVE STRENGTH

ISO 9001:2008 ISO 18001:2007 ISO 14001:2004 Certified Cement Company

सीमित बितरकहरूमा मात्र उपलब्ध !

SOLE DISTRIBUTOR FOR NEPAL: Hansraj Hulaschand & Co. Pvt. Ltd. Teku, Kathmandu., Ph. No: 4230001/4268088 Fax: 4220491 Url: bajajauto.com.np /hhbajaj

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Banepa 660295, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386 , Satungal 9813687774

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9801500751, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Nuwakot 561817, Dhading 521326, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303, Gaur 521599, Bharatpur 526510

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Parasi 9802629498, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387, Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123, Arghakhachi : 420964

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 082562423, Pyuthan 460755, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 410116, Lamki 540365, Darchula 9858751055